# मैले सुनेको थिएँ; अब म देख्दछु
# I HAVE HEARD, BUT NOW I SEE

**२७ नोभेम्बर १९६५**
**शिर्विपोट**
**यु.एस.ए.**

१ कृपया तपाईं बस्नुस्। आज राति फेरि पनि यहाँ हुनु अत्याधिक (साह्रै नै) आनन्दको कुरा हो। परमेश्वरलाई धन्यवाद होस् कि अब हामीसँग परमेश्वरलाई सेवा गर्नको लागि फेरि पनि अवसर मौका छ। र म महसुस गर्दछु कि गत राति तपाईंलाई यहाँ ढिलोसम्म रहेर बसेपछि आज राति फेरि पनि तपाईंलाई धेरैबेर रोकी राख्नु न्यायोचित हुनेछैन।

अहिले अर्थात् केही छिन अगाडि म मसीहमा आफ्नो एउटा सहयोग भाइसँग कुराकानी गरिरहेको थिएँ। उ यहाँ इन्डियाबाट आएको हो। उसलाई एउटा विचित्र सपनाले यहाँ आउनको लागि विवश गरिदिएको थियो। ऊ यो भन्दा अगाडि कहिले पनि आफ्नो जीवनमा शिर्विपोर्ट आएको थिएन। परन्तु कुनै अन्य रातिमा उसले एउटा सपना देखेको थियो। उसले सपनामा देखेको थियो कि उ शिर्विपोर्ट आएको छ। उ आफ्नो कारबाट होइन बरू अन्य कुनै साधनद्वारा यहाँ आएको हो। र ऊ यहाँ आयो ....... या त्यो चर्चको वरिपरि आयो जहाँ म वचन प्रचार गरिरहेको थिएँ। उसले बतायो, जब मैले वचन प्रचार गरिसकें र मानिसहरूको लागि प्रार्थना गरिसकेको थिएँ भनेको केही घटना घट्नेवाला थियो। उसले भन्यो कि ऊ अघिल्लो दिन यहाँ आयो र उसले भन्यो- उसलाई थाहा थियो कि यो

भवन कस्तो देखिन्छ, उसलाई यस भवनको बनोट सम्बन्धमा थाहा थियो। त्यहाँ सडकपारि जनसधारणको लागि एउटा स्रोता कक्ष थियो, परन्तु ऊ कहिले पनि त्यस स्रोता कक्षमा गएको थिएन। यो स्रोताकक्ष त्यस इमारतसँग टाँसिएको थियो जसको दलिन निस्किएका छन् र यो इमारत ठीक यस्तै प्रकारको थियो। यो केटो स्वप्नदर्शी छ। मैले उसको सपनालाई देखिसकेको छु र मलाई थाहा छ कि उसका सपना सच्चा हुन्।

३. र उसले बतायो गत राति जब म वचन प्रचार गरिरहेको थिएँ र विरामीहरूको लागि प्रार्थना गरिरहेको थिएँ तब केही घटित हुनेवाला थियो। तालिको आवाज जस्तो खालको गर्जनको शब्द भयो। उसले भन्यो तब (त्यसबेला) मानिस रून कराउन थालेका थिए। जब-जब गर्जनको शब्द मसिनो हुँदै गयो: त्यसभित्रबाट एउटा आवाज आयो र त्यो आवाजले शब्द बोल्न थाल्यो र त्यो आवाज बोल्दै गइरहेको थिई र परमेश्वरको महिमा ती झ्यालहरूबाट आइरहेको थियो। परमेश्वर आगोको ज्वालाको रूपमा त्यहाँ घुमिरहेको थियो। उसले यस आगोको ज्वालालाई पहिले कहिल्यै देखेको थिएन। उसले यस आगो ज्वालाको विपयमा हामीलाई भन्दै गरेको त सुनेको थियो, परन्तु उसले यसलाई पहिले कहिले पनि देखेको थिएन। उसले बतायो- त्यो आगाको ज्वाला त्यहाँ थियो। त्यो आगोको ज्वाला झ्याल हुँदैमाथि आयो र ठीक, त्यस्तै प्रकारको लाइटलाई बनायो, जस्तो कि तपाईं त्यस लाइट (प्रकाश) लाई त्यस तस्वीरमा देख्नुहुन्छ, जुन यहाँ यी स्रोतागणहरूको माथि पनि टाँगिएको छ। उसले भन्यो तब म उभिएँ र मैले बताएँ कि यो यहोवा परमेश्वर हो।

४. र उसले बतायो, जब ऊ यस आगोको ज्वालाको विषयमा सोचिरहेको थियो तब उसलाई याद गराइयो जब मोसाले बोलायो जब उसले इजरायलीहरूलाई मिश्रबाट निकाल्यो तब उसले भन्यो, मोसा तँ नै मसँग कुरा गर: परमेश्वर हामीसँग कुरा न गरून्, अन्यथा हामी मरी नै जानेछौं ।

५. उसले बतायो, हर एकले आफ्नो हातहरूमाथि उठाइरहेर सुतिरहेका थिए । एउटा रोइरहेको थियो र कराइरहेको थियो । उसले भन्यो उ स्वयं पनि रोइरहेको थियो र कराइरहेको थियो, प्रभु परमेश्वर म तपाईंसँग प्रेम गर्दछु । म तपाईंसँग प्रेम गर्दछु । त्यसैबेला उसकी पत्नीले उसलाई हल्लाई (झकझकाइ) र उसलाई बिउँझ्याई दिई ।

६. अब तपाईं त्यस भाइलाई यस आरधानालयको छेउको बाटोबाट जाँदै गरेको देख्न सक्नुहुनेछ । उ मैथोडिप्ट चर्चको पूर्व प्रचारक भाइ जैकसन हो र जबसम्म त्यो भाइ यहाँ आएन उ अत्याधिक बेचैन थियो । र उसले बतायो कि जब ऊ यहाँ हिँडेर आयो तब उ अत्याधिक विस्मित थियो किन कि यो भवन विल्कुल ठीक त्यस्तै नै थियो जस्तो उसलाई सपनामा देखाइएको थियो । मलाई थाहा छैन कि यसको के मतलब हो । परमेश्वरले म बाट यो लुकाएर राखेका छन् । जस्तो यो भाइ जैक्सनले सपनामा देखेको छ, अत: कुनै बेला पनि केही पनि हुनसक्छ । म उसलाई परमेश्वरका एउटा इमान्दार र साँच्चो सेवकको रूपमा चिन्दछु ।

७. मलाई थाहा छ कि ऊ सपनामा देख्दछ । उ ती सपनाहरूलाई लिएर म भएको ठाउँमा आउँदछ र

परमेश्वर मलाई ति सपनाको अर्थ बताउँछ र उसका सपना परमेश्वरद्वारा मलाई बताइएका अर्थहरूको जस्तै हुन्छन् । एक पटक जब म एरिजोना गइरहेको थिएँ, त्यसबेला पनि उसले मेरो लागि एउटा सपना देखेको थियो ।

८. यस सपनालाई देखेर उ धेरै नै बेचैन थियो । उ यहाँ आफ्नी पत्नीसँग थियो । उ आफ्नी पत्नीलाई लिएर यहाँ आएको थियो । उसकि पत्नी आमा बन्ने (गर्भवती) थिई र फर्किएर जानलाई उससँग एउटै नै बाटो थियो कि उ वायुयानबाट फर्किएर जावस । उससँग यहाँ आउनेका लागि पैसा पनि थिएन र कसैले उसलाई यहाँ आउनको लागि पैसा दिएको थियो । अत: परमेश्वर रहस्यमय रूपबाट कार्य गर्दछन् । अत: केही पनि घटित हुनसक्दछ । हामी यस्तै नै आशा गर्दछौं । हामी थाहा पाउँदैनौं कि परमेश्वर हामीलाई के प्रदान गर्ने छन् ।

९. हामी यी दिनहरूको लागि जसमा कि हामी रहिरहेका छौं । परमेश्वरमा अत्यधिक धन्यवादी त छौं । परमेश्वरमा अत्याधिक धन्यवादित छौं । हामी परमेश्वरमा अत्याधिक धन्यवादी छौ कि हामी प्रभु येशूको आगमनभन्दा ठीक पहिलेका दिनहरूमा रहिरहेका छौं जस्तो कि मैले पहिले पनि भनेको छु कि यो सम्पूर्ण इतिहासको माहनतम् समय हो । कुनै अन्य समयको अलावा म ठीक यसै समयमा रहन चाहन्छु । यस पृथ्वीमा ।

१०. आज रात्रि फेरि यहाँ आफ्नो अगाडि आफ्नो असल मित्र, भाइ डाउनलाई देख्दछु । यस विहान मैले स्रोता कक्षमा उनको विषयमा बताएको थिएँ । आज भाइ

डाउन तीरानब्बे वर्षका भइसकेका छन्। कति धन्य छन् उनी। उनले आफ्नो यसलामो जीवनलाई परमेश्वरको महिमा र स्तुतिमा समर्पित गरेका छन्। आज उनी तीरानब्बे वर्षीय छन्। मेरो भाइ तपाईंलाई, तिरानब्बे सालको शुभकामना होस्। र मलाई थाहा छ कि आज राति देशभरिमा जहाँसुकैपनि मानिसहरू यसलाई सुनिरहेका छन्। उनीहरू पनि भाइ बिल डाउनलाई शुभकामना दिइरहेका छन्। उन भाइ आरल रोबर्ट र अन्य कयौं मानिसहरूका निजी मित्र हुन्। यिनले सुसमाचारको प्रचारमा अनेकौं तरिकाहरूबाट मानिसहरूलाई मद्दत गरेका छन्। यिनी हाम्रा एउटा असल मित्र हुन्।

११. भाइ मानलाई यहाँ देखेर म अत्याधिक प्रसन्न छु। यिनी पनि मैथोडिष्ट प्रचारक हुन् जसलाई परमेश्वरले बचाएका छन्। उनी पवित्र आत्माबाट र येशू मसीहको नाममा वपतिस्मा लिएर यहाँ बसेका छन्। यिनी पनि हाम्रो एउटा सहयोगी भाइ हुन्, जो इण्डियाबाट यहाँ आएका हुन्। र म सोच्दछु कि यिनको ठीक हाराहारीमा भाइ हिल्करसन बसिराखेका छन्। यी हाम्रो एउटा डीकन हुन्, जो. जैफरसनबिले, इन्डियानाबाट यहाँ आएका छन्। जैफरसनविलेका मानिस आज राति यसलाई सुनिरहेका छन् र म सोच्दछु कि हाम्रो एउटा अर्को डिकन भाइ ह्लिर यहीं कतै छन् मैले उनलाई अहिलेसमम यहाँ देखेको छुइन्। कसैले त्यतैतिर आफ्नो औंलाले इशारा गरी रहेको छ र मैले केही छिनपछि उनलाई देख्ने छु। जी हो, उनी त्यहाँनिर बसिराखेका छन्।

भाइ बैकस वुड के तपाईं आज रात्री यसलाइं सुनिरहनु भएको छ ? हिजो राति तपाईंको भाइ यहाँ थियो । जब म बाहिर गइरहेको थिएँ तब मैले तपाईंको भाइ, भाइ लियले लाई यहाँ देखेको थिएँ। भाइ लिएले यहोवा विटनसका सदस्य थिए, र त्यो सम्पूर्ण समूह मसिहमा आइसकेका थिए। परमेश्वरको एउटा दर्शनद्वारा भाइ लियले मसिहमा आएका थिएं ।

१२. त्यस दिन लियले त्यहाँ एउटा नाचमा बसिराखेको थियो। यसको एक दिन पहिले उसलाई यो बताइएको थियो, जीवनको पुनरूत्थानको सन्दर्भमा केही घटित हुनेवाला छ। उ पनि यहोवा विटनसको एउटा साँच्चो सेवक थियो। परन्तु त्यस विहान उ त्यहाँ बसिराखेको थियो र माछा पक्रिराखेको थियो। र उसले पक्रिएको उसँग एउटा सारै ठूलो ठूलो ओल अर्थात् बल्छी (कन्टकि फैसनको बल्छी) थियो त्यसमा एउटा ठूलो काँटा (काँडो, अकुस) लागेको थियो र त्यसमा एउटा सानो माछो फसेको (अडकिएको) थियो र त्यस माछाको घाँटी र आन्द्रा भूडी इत्यादिलाई बाहिर निकाले र फालिदिएको थियो र त्यस माछालाई पानीमा हाली दिएको थियो। त्यो सानो जस्तो सनफिस थिई। र तब उसले भन्यो ठीक छ, सानो माछो, अब त आफ्नो आखिरी डुबुल्की लाग। त्यो सानो माछो पानीमा छटपटाउँदै मरी र पानीले त्यसलाई तलाउमा जलकुमुदनीसम्म लिएर गयो।

१३. एक दिन पहिले जब म बसिराखेको थिएँ तब पवित्र आत्माले मलाई बताए, त्यहाँ एउटा सानो जीवको पुनरूत्थान हुने छ। जब म घर फर्किएर आए तब मैले

सोचें हुनसक्दछ यो एउटा बिरालोको बच्चो होस् कि त्यसबेला ।

१४. जब हामी, म र भाइ वुड जोकि आज राति यहाँ बसेर यसलाई सुनिरहेका छौं । माछाहरूको लागि चारो खन्ने कोशिश गरिरहेका थियो तब मेरी सानी छोरी जुन कि एउटी युवा महिला हुन् यहाँ बसेकी छन् । जसको मगनी एउटा दुब्लो पातलो सिपाहीसँग भएको छ । हामी भए ठाउँमा आएर उसले भनी डैडी उसले र अर्को सानी केटीले भने, हामी कुनै पनि व्यक्ति जुनसुकै जनावरलाई पाल्न चाहन्छौ, उसले त्यसलाई पाल्न सक्दछ, परन्तु साँच्चै विरालोलाई मन पराउँदिन, त्यस्तै ऊ पनि र नत कोही ब्रान्हाम विरालो मन पराउँछन् । उसले भन्यो ओहो डैडी, हामीलाई त्यहाँ एउटी विचारी विराली भेट्टाइएकी छ । त्यसले केही खाइसकेकि छ कसैले उसलाई जहर (विष) दिएको छ र त्यसले त्यो सबै विष पिएकी छ । उसले भन्यो डैडी उ मर्न लागेकी छ । के हामीलाई एउटा सानो ठाउँ मिल्न सक्छ ताकि हामी यसलाई त्यसमा केही दिनको लागि राखी दिउँ ।

१५. मैले भने– मलाई त्यस विरालोलाई देखाउ । उ गई र त्यस बिरालीलाई लिएर आइ । मैले पहिले नै देखिसकेको थिएँ कि के घटित हुने वाला छ । अतः मैले उसलाई एउटा ठाउँ दिए र तपाईंलाई थाहा छ कि भोलिपल्ट विहान त्यहाँनिर सात या आठ साना साना विरालाका छाउरा थिए । अतः मेरो सानो छोरो जोयलले ती मध्ये एउटा विरालोको बच्चो उठायो र त्यसलाई सारै कसेर निचरयो र तल भूइमा पछारी दियो र तुरून्तै त्यही रहँदा रहँदै त्यस सानो विरालोको वच्चा गयो र उ मऱ्यो ।

१६. र मैले भाइ वुडको भाइ लियलेसँग भने तपाईंलाई थाहा छ, हुन सक्दछ कि यो सानो विरालोको बच्चा फेरि जीवित हऊन्, जस्तो कि हामीले परमेश्वरलाई यी कामहरूलाई गर्दै गरेको देखिसकेका छौं ।

१७. भाइ लिचले एउटा नयाँ नयाँ मसिही थियो पवित्र आत्माले त्यति बेलै मलाई भनिसकेको थियो कि उ विवाहित हो, र उसले के के गरेको थियो, र उसले के के खराब काम गरेको थियो र जेसुकै उसले गरेको थियो । त्यो पवित्र आत्माले मलाई भनिसकेको थियो । उसले विचार गऱ्यो, भाइ वैकसलाई ती सबै कामहरूको विषयमा बताइरहेका थिए । परन्तु जब पवित्र आत्माले उसलाई बाहिर बोलायो र उसलाई बतायो कि उसले गत रात्री के गरेको थियो भनेर यो कुरा उसकोलागि सारै कठिन थियो । उसले यो बुझ्न सकेको थिएन ।

१८. यसपछि अघिल्लो विहान हामी सारा रातभरी माछा पक्डँदै रह्यौं । हामी एउटा सानो माछाबाट माछाहरूको लागि चारो पक्डदै रहेका थियौं । परन्तु उसले त्यस सानो माछालाई पानीमा फ्याकी दियो र उ पानीमा धरधराउन थाली र शिथिगल हुँदै गई लगभग आधा घन्टा पछाडिसम्म हामी त्यहीँ बसेका थियौं । म थिएँ मैले भने तपाईले त्यस काडोलाई माछाको पेटमा पूरा किसिमले निल्न दिनु भएको छ । बुझ्नु भयो ? मैले भनेको तिमी बल्छीको डोरीलाई यहाँ ल्याएर खसाउ र तलमाथि हल्लाउन ताकि माछाको चारो यसप्रकार निस्क्रिय अवस्थामा र जब कि उनीहरूले त्यस माछालाई छोयो मैले उनीसँग भने त्यस माछालाई समाइ राख र यहाँ लिएर आऊ तिमी त्यसलाई यस

प्रकारले न तान, यसलाई हातहरूबाट चिप्लन नदेउ, तपाई यस माछालाई बलियो गरी पक्रिराख्नोस् ।

१९. उसले भन्यो ठीक छ। उनीहरूले त्यहाँ बल्छीको धेरै लामो डोरीमा झुन्ड्याएका थिए। उसले भन्यो, हामी यो माछा समाउन यस्तै प्रकारले गर्दछौं ।

२०. र लगभग त्यसैबेला, मैले त्यहाँ पहाडको टुप्पोबाट केही आउँदै गरेको देखें र एउटा चक्रपात (भूमरी) गोलो गोल भर घुमिरहेको थियो। त्यो यस्तै प्रकारबाट आएको थियो र परमेश्वरको आत्मामा त्यस नावमाथि परेको थियो। र उसले भन्यो आफ्नो खुट्टामा उभियौं र त्यस मृत माछासँग भन, म तिम्रो जीवन तिमीलाई फिर्ता गर्दछु।

२१. र त्यो सानो माछो आफ्नो आन्द्रा भुँडी र घाँटीहरूलाई आफ्नो मुखमा राखेर आधा घन्टादेखि त्यही लडिरहेकी थिई। मैले, प्यारो माछो, येशू मसीहः तिमीलाई तिम्रो जीवन फिर्ता गर्नुहुन्छ। तिमी येशू मसीहको नाममा बाँचिरहनु। तब त्यस माछोले पल्टी खाइ (उफ्री) र त्यो पानीमा पसी र जति छिटो ऊ पौडन सक्दथिई त्यतिकै छिटो पौडन थालि ।

२२. भाइ लिएले के तपाई यतै केही हुनुहुन्छ ? मैले तपाईंलाई गत राति यहाँ देखेको थिएँ। चाहे तपाइं बाहिर भित्र जहाँ पनि हुनुहुन्छ, तपाईं आफ्नो हातमाथि उठाउनुस् ताकि म तपाईंलाई देख्न सकूँ। मण्डलीभित्रबाट कसैले भन्दछ, उनी वालेकानीमा छन सम्पा बालकोनीमा ओहो हजुर हो, उनी माथि

बालकोनीमा झ्यालहरूको पछाडी छन् । यिनी यहोवा विटनेसका सदस्य छन् ।

२३. उनी अत्याधिक उत्साहित थिए। उनले भने भाइ ब्रान्हाम यहाँ हुनु कति आनन्दको कुरा छ के यस्तै छैन ? उनीले भने हो-हो, के तपाई सोच्नुहुन्छ कि यसको मेरो लागि कुनै अर्थ छ कि म त्यस सानो माछालाई पकडूँ। मैले उनीसँग भनेको थिए। तँइले आफ्नो आखिरी (अन्तिमं) काँडो फ्याकी सकेको छस् ? उसले भन्यो, के यसको मेरो लागि कुनै अर्थ छ ?

२४. मैले भनेको थिएँ। होइन होइन यो त खाली एउटा पुष्टि हो । उनी भएको विपयमा अलिकता वेचैन थिएँ ।

२५. हामी यात्रा गर्दछौं र तपाई यी कुराहरूलाई घटित हुँदै गरेको देख्नुहुन्छ थाहा छ अब तपाई केवल यो सोच्नुस् कि यो के प्रदर्शित गर्नको लागि थियो ? मेरो प्रार्थना सूचीमा मिरगी (छारेरोग) बाट पीडित कैयौ केटाहरू छन् जसको लागि म प्रार्थना गरिरहेको छु, परन्तु जब मैले देर्शन देखे तब (भने) यो एउटा सानो ओल माछाको लागि थियो जुन कि लगभग दुई या तिन इन्च लामो थिई। त्यस माछामा गाडीएको काँट यति लामो देखिइन्थ्यो जति माछा स्वयं लामो थियो। परन्तु यो के थियो, यहाँनिर परमेश्वर यो देखाइरहेका थिए कि उनी साना-साना जीवहरूलाई पनि हेरचाह गर्दछन् । बुझ्यौं ?

२६. एक दिन जब कोरी सारा देशभरिमा थुप्रिरहेका थिए, भने उसले आफ्नो सामर्थको उपभोग गऱ्यो र एउटा वृक्षलाई स्नापित गऱ्यो। र त्यो रूख सुखन थालेको

थियो, जब कि त्यहाँनिर सबै ठाउँमा मानिस सुतिरहेका थिए र उनीरूलाई उसको चंगाईको सामर्थको आवश्यकता थियो। परन्तु तपाईं देख्नुहुन्छ, कि ऊ देखाउन चाहन्थ्यो कि ऊ समस्त वस्तुहरूको परमेश्वर हो, चाहे त्यो ठूलो होस् चाहे त्यो सानो होस् चाहे जे सुकैहोस् ऊ सबैको परमेश्वर हो। ऊ अहिले पनि समस्त वस्तुहरूको समस्त सृष्टिको परमेश्वर हो। त्यसैले हामी उसलाई प्रेम गर्दछौं किन कि यो हामीलाई थाहा दिन्छ कि के ऊ त्यो महत्वहीन साना साना माछाको लागि जुन कि त्यहाँ पानीमा आघा घन्टादेखि मरिराखेका थिए, जीवको वचन बोल्नलाई इच्छुक थियो। ऊ निश्चिय नै कुनै दिन आफ्ना बच्चाहरूमा जीवन आउनको लागि बोल्नसक्दछ। यसले कुनै मतलब छैन, चाहे हाम्रो शरीर माटो नै किन नभएको होस् ऊ बोल्ने छ, र हामी कुनै दिन उसलाई उत्तर दिने छौं। उ त्यो परमेश्वरले जो हरेक कुरामा रूची राख्दछ। आउनुस अब हामी आफ्ना टाउकाहरूलाई निहुऱ्याउँ।

२७. अब योभन्दा अगाडि प्रार्थना गरौं, म यो हेर्न चाहान्छु कि आज राति के कसैले उस्मा रूची राख्छ छ। यद्यपि तपाईंलाई त्यो अर्को देशको लागि आफ्नो आरक्षण पाउनुभएको छ। न जहाँ हामी त्यसलाई हेर्न गइरहेका छौं तर पनि तपाईं त्यसमा रूचि राख्नुहुन्छ। तपाईंलाई थाहा छ कि तपाईं बिना आरक्षणभित्र जान सक्नु हुन्न। र अहिलेसम्म तपाईंले आफ्नो आरक्षण गर्नु भएको छैन, तर तपाईं अब चाहनु हुन्छ कि प्रार्थनामा तपाईंलाई सम्झियोस् ताकि आज राति तपाईंको र परमेश्वरको बीच सबथोक ठीक भइजाओस् भने के तपाईं आफ्नो

हातलाई माथि उठाउनुहुनेछ । के तपाईं भन्नुहुनेछ "प्रभु तपाईं मेरो" तपाईं केवल आफ्नो हातलाई परमेश्वरलाई देखाउनुस् प्रभु, यो प्रदान गर्नुहोस ।

२८. स्वर्गीय पिता, आज राति जब कि जीवन र मृत्युको बीचमा उभिएका छौं, र यी दिनहरूमा जुन यी घटनाहरू घटित भइरहेका छन् ती भेदपूर्ण छन् निश्चय नै भेदले भरिएका छन्, परन्तु परमेश्वर तपाईंलाई थाहा छ कि यो साच्चो हो या होइन तपाईं स्वर्ग र पृथ्वीका सर्वोच्च न्यायाधीश हुनुहुन्छ । र प्रभु हामी यी कुराहरूलाई मानिसहरूमा जोस् भर्नका लागि भन्दछौं । ती कुराहरू जुन तपाईंले हामीलाई देखाउनु भएको छ । हामी त्यसैले भन्ने गर्दछौं, ताकि यिनीहरू तपाईंसँग प्रेम गर्नको लागि तपाईं माथि विश्वास गर्नलाई तपाईंको सेवा गर्नको लागि र यो जान्नको लागि की यसबाट कुनै मतलब छैन कि हामी कति साना या ठूला काम गर्दछौं । हामी कति असल या खराब काम गर्दछौं, तपाईं हामीलाई देख्नुहुन्छ, उत्साहित भई जान । प्यारा प्रभु म प्रार्थना गर्दछु कि तपाईं आज राति हर एक त्यस व्यक्तिलाई आशीषित गर्नु हुनेछ जसका आत्मा र प्राणले उनीहरूलाई हात माथि उठाउनलाई प्रेरित गरेको छ । र प्रभु म प्रार्थना गर्दछु कि यो राति उनीहरूको लागि त्यो रात होस् जसमा यिनले आफ्नो आरक्षण त्यस देशको लागि गरिलिउन् जुन नदीको पारी छ प्रभु, यो प्रदान गर्नुहोस् ।

२९. प्रभु, यहाँ उपस्थित विरामी निर्वललाई तथा यहाँबाट बाहिर जहाँसुकै पनि मानिस फोनको प्रसारणबाट सुनिरहेका छन् । तपाईं दुवैलाई निको पार्नुस् । क्यालिफोर्नियाबाट न्यूयोर्कसम्म, क्यानाडादेखि

मेक्सीकोसम्म यहाँबाट बाढी र जहाँसुकै पनि असुरक्षित मानिस पाइने छन्। तपाईं उनीहरूलाई आशिषित गर्नुहोस। प्रभु यो प्रदान गर्नुहोस् कि तपाईंको दिव्य उपस्थितिको कारण, आज राति जो कोहीले पनि हाम्रो आवाज सुन्दछ ऊ आफ्नो पापहरूबाट तपाईं उनीहरूलाई आशिषित गर्नुहोस्। प्रभु यो प्रदान गर्नुहोस् कि तपाईंको दिव्य उपस्थितिको कारण आज राति जो कोहिले पनि हाम्रो आवाज सुन्दछ, ऊ आफ्नो पापहरूबाट बचिजाओस्, ऊ आफ्नो रोगहरूबाट निको भई जाओस्।

३०. र यो हाम्रो भाइ जैकसन वायुयानबाट हजारौं मिल लामो यात्रा पार गरेर यहाँ आएको छ, किन कि उसको हृदयमा कुनै यस्तो विचित्र कुरो थियो जसले उसलाई यहाँ आउनको लागि विवश गरिदिएको थियो। र उनीहरू सपना देखने छन् र दर्शन देख्ने छन्। प्यारा प्रभु, तपाईंले यस भेदलाई मसँग लुकाएर राख्नु भएको छ, मलाई थाहा छैन कि यसको के मतलब हो। परन्तु प्रभु यदि तपाईं हामीसँग भेट गर्नुहुन्छ भने यस भेटको निम्ति हाम्रो हृदयलाई तयार गरौं। हुन पावस् कि हामी आशाहरूले भरिएको जब कि हामीलाई थाहा छैन, कि तपाईं के गर्नुहुनेछ। तथा हामीलाई थाहा छैन कि के तपाईं आफ्नो यस सपनाको द्वारा हामीसँग भेट गर्ने प्रतिज्ञा गर्नुभएको छ, हामीलाई थाहा छैन। तर हामी केवल ती कुराहरूको जानकारी दिइरहेका छौं जुन हामीलाई थाहा छ, कि तपाईंले आफ्ना मानिसहरूसँग भेट गर्ने प्रतिज्ञा गर्नुभएको छ र हामी प्रार्थना गर्दछौं कि तपाईं आफूले आफैंलाई हामीमा माथि वास्तविक बनाउनु हुनेछ। अर्थात् हामी सम्मुख स्वयलाई प्रकट

गर्नुहुनेछ। हामी यसलाई येशू मसिहको नाममा माग्दछौं। आमीन।

३१. गत राति र आज बिहान तपाईंहरूलाई यहाँ धेरै बेरसम्म रोकि राख्नुभएको कारण, आज राति मेरो घाँटीमा खसखस भइरहेको छ। जब मैले यहाँ वचन प्रचार गर्दै गरेको बेला आफनो गर्दनमा गलफन बाँधेको थिएँ तब मेरो घाँटीमा केश गएको थियो। तर मैले त्यसलाई लगाउन बिर्सिए र जुन हावा यी झ्यालहरूबाट आइरहेको छ। त्यसले मेरो गला (घाँटीमा) घ्यार-घ्यार भइरहेको छ। तसर्थ आफ्ना सभाहरू बन्द गर्नुपर्दछ। परन्तु जबदेखि मैले यो पाएको छु, म यसबाट अरू धेरै हैरान हुन्न, र म बचन प्रचारी रहन्छ। र म त्यसलाई बिर्सिए र त्यो म यसलाई घाँटीको खसखसलाई महसुस गर्न सक्दछु। त्यसैले तपाईंको आशिर्वाद सराहनीय हुनेछ। अब यहाँनिर प्रतिदिन दुईवटा सभाहरू भइरहेका छन्। ताकि ती तपाईंलाई थाहा छ, जब तपाईं कयौं मिल जानुभयो भने तपाईं यिनको विषयमा भन्न सक्नुहुनेछ।

३२. अत: अब हामी क्यालिफोर्निया र एरिजोना र देश भरिका मानिसहरूको लागि आफ्नो अभिनन्दन पठाइरहेका छौं। भाइ लियो र उनको मण्डली जो की प्रसकोटमा मृत्युको बाटो कुरिरहेका छन् तपाईंहरूलाई यो रात्रीदेखि हप्ता भरको लागि आमन्त्रित गर्दछ, त्यहाँ हामी थुमामा एउटा निम्तोमा हुनेछौं। उनीहरूले त्यहाँ आफ्नो सबै टिकटहरू बेचिदिएका छन्। उनीहरूले एउटा स्रोता कक्ष लिएका छन् र उनीहरू सबै मानिसलाई ठाउँ दिन सक्दैनन्। अत: तपाईंहरू सबै भित्र जानका लागि छिटो आउनु यसपछि हामी आउँदो

सोमबारलाई आउँदो आइतबार, आइतबार रातिको लागि लासएन्जील्स जाने छौं। र हामी तपाईंहरू सबैलाई त्यहाँ हेर्न गइरहेका छौं। परमेश्वरको महान आशिपहरू तपाईंहरूलाई प्राप्त हओस्।

३३. तपाईं जो न्यूयोर्कमा हुनुहुन्छ र तपाईं जो अहिले यो र भिन्न भिन्न ठाउँहरूमा हुनुहुन्छ, म छिट्टै नै तपाईंहरूलाई सर्पको न्याय (The trail of the serpent) नामक सन्देश आराधनालयमा प्रचार गर्न चाहन्छु। यसमा भनिएको छ कि पशु आदि सुरूमा र पशु अन्तमा विलि यसको लागि तपाईं भएको ठाउँमा तपाईंलाई लेख पठाइदिने छ कि हामी सबमाथि त्यसको विपयमा कहिले बोल्न गइरहेका छौं। किनकि म यसलाई आराधनालयमा प्रचारने छु किनकि यो कमसेकम चार घन्टा या योभन्दा बढी हुने छ। (लामो हुनेछ)

३४ अत: अब तपाईंहरू यहाँ हुनुहुन्छ, र तपाईंहरू जो कहिले पनि हुनुहन्छ। म तपाईंहरूको ध्यान अयूबको पुस्तकतर्फ आकर्पित गर्न चाहन्छु। यस पुस्तकबाट वचन प्रचारनु वास्तवमा एउटा सारै नै विचित्र कुरो हो। परन्तु अब म यहाँनिर वचन प्रचारको लागि केवल केही मात्र लेखकहरूलाई उपयोग गर्न चाहन्छु।

३५. भोलि बिहान यहाँ यस आराधनालयमा सन्डे स्कूलको सभाहरू हुनेछ। हामी यिनीहरूलाई कुन बेला आरम्भ गर्ने छौ र (एउटा व्यक्ति उत्तर दिन्छ ९.३० सम्पा) हामी यसलाई ९.३० मा सुरू गर्ने छौं र यसपछि भोलि मलाई यहाँ फेरि पनि बोल्ने सौभाग्य हुनेछ। यदि परमेश्वरको इच्छा भयो भने जस्तो कि आज मध्याह्न अध्ययन गरिरहेको थिए कि तपाईंलाई देखाउन सकुँ। खाली

एउटै ठाउँ छ। जहाँ परमेश्वर आफ्ना उपासकसँग भेट गर्दछन्। देखाउने प्रयास गर्नेछु। हजुर अँ, मात्र एउटा ठाउँ छ र- र के तपाईलाई थाहा छ कि यो कुन चाहिँ ठाउँ हो र यस ठाउँको के हो, र परमेश्वर कहाँ आफ्ना उपासकहरूसँग भेट गर्दछन्।

३६. यसपछि भोलि रातिलाई म तपाईंहरूसँग सहायता चाहन्छु र म तपाईंहरूबाट यो सहायता चगाई सभाको लागि चाहन्छु र यदि परमेश्वरको इच्छा भयो भने म भोलि त्यस विषयमाथि जसले आज मलाई सारै व्याकुल गरिदिएको छ, बोल्न चाहन्छु। जब म आफ्नो अमूल्य भाइ, भाई मुरेसँग कुराकानी गरिरहेको थिएँ त्यसबेला हामी वचनको विषयमा विचार वमर्श गरिरहेका थियौं। र पुराना बेला आफ्ना भाइहरूसँग यहाँ हुनु सारै नै आनन्दको कुरा हो। र उनीहरूले मसँग भने भाइ ब्रान्हाम तपाईंलाई थाहा छ जति पनि सन्देश तपाईंले यहाँ शिविपोर्टमा प्रचारनु भएको छ, त्यसभित्र मेमना र पिंडुक सबैभन्दा प्रभावशाली छ। मेरो अनुमान छ कि तपाईं आफ्नो यस सन्देशमा यति धेरै उत्साहित हुनुभएको थियो कि तपाईं यति उत्साहित कहिले हुने गर्नु हुन्न।

३७. जब म त्यसबाट चुकें तब म सन्देशबाट चुकि सकेको थिएँ।

मेरो प्यारो मेमना जो मरिरहेको छ, त्यो प्रेम हो, उसको बहुमूल्य रगतको सामर्थ कहिले पनि कम हुने छैन। जबसम्म परमेश्वरका कलीसियाका सबै मानिसहरू मुक्ति हुने छैनन् जबसम्म परमेश्वरको कलिसियाका सबै मानिस नबचुनज्यालसम्म,

जबसम्म पापको सर्वनाश हुने छैन

उसको रगको धारा बगिरहने छ,

विश्वासबाट नै मैले देखेको छ, त्यस रगतको धारालाई जुन बगिरहेको छ उसको घाउबाट। उद्धाररूपी प्रेम नै मेरो रहेको छ उद्देश्य: र जबसम्म म मर्ने छुइन मेरो यही रहने छ उद्देश्य।

३८. यदि परमेश्वरको इच्छा भयो भने भोलि राति म यस विषयमा प्रचारन चाहन्छु। हिउँको समान सेतो पिड्कको प्वाँखहरूमाथि (The Spoken Word Vol No. 15 (१५) यदि परमेश्वरको इच्छा रह्यो र मेरो स्वर पनि सारै खराब रहँदैन, भने भोलि रात्रिलाई, परमेश्वर पिडकको प्वाँखहरूमाथि तल आइरहेको हुनेछ। अब तब तपाईं हाम्रो लागि प्रार्थना गर्नु।

३९. यसपछि हिजो म त्यस्तै नै पुरानोशैलीको पार्थना सभा गर्न चाहान्छु, जसरी हामी आरम्भमा गर्ने गर्दथियौं। यस प्रार्थना सभामा गुप्त भेदहरूलाई प्रकट गरिदैन थियो केवल ती मानिसहरूलाई प्रार्थना कार्ड हुनुपर्दछ। तपाई यहाँ छिटो आउनुस्, ताकि विलीले तपाईंलाई प्रार्थना कार्ड दिन सकोस् र प्रार्थना पंक्तिलाई तयार गर्न सकोस्। यदि तपाईं यसो गर्नुहुन्न भने मानिस एकपछि एक गर्दै प्रार्थना पंक्तिमा आउँदै गर्नेछन् र प्रार्थना पंक्तिको कुनै अन्त हुने छैन। जोसुकैले पनि यहाँ आएर प्रार्थना कार्ड लिन सक्छ। म चाहान्छु कि प्रार्थना पंक्तिको बेला भाई नजिक मेरो नजिकै उभिइरहनु, जबकि उनी मेरो नजिक उभिइरहन्छन्। र, म चाहन्छु कि विली पालको सट्टा भाई ब्राउन मेरो नजिक

मानिसलाई लिएर आउन। म-म-म चाहान्छु- म पुरानोशैलीको प्रार्थनापंक्ति चाहान्छु, र हामी ठीक त्यस्तै नै प्रार्थना सभा गर्नेछौ जस्तो हामी वर्षौं पहिले गर्ने गर्दथियौं।

४०. आज राति म आफ्नो एउटा अर्को सहयोगी भाइलाई यहाँ पाएर अत्यधिक आनन्दित छु। अहिले केही छिन पहिले जब म चारैतिर आफ्नो दृष्टि घुमाइरहेको थिएँ, तब मैले उनलाई देखेको थिएँ र उनलाई चिनेको थिएँ कि उनी भाई गोडिन लिडसे हुन्। उनी हाम्रा पुराना सहयोगीहरूमध्ये एक हुन् जो हामीसँग धेरै पहिलेदेखि सँगै छन्। उनी सारै ठूलो कार्य गरिरहेका छन्। उनी छपाईको कार्य गरिरहेका छन्। अब उनी मेरो पुस्तक 'सात कली सियाकाल' छापिरहेका छन्। हामी आशा गर्दछौं कि 'सात मोहरहरू (The seven Seals) को पुस्तक फेरि पनि तयार भैसकेको छ। William Branham Evangelistic Association द्वारा वितरित गरिन्छ। यदि यस्तो हुन्छ कि उनी यसलाई छाप्नुभन्दा अगाडि पढ्न चाहनुहुन्छ, भने हामी यसमाथि धर्मशास्त्रीय विचार-विमर्श गर्नेछौं। परन्तु उनीलाई थाहा छ कि म कुनै धर्मशास्त्रीय हुइन। म केवल यो अनुभव गर्दछु कि त्यो किताब छापिएर छिट्टै आउँदैछ। परन्तु अब...... हामी भोलि आउनेवाला रातिको बाटो हेरिरहेका छौं। यदि भाइ लिडसे, यहाँ हुनुहुन्छ, भने भोलि रातिलाई तपाई यहाँ आउनुहोला। यदि तपाई यतै कतै हुनुहुन्छ, भने तपाई हामीसँग यहाँ मञ्चमाथि पुरानो शैलीको प्राथना सभा गर्नको लागि आउनुहोला।

४१. तपाईंहरू मध्यबाट यस्तो कति हुनुहुन्छ जो हाम्रो पुराना सहयोगीहरूलाई फेरि पनि एकपटक यहाँनिर, जहाँ कि

हामीहरूलाई प्रार्थनाको लागि माथि ल्याउँदछन्, हेर्न चाहनुहुन्छ ? यो सारै राम्रो हुनेछ। अब, भोलि राति तपाई आफ्ना बिरामी वा दुःखी मानिसहरूलाई यस उद्देश्यले यहाँ लिएर आउनुहोस्।

४२. अब, के तपाईलाई अयूबको पुस्तकको ४२ वा अध्यायको एकदेखि छ पद भेट्टाइएको छ। यो सारै नै विचित्र पुस्तक छ। भाई टेड डयुडेले, यदि तपाई आज राति यसलाई फोनिक्समा सुनिरहनुभएको छ, भने के तपाईलाई सम्झना छ कि लगभग एक या दुई हप्ता पहिले म र तपाई यी पदहरूमाथि कुराकानी गरिरहेका थियौं र मैले यसको हवाला दिएको थिएँ ? मैले तपाईलाई बताएको थिएँ, 'कुनै दिन यो मेरो लागि एउटा विपय बन्ने छ' र आज राति म यस विपयलाई उपयोग गर्न चाहन्छु।

तब उत्तर दिइयो........................

तब अयूबले यहोवालाई उत्तर दियो अब तपाई वचनलाई पढेको सारै ध्यानपूर्वक सुन्नुहोस्।

मलाई थाहा छ कि तँ सब थोक गर्न सक्दछस्, र तेरो मुक्तिहरूबाट कोही पनि रूक्न सक्दैन।

तँ को होस् जो ज्ञानरहित भएर मुक्तिमाथि पर्दा हाल्दछस् ?

परन्तु मैले त जुन सम्झेको थिइन त्यही भने, अर्थात् जुन कुरा मेरो लागि सारै कठिन र समझ भन्दा बाहिर थियो जसलाई म चिन्दिन थिए।

म निवेदन गर्छु सुन, म केही भन्नेछु,

म तिमीसँग प्रश्न गर्दछु, तँ मलाई भनिदे,

मैले कानले तेरो समाचार सुनेका थिएँ, परन्तु मेरा आँखा तँलाई देख्दछ।

यसैले मलाई आफूमाथि घृणा आउँदछ, र म घुलि र राखमा पश्चाताप गर्दछु।

४३. अब म यस पूवाँ पदबाट आफ्नो सन्देशको लागि एउटा विपय लिन चाहान्छु,

मैले कानले तेरो समाचार सुनेको थिएँ, परन्तु अब मेरो आँखा तँलाई हेर्दछ।

४४. आउनुहोस्, अवलमी अयूबको एउटा सानो अंशलाई हेर्नेछु। अयूब एउटा भविष्यवक्ता थियो। उ एउटा यस्तो व्यक्ति थियो जो पवित्रशास्त्र लेखिनु भन्दा पहिले रहने गर्दथियो। यस्तो भनिन्थ्यो यो कि अयूबको पुस्तक पवित्र शास्त्रको सबैभन्दा पुरानो पुस्तक हो किन कि यो उत्पतिको पुस्तक लेखिनभन्दा पहिले लेखिएको थियो। अयूब एउटा महान योद्धा र भविष्यवक्ता थियो। अयूब आफ्नो बेलामा सबैभन्दा शक्तिशाली व्यक्ति थियो। यसमा कुनै सन्देह छैन कि परमेश्वरले उसलाई उभारेका थिए र उसले सम्पूर्ण जीवन परमेश्वरको सेवामा लगाएको थियो। उसले मानिसहरूको लागि सारै नै साहसिक जीवन व्यतित गरेको थियो कि सबै उसलाई आदर गर्दथ्यो।

४५. परन्तु उसको जीवनमा एउटा यस्तो ठाउँ आउँदछ, जसलाई उनी परमेश्वरद्वारा 'परीक्षा' लिइनु भन्दछन्। परन्तु म यसको लागि यो शब्द प्रयोग गर्न चाहान्छु, परमेश्वरद्वारा यो जाँचिएको हो कि 'उसलाई दुःख दिइयोस् र उसलाई प्रशिक्षित गरियोस्।' र तब यदि अड्कल गर्नु कठीन हुन्छ र हामी पनि सोच्दछौं कि यो सारै कठीन छ र हामी सुन्दैनौ भने उनी हाम्रो लागि भन्दछन्, 'हामी परमेश्वरका पुत्र होइनौं। बरू व्यभिचारका सन्तान हौं।' किन कि नयाँ जन्म पाएका परमेश्वरका साँच्चो सन्तानलाई कसैले पनि हत्काउन सक्दैन, उसलाई कसैले पनि उसका आमाबाबु (परमेश्वर) बाट अलग गर्न सक्दैन किन कि ऊ त्यसको हिस्सा हो बुझ्यौ। तपाईं यसलाई फेरि इन्कार गर्नु हुन्न। यदि तपाईं इन्कार गर्नुहुन्छ भने तपाई स्वयंलाई इन्कार गर्नुहुन्छ। देख्यौ, तपाईसँग अनुभव छ, तपाईलाई विश्वास गरी सकिएको छ र तपाईलाई प्रशिक्षित गरी सकिएको छ।

४६. र यस मानिसलाई भविष्यदूत भएको कारण, परमेश्वरको अनुग्रहमा पुग्नु पर्दथियो, परन्तु अयूबसँग पढ्नको लागि पवित्र शास्त्र थिएन। तबसम्म पवित्र शास्त्र लेखिएको थिएन, परन्तु उसलाई परमेश्वरसित परमेश्वरको अनुग्रहको प्रकाशन र दर्शनद्वारा पुग्नुपर्दथ्यो र यो पवित्र शास्त्र लेखिइनुभन्दा पहिले भएको थियो।

४७. आउनुस्, अब हामी उसको जीवनलाई हेरौं, उसको जीवनको एउटा सानो भागलाई लिएर हेरौं। परमेश्वरले उसलाई आशिर्वाद गरेका थिए र उसलाई एउटा महान व्यक्ति बनाएका थिए। ऊ यति महान वनेको थियो कि प्रत्येकले उसलाई आदर गर्दथे, प्रत्येक उसको ज्ञानको

सद्दाना गर्दथे। परमेश्वरको तर्फबाट पाएको उसको प्रेरणाले यति स्पष्ट रूपले उसलाई परमेश्वरको सेवक सावित गरिदिएको थियो कि सबै ठाउँबाट मानिस त्यसलाई सुन्न आउने गर्दथे। र, तब शैतान उसमाथि दोष लगाउन शुरू गर्दछ। र, ठीक यसप्रकार ऊ परमेश्वरको प्रत्येक प्रेरित सेवासँग गर्दछ। शैतान त्यहाँनिर उसमाथि ती सबै कामहरूको लागि दोष लगाउनको लागि सर्वदा रहन्छ, जुन ठीक छैनन्।

४८. र अब हामी उसको जीवनलाई र उसमाथि आएको अजमाइसहरूलाई र उसको महान विश्वासलाई हेर्दछौं। यहाँसम्म कि जब येशू यस पृथ्वीमा आए तब उनले अयूबको धैर्यको हवाला दिएका थिए। उनले भने, 'के तिमीले अयूबको धैर्यको विषयमा पढेका छैनौं!' विश्वास धैर्यसँग प्रतिज्ञा गरिएको वचनलाई पूरा हुनलाई प्रतिक्षा गर्दछ।

४९. अब हामी यहाँनिर हेर्दछौं कि जब अयूब यी सबै परीक्षाहरूभित्रबाट निस्कियो र उसमाथि यी सबै दु:ख कठिनाइहरू आए......उसको एउटा प्यारो परिवार थियो। उसका सन्तान उसबाट लिइएको थियो। उससँग राम्रो स्वास्थ्य थियो जुन उससँग लिइएको थियो। यस जीवनमा उससँग जे जति थियो त्यो उसबाट खोसिएको थियो र तब ऊ आफ्नो छालालाई कन्याउनको लागि एउटा खोयाको टुक्रो लिएर खरानीमा बस्यो र यहाँसम्म कि उसकि श्रीमती उसको विरूद्धमा कुरो गर्न थाली। उसले उससँग भनि, तैंले किन परमेश्वरको निन्दा गर्दैछस् र मर्दैनस्?

५०. उसले भन्यो, 'तँ एउटी मुर्ख स्त्रीको जस्तो कुरा गर्दछस् ।' र उसले भन्यो परमेश्वरले दिएका थिए परमेश्वरले नै लिएका छन्, प्रभुको नामलाई प्रशंसा होस् ।

५१. अब, शैतान परमेश्वरको सम्मुख आउँदछ, किन कि शैतान परमेश्वरको सम्मुख आउन सक्दछ र सबै बेला मसीहीहरू या विश्वासीहरूमाथि दोष लगाउन सक्दछ । अत: उसले धेरै कुराहरूको लागि अयूबमाथि दोष लगायो । र, उसले यो भन्यो, अयूब किन सेवा नगरोस्, किन कि सबैथोक उसको लागि भलाई नै त लिएर आउँदछ ।' परन्तु शैतानले परमेश्वरसँग भन्यो, यदि तँ उसलाई मेरो हातहरूमा पारिदिन्छस् भने म उसबाट तेरो निन्दा तेरो नै अगाडि गराउनेछु ।

५२. म तपाईंको ध्यान परमेश्वरको त्यस भरासामाथि ल्याउन चाहान्छु, जुन उसको विश्वासीमा थियो । बुझ्यौ ? त्यो...... अर्को शब्दहरूमा परमेश्वरले अयूबसँग भने........या शैतानसँग यसप्रकार भने 'तँ यसो गर्न सक्दैनस् । ऊ न्यायसंगत व्यक्ति हो । ऊ एउटा भलो मानिस हो । ऊ जस्तो पूरा पृथ्वीभरि कोही छैन ।' कस्तो नै मानिस थियो त्यो कि स्वयं परमेश्वर पनि आफ्नो शत्रुसँग भन्दछन्, 'मेरो दास यति सिद्ध छ कि उ जस्तो यस पूरा पृथ्वीभरि कोही छैन ।' ओहो, काश हामी पनि उ जस्तै भएको भए कि ? दृढतापूर्वक यो भन्न सक्दछन् उनलाई हामीमाथि विश्वास छ । उनलाई थाहा हुने थियो कि हामी उनको वचनबाट यता-उता हुने छैनौ या कुनै पनि प्रकारले उसैको भैरहने छौं । उनको वचनमाथि स्थिर बनिरहनुस् र तब मात्र ऊ तपाईंमा भरोसा राख्न सक्दछन् ।

५३. अयूब त्यो व्यक्ति थियो जसले परमेश्वरको आज्ञाहरूको पालन शब्द दरशब्द गरेको थियो । र, शैतानलाई यो थाहा थियो, परन्तु शैतानले भन्यो, 'यदि तँ उसलाई मेरो हातहरूमा पारिदिन्छस् भने म उसैबाट तेरो निन्दा तेरो मुख अगाडि गराउने छु ।'

५४. अत: परमेश्वरले शैतानसँग भन्नुभो, सुन, उ तेरै हातमा छ, तैंले केवल उसको प्राण छोडिदिनु ।' तब शैतान जे जति पनि उसको लिन सक्दथियो, उसले लियो । शैतानले उसको हरेक कुरा लियो । जे जति उससँग थियो त्यो सबैथोक लियो । उसको लगभग सम्पूर्ण जीवन उसले लियो, परन्तु उसले उसको प्राण लिन सकेको थिएन । परन्तु तापनि अयूब स्थिर बनिरह्यो, ऊ फर्किएर आएको थिएन, ऊ परमेश्वरको वचनमाथि स्थिर रहिरह्यो ।

५५. तपाई देख्नु हुनेछ कि जब कुनै व्यक्ति एकपटक वास्तवमा परमेश्वरको समिपमा त्यस वास्तविक, प्रकाशित, विश्वासपूर्वक 'परमेश्वर छन्' भन्ने एक्कीन गर्दछ भने केही पनि यस्तो छैन जसले उसलाई परमेश्वरबाट अलग गर्न सकोस्- न समय, न अरू केही त्यस व्यक्तिलाई परमेश्वरसँग अलग गर्न सक्दछ । म विश्वास गर्दछु कि यो पौलुस थियो जसले यो भनेको थियो, 'न मृत्यु, न जीवन, न प्रधानता, न वर्तमान, न भविष्य, न सामर्थ, न उचाई नगहिराई, न कुनै अन्य सृष्टि हामीलाई परमेश्वरको प्रेमबाट जो हाम्रा प्रभु मसिह येशूमा छन् छुट्याउन सक्दछ ।' तपाई दृढतापूर्वक बलियोसँग बाँधिएका हुनाले तपाई त्यस जीवनको लागि नियुक्त हुनुहुन्थ्यो ।

५६. परन्तु शैतानले सोचेको थियो कि उ उसलाई अलिकता विचलित गर्न सक्दछ र उसलाई परमेश्वरबाट अलग गर्न सक्दछ र उसबाट परमेश्वरको निन्दा परमेश्वरको मुखमानै गर्न सक्दछ। परन्तु तपाईले देख्नुभयो, कि उसले परमेश्वरको शिद्ध प्रकाशनसँग गरेको छ, प्रतिक्षा गरेको थियो। उसलाई यससँग कुनै मतलब थिएन कि परिस्थितिहरूकै, उसले त आफ्नो विश्वासको पुष्टि हुनुलाई प्रतिक्षा गऱ्यो, किन कि उससँग परमेश्वरको प्रकाशन थियो उससँग परमेश्वरको पक्कड थियो।

५७. यस भवनमा जो मानिस बिमारी छन्, जो मानिस दुर्बल छ कमजोर छन्, या जो मानिसलाई परमेश्वरको सहायताको आवश्यकता छ, जब तपाईंलाई यस प्रकारको प्रकाशन प्राप्त हुन्छ। तपाईको लागि 'न्यायसंगत' छ कि तपाई ती सबै चीज माग्नमा जसलाई तपाई मागि रहनुभएको छ त्यो न्यायसँगत भएका छन् र तपाई विश्वास गर्नुहुन्छ, 'उनीहरू जुन यत्नबाट परमेश्वरको खोजी गर्नुहुन्छ, त्यो उनीहरूलाई प्रतिफल दिन्छ' तब तपाईंलाई कुनै पनि ती विश्वासबाट जुन तपाईंको हृदयमा दृढतापूर्वक घर गरिसकेको छ, हल्लाउन सक्दैन, बुझ्यौ ? परन्तु पहिले तपाईमाथि यो प्रकट हुनुपर्छ।

५८. धेरै दिन भएको छैन जब कुनै जब मानिसहरूको एउटा समूह म भएको ठाउँमा आएको थियो, त्यसमध्ये केही मानिस आज राति यस सन्देशलाई सुनिरहेका छन्, र मलाई भने..... म उनीहरूलाई बताउँदै गइरहेको थिए, तिमी कन्टैकी जाउ, तिमीले त्यहाँ तेल पाउने छौ। 'मलाई यो थाहा थियो। मैले यसलाई दर्शनमा देखिसकेको थिएँ।

५९. परन्तु भाइ देमास र उनी त्यहाँ धेरै समयसम्म गएनन् । अन्तिममा धेरै समयपछि उनले भने, 'जब उनी टेक्ससबाट फर्किएर आए..... तब उनले भने, 'अब हामी त्यहाँ तल कन्टैकीमा गइरहेका छौं ।'

६०. मैले उनीसँग भने, 'तिमीले त त्यहाँ धेरै पहिले नै गइसक्नुपर्ने थियो ।' परन्तु उनले यसो गरेका थिएनन् ।

६१. देमासले भन्यो, भाइ ब्रान्हाम, यसो न गरेर मैले सारै ठूलो भूल गरेको छु ।

६२. मैले भनें, 'यदि तिमी त्यहाँ गएको भए, तिमीले साराको सारा तेल पाइसकेका हुने थियौं ।'

६३. ठीक छ, उनी यसलाई सुन्ने छैनन् । तब पहिले-तब योभन्दा पहिले कि त्यस राति हामी त्यस ठाउँबाट जहाँ हामी रातिको खाना खाइरहेका थियौं । बाहिर निस्कने बित्तिकै पवित्र आत्माले मलाई जमीनमा एउटा सारै ठूलो धाँजो देखाइदिए जसमा तल भरिएको थियो । उनी कन्टैकीको लागि तेल प्राप्त गर्न हेतु साना-साना कुवा पम्पको सहायताले तेल निकालिरहेका थिए । परन्तु यस दरारमा तेल मुख्य स्रोतबाट आउँछ । र, मैले भने, 'भाइ देमास, यो त्यहाँ छ ।'

६४. अत: उनी त्यहाँ तल कन्टैकीमा त्यस खोजी गर्न हिंडे उनले भने, 'यहाँ तल तल आउ र मलाई भन कि त्यो तेलको कुवा कहाँनिर छ ।'

६५. मैले भने, 'ओहो होइन ! होइन !

६६. देख्यौ, हामी परमेश्वरको वरदानको उपयोग व्यापारीक कार्यकलापको लागि गर्दैनौ। होइन ! होइन ! हामी यसो गर्दैनौ। परमेश्वर मलाई बताउन सक्द थिए कि त्यो कुवा कहाँनिर छ। परन्तु हामीलाई यो थाहा पाउनुपर्ने कुनै आवश्यकता छैन। यद्यपि उसले यो मलाई भन्न सक्ने थियो, परन्तु हुन सक्दछ कि मसँग यति पनि विश्वास न होस् कि म उससँग यसको बारेमा सोध्न सकुँ। परन्तु पहिले तपाईंले यो हेर्नुछ कि। तपाईंको उद्देश्य वा ध्यय ठीक हओस्। यसको लागि तपाईसँग कुनै कारण हुनुपर्दछ। परमेश्वर तपाईलाई यी सबै वस्तुहरू केवल यसकारण दिँदैनन् कि तपाई उससँग यो माग्नुहुन्छ र तपाई यसलाई विश्वासको साथ तबसम्म मागन सक्नुहुन्न, जबसम्म तपाईलाई उसमा कुनै वास्तविक उद्देश्य नहोस्। र, तपाई जे परमेश्वरसँग मागिरहनुभएको छ, त्यो परमेश्वरको इच्छामा हुनुपर्छ। देख्यौ यदि तपाई ठीक हुन चाहनुहुन्छ भने तपाई ठीक हुन किन चाहनुहुन्छ। यदि तपाई चंगा हुन चाहानुहुन्छ भने तपाई चंगा किन हुन चाहनुहुन्छ। देख्यौ यसमा हुनुपर्छ........ यसमा तपाईको कुनै ध्यय वा उद्देश्य हुनुपर्दछ, जुन तपाई परमेश्वरसँग मागिरहनुभएको छ, त्यो परमेश्वरको इच्छाअनुसार हुनुपर्दछ। र तब जब विश्वास तपाईमाथि प्रकट गरिन्छ तथा परमेश्वरको सर्वोच्च अनुग्रह त्यस विश्वासलाई तपाईमा राखी दिइन्छ भने तब जे पनि तपाई परमेश्वरसँग मागिरहनुभएको छ। उसलाई तपाई भेट्टाउनुहुनेछ। के तपाईले बुझ्नुभयो ?

६७. यस वचनलाई सत्य प्रमाणीत गर्नको लागि जब ती भाइ त्यहाँ गए तब उनले भेट्टाए...... एउटा केटो

बजार गयो र कचेरको रास र त्यहाँ विकिरहेका पट्टोलाई लिएर आयो र यसप्रकार उसले अरूसँग कपट गऱ्यो। मैले भनें 'यसबाट कुनै काम बन्ने छैन।' त्यस भविष्यवाणीलाई सत्य प्रमाणीत गर्नको लागि केही मानिसहरूले त्यस ठाउँबाट जहाँ उनीहरू कुवा खनिरहेका थिए, एकसय गजभित्र नाला खन्न थाले र यो तेलको कुवा त्यहाँ थियो। आधि दिनमा नै या यस्तै जस्तो बेलामा त्यहाँबाट एघार सय वेलर तेल निकाले र उनीहरू त्यसबाट अझै पनि तेल निकालिरहेका छन्। यो कुवा तेलको मुख्य धारामा छ। परन्तु त्यस भविष्यवाणीलाई उ त्यहाँ हुने पूरा गर्नको लागि ऊ त्यहाँ थियो। कंटकिमा सबै ठाउँहरूका अन्य सबै कुवाहरू लगभग पूरा किसिमसँग सुकिसकेका छन्। केही दिन पहिले उनीहरूले साना-साना कुवाहरू जुन खनेका थिए, ती पनि सुकिसकेका छन्, परन्तु यही एउटा यस्तो कुवा छ, जसबाट उनीहरू आफ्नो आवश्यकता भन्दा पनि बढी तेल पाइरहेका छन्। बुझ्यौ ?

६८. परन्तु, उनीहरूको बीच स्वार्थ आइसकेको थियो, उनीहरूको विचार गलत थियो, ती स्वार्थी मानिसहरू यो भनिरहेका थिए, 'यो यस ढंगबाट हुनेछ, परन्तु जब उनीहरूले प्रतिक्षा गरेर भने, कि उनीहरू यसलाई परमेश्वरको राज्यको लागि खन्ने छन्, तब यो यस्तो प्रतित हुन्थ्यो कि मानौ यो उनैको लागि हो। बुझ्यौ ?

६९. र यसबाट काम चल्ने छैन, कुनै किसिमको पनि स्वार्थ काम गर्ने छैन। तपाईको उद्देश्य र ध्येय पूर्णत ठीक हुनुपर्दछ। तब तपाईलाई त्यसमा विश्वास हुन्छ। 'यदि तिम्रो हृदय तिमीलाई दोष दिँदैन भने तिमीमा हियाव

हुन्छ।' बुझ्यौ ? देख्यौ हामीमा हियाव हुनुपर्दछ। 'म यसलाई परमेश्वरको सम्मान र महिमाको लागि गर्न चाहान्छु।' तब तपाईको विश्वाससँग एउटा त्यो माध्यम हुन्छ, जसको द्वारा तपाई यसलाई गर्न सक्नुहुन्छ। यदि यस्तो हुँदैन भने तपाईसँग आफ्नो ज्ञानले भरिएको विश्वास छ न कि परमेश्वरबाट प्राप्त विशुद्ध विश्वास। ज्ञानबाट परिपूर्ण विश्वासको द्वारा तपाईलाई केही भलाई हुने छैन। हुन सक्दछ कि यसबाट तपाई भाव विभोर होस्, परन्तु यसबाट तपाईलाई यो चगाई मिल्ने छैन जुन होस् भनेर तपाई बाटो हेरिरहनुभएको छ।

७०. अतः अयूब त्यस विशुद्ध विश्वासको द्वारा जुन परमेश्वरले उसलाई दिएका थिए कि त्यो 'न्याय संगत' हो कि उसले ती सबै कामहरूलाई गरिसकेको छ, जसलाई परमेश्वर चाहानुहुन्थ्यो कि उसले गरोस्, स्वयंलाई जाँचिरहेको थियो। अब जब हामी आफ्ना विमारीहरूको लागि प्रार्थना गर्न गइरहेका छौं भने मलाई आश्चर्य लाग्दछ कि के हामीले ती सबै कामहरूलाई गरिसकेका छौं, जसलाई परमेश्वर चाहन्छ कि हामीबाट गरियोस्। के हामीले वचनका प्रत्येक विन्दुलाई पालन गरिसकेका छौं ? के हामी उनको सेवकाई हेतु हाम्रो आफ्ना हृदय र जीवन दिइसकेका छौं ? तपाई के को लागि चंगा हुन चाहनुहुन्छ ? यही कारण हो कि तपाईसँग पर्याप्त विश्वास हुन सक्दैन किन कि हुन सक्दछ कि तपाईले आफ्नो हृदयबाट पूरा निस्कपटताले परमेश्वरको लागि यी सबै कामहरूलाई नगर्नु भएको होला। जस्तो हिजकियाले गरेको थिए उसले परमेश्वरलाई कारण बतायो कि ऊ आफ्नो राज्यलाई सुव्यवस्थित गर्न चाहन्छ र परमेश्वरले

आफ्नो भविष्यवक्तालाई फिर्ता पठाएर र उसले बतायो: कि उ निको हुनेछ। बुझ्यौ ? परन्तु आफूले आफैलाई यी सबै कुराहरूलाई सुधार गर्नुपर्ने छ।

७१. अत: तब जब तपाई यी ठाउँहरूमा आउनुहुन्छ , त्यतिबेलै तपाई यो थाहा पाउनुहुन्छ कि परमेश्वरको वचनको द्वारा तपाईमाथि यो प्रकट भैसकेको छ, प्रकाशको द्वारा, वचनद्वारा तपाईमाथि यो प्रकट भएको छ कि जुन कामलाई परमेश्वर तपाईसँग गराउन चाहान्थे, तपाईले त्यसलाई गरिसक्नुभएको छ, तब तपाईमा विश्वास हुन्छ, तब तपाईमा विशुद्ध विश्वास हुन्छ।

७२. जस्तै जब अब्राहीम उनानब्बे वर्षको थियो। मलाई एकिन छ कि यो उत्पतिको पुस्तकको १७ अध्यायमा छ। तब परमेश्वरलाई यस वृद्ध व्यक्तिले देखेको थियो। यसबेला इब्राहीम उनानब्बे वर्षको थियो-जब उ लगभग सय वर्षको थियो तब उसलाई परमेश्वरले देखेको थियो। उसले सबै वर्षहरूमा त्यस प्रतिज्ञालाई थामिराखेको थियो। प्रभु-उसको अगाडि 'एल्सेदाई' स्तनयुक्त परमेश्वर' को नामबाट प्रकट भयो र यो नै उत्साह-उवजायको थियो, हाँला कि अहिलेसम्म प्रतीक्षा पूरा भएको थियो। परन्तु 'अब्राहिम, म सर्वशक्तिमान परमेश्वर-अल्लसदाइ, सामर्थ दिनेवाला स्तनयुक्त परमेश्वर हुँ।'

७३. जसरी कि मैले तपाईलाई पहिले भनेको थिएँ कि एउटा सानो जस्तो बच्चो भोकले व्याकूल थियो र बिरामी थियो। आफ्नो आमाको स्तनमाथि सुतेर रोइरहेको थियो र उ आफ्नी आमाबाट प्रार्थना पाएर पुष्ट

भइरहेको थियो। किन कि उसले दूध पिउनाको कारण उसको भोक मेटिरहेको थियो। उसलाई तृप्ती भइरहेको थियो। किन कि उसको तृप्तिको केवल एउटा मात्र साधन थियो र त्यो थियो उस कि आमाको स्तन। उ दवाईलाई खानकि मान्दैन थियो तपाई उसलाई दबाईको खोराक दिनुहुन्छ, भने उ कराउने छ, चिच्याउने छ र रूने छ। तपाई उसलाई आमाको अंगालोमा अर्थात् उसलाई उसकी आमाको काखमा राखिदिनुस् उ शान्त हुनेछ। उसको तृप्तिको एक मात्र साधन उसको आमाको स्तन हो।

७४. र प्रभुले भने 'अब्राहाम, त बूढो भैसकेको छस् तेरो बल खतम भैसकेको छ, तेरा हातहरू कमजोर भैसकेका छन्, तेरो पुरूपत्व खतम भइसकेको छ, परन्तु म तेरी आमा हुँ तँ मेरो प्रतिज्ञालाई थामी राख र जब कि तँ प्रतिज्ञा गरिरहेको छस्, भने सन्तुष्ट रहेस्। तँ आराम गर।'

७५. अब, ठीक यस्तै नै प्रत्येक विश्वासीसँग पनि छ, यसबाट कुनै मतलब छैन कि तपाईं क्यान्सरबाट कति नराम्रोसँग पीडित हुनुहुन्छ, तपाई कति लामो समयदेखि ह्विल चियरमाथि बसिरहनुभएको छ, यी सबैसँग कुनै मतलब छैन, तपाईलाई त परमेश्वरको तर्फबाट पाउनेवाला प्रकाशनलाई त्यतिको बलियो गरी थामिरहनु छ जति बलियो गरी तपाईं थेगिरहन सक्नुहुन्छ, तब तपाई सन्तुष्ट रहनुस् किन कि तपाईलाई थाहा छ कि यस्तो त हुनेवाला नै छ किन कि विश्वास धैर्यपूर्वक प्रतिज्ञाको बाटो हेर्छ। बुझ्यौ ?

७६. अयूबलाई थाहा थियो कि त्यो ठीक छ । जब हामी यहाँ वचनमा देख्दछौ कि जब......... यी मानिस उ भएको ठाउँ आएका थिए । प्रत्येक त्यो व्यक्ति कुनै बेला उसलाई आफ्नो सारै नै अल्छि लाग्दथ्यो, उसको विरूद्ध भएको थियो र गुप्तरूपबाट पाप गरेको उसमाथि दोष लगाइरहेको थियो, किन कि सबै उससँग भएको थियो । ठीक यस्तै नै आज पनि तपाईहरूलाई भन्दै गरेको सुन्दछन् । उनीहरू भन्दछन् 'मैले तिमीलाई भनेको छु । त्यसलाई हेर । तपाई के देख्नुहुन्छ ?' यो पूर्णत: सत्य हो । कहीले कहिले परमेश्वर जो आफ्ना मानिसहरूको परीक्षा लिइरहेको हुन्छ । यस मामलामा पनि यो परमेश्वर नै थियो, जुन अयूबको पनि त्यसबेला जो पृथ्वीमा सबभन्दा उत्तम पुरूष थियो उसको परीक्षा लिइरहेको थियो । तब परमेश्वर नै उसलाई साथ दिइरहेका थिए किन कि उसलाई थाहा थियो कि अयूब एउटा भविष्यवक्ता थियो जसलाई परमेश्वरको तर्फबाट दर्शन मिलेको थियो कि ऊ यो सबै कामलाई राम्रो प्रकारले गरिसकेको छ, जसलाई गर्नको लागि परमेश्वरले उसलाई भनेको थियो र ऊ.......परमेश्वर वचनवद्ध थियो कि ऊ आफ्नो अठोटलाई उसको लागि पूरा गरोस् ।

७७. ओह, सबै मसिहीहरूले यस्तो नै हुनुपर्दछ जब हामी आफ्नो जीवनको अन्तिम संघर्षलाई लडिरहेका हुन्छौं, र मृत्यु हाम्रो घाटीमा घरघराउन थाल्दछ, हामीलाई अहिले पनि वचनलाई दृढतापूर्वक थामी राख्नुपर्दछ र स्मरण राख्नुपर्दछ कि परमेश्वरले भनेका छन्, 'म तँलाई अन्तिम दिन फेरि जीवित गराएर उभ्याउने छु ।' बुझ्यौ ? हामीले रोकि राख्नुपर्छ, आफ्ना साक्षिहरूलाई,

मसीहमा आफ्नो स्थिति र स्थानलाई, कि हामी के हौ र यो कि हामीलाई थाहा छ कि हामीले परमेश्वरको प्रत्येक वचनको आज्ञालाई पालन गर्नु पर्दछन्, तिनीहरू स्वर्गराज्यमा प्रवेश गर्नपाउने छन्।' बुझ्यौ ? जब हामीलाई थाहा छ कि हामीले ती सबै आज्ञाहरूलाई जसलाई हामी पवित्र शास्त्रमा देख्दछौं, जसलाई परमेश्वरले हामीलाई दिएका छन्......... जसलाई पालन गर्न परमेश्वरले हामीसँग भनेका छन्, ती सृष्टिकर्तालाई जसले पवित्र शास्त्रलाई लेखेका छन्, पूरा आदर र सम्मान र प्रेम दिँदै पालन गरिसकेका छन्, तब हामीलाई यसको कुनै मतलब छैन कि कसैले के भन्दछ।

७८. हामी भन्दछौं, 'मानिसले यसलाई लेखेको हो।

७९. प्राचीनकालका ती मानिसले जो पवित्र आत्माले हिंडाउँदा हिंड्‌द थियो, यसलाई लेखेको थियो। के तपाईले बुझ्नुभयो ? देख्यौ प्रभुले यसलाई मानिसद्वारा लेखाएका थिए। जसरी भविष्यवक्ता परमेश्वरको वचनलाई बोल्दछ, त्यो भविष्यवक्ताको वचन हुँदैन, यो त परमेश्वरको वचन हुन्छ, जुन भविष्यवक्ताद्वारा बोलिइन्छ। बुझ्यौ ? यही कारण हो, यदि यो वास्तवमा सत्य हो भने यसले घटित हुनैपर्दछ।

८०. अब हामी यहाँनिर त्यस महानव्यक्ति अयूबलाई देख्दछौं। र, याद रहोस्, आफ्ना दिनहरूमा अयूबसँग पढ्नका लागि पवित्रशास्त्र थिएन। होइन, उसँग पवित्र शास्त्र थिएन। उ त प्रेरणाले नै हिंडाउँदा हिड्‌द थियो। उ नवि थियो। जससँग परमेश्वरको वचन आउँदथियो। उसले त केवल प्रेरित गर्ने आवश्यकता मात्र थियो किन

कि उसलाई आफ्नो स्थिति थाहा थियो, उसलाई थाहा थियो कि परमेश्वरको भविष्यवक्ता छ। अब केवल एउटै काम गर्नुपर्ने आवश्यकता थियो कि प्रेरणास्पर्श गरून्। र, तब उसलाई थाहा थियो कि जुन उसले भनेको थियो त्यो घटित हुनेछ, किन कि उसले यो प्रेरणाको द्वारा भनेको थियो।

८१. ठीक यस्तो नै कलिसियासँग पनि छ, यदि यो सुव्यवस्थित छ, यदि यसमा.........यसको यान्त्रिक तयार छ, भने यसलाई केवल गतिको आवश्यकता छ। यदि हामी यान्त्रिकि सुव्यवस्थित गरिलिन्छौ, हामी आफ्नो हृदय ठीक गर्दछौं, ती सबै कामहरूलाई जसलाई हामी गर्न सक्दछौं, प्रत्येक वचनलाई पालन गर्दछौं, वपतिस्मामा त्यसको पालन गर्दछौं, प्रत्येक ती कामहरू गर्दछौं, जसलाई उसले हामीलाई गर्नको लागि भनेको छ भने हाम्रा प्रत्येक पूर्जा तयार छन् र अब हामी उभियौं, अब हामी यहाँबाट बाहिर निस्किएर जानको लागि क्रियाशिलताको लागि तयारी छौं र केवल परमेश्वर नै यस्तो गर्न सक्दछन्। र, यो हाम्रो हृदयमा त्यस विश्वासलाई भित्र्याउनको लागि हो जुन यो भन्दछ, 'अब म चंगा भैसकेको छु।' भने यसले केही फरक पर्दैन कि परिस्थितिहरू के छन्, तपाई अवस्य नै चंगा भैसक्नुभएको छ, किन कि यो विश्वास हो, तपाई विश्वासको द्वारा चंगा भैसक्नुभएको छ।

२. उससँग परमेश्वरसँग कुराकानी गर्ने साधन थियो जुन उसलाई प्रेरणाको द्वारा मिलेको थियो। उससँग एउटा यस्तो तरिका थियो कि उ आफ्नो खुशीलाई बाहिर निकाली देओस् र परमेश्वरलाई आफूभित्र हिंडडुल गर्न देओस् र उसलाई थाहा थियो कि त्यो न्यायसंगत छ।

उ एउटा वरदान थियो, यो मानिसहरूको लागि एउटा वरदान थियो। यही कारण हो कि सबै दिव्य वरदान परमेश्वरका मानिसहरूको सेवकाईको लागि हो। हर एक भविष्यवक्ता बन्ने आज्ञा दिइएको छैन। तपाईहरू सबैलाई होइन.......... तपाईहरू सबैलाई आज्ञा दिइएको छैन कि बिमारीहरूको लागि प्रार्थना गरून्। ती सबैलाई याजक इत्यादि बन्ने आज्ञा दिइएको थिएन परन्तु। यो त मात्र एउटा माध्यम थियो जसलाई परमेश्वरले उनीहरूको लागि खोलिदिएका थिए। र, जस्तो कि हामीले बिहानको अध्यायमा पनि देखेका थियौं कि उसले एउटा व्यक्तिलाई अर्को व्यक्तिको कार्यहरूमा हस्तक्षेप गर्ने काम थिएन, यसबाट कुनै मतलब थिएन कि उ कति प्रेरणाले भरिएको थियो, यसको कुनै मतलब थिएन कि यो कति ठीक प्रतित हुँन्थ्यो........ यस बिहान कति मानिस त्यस सभामा थिए ? आउनुस् हामी तपाईहरूको हातहरूलाई हेरौं। बुझ्यौ ? देख्यौ तपाई यसो गर्न नै सक्नुहुन्न।

८३. त्यहाँ दाउद थियो जो जति धेरै प्रेरणाबाट परिपूर्ण हुनसक्द थियो, त्यति नै प्रेरणाबाट परिपूर्ण थियो। सबै मानिस चिच्याइरहेका थिए, र प्रभुको महिमा गरिरहेका थिए, किन कि यो परमेश्वरको वचनअनुसार प्रतित हुन्थ्यो, परन्तु त्यो गलत व्यक्ति थियो। यो प्रेरणा दाउदसँग होइन बरन नातानसँग आउनुपर्ने थियो। देख्यौ उसले कहिले पनि नातानसँग परामर्श लिएको थिएन। र, तपाईलाई थाहा छ कि के घटित भएको थियो ? देख्यौ, हामीलाई छ........परमेश्वरले भनेका थिए, 'उ आफ्नो दास भविष्यवक्ताहरूमाथि आफ्नो मर्म प्रकट नगरिकन केही पनि गर्नेछैन।'

८४. अनि अयूब आफ्नो भविष्यवक्ता थियो। परमेश्वरले अयूबको लागि केवल एउटा कार्य गर्न आवश्यक थियो। त्यस प्रेरणाले उसले सधैं ज्ञान, परमेश्वरको बचन र उत्साहन प्रदान गर्दथियो। तयस प्रेरणालाई प्राप्त गर्न नसकोस्। तर अयूबले सबै कुरा जान्दथ्यो। (उसले होमवलि चढाएको थियो, उसले ठीक गरेको छ भन्ने ठान्दथ्यो।) तर उसले परमेश्वरतर्फबाट कुनै पनि शब्द पाएको थिएन। तर शैतानले उसलाई विचलित गर्न सकेको थिएन।

८५. जब तपाईको लागि प्रार्थना भई जान्छ भने तपाईले पनि यस्तो नै गर्नुपर्दछ- तपाईले स्थिर बनिरहनुपर्दछ। तब तपाईलाई फेरि पनि प्रार्थनाको पंक्तिमा आउनु नपर्ने या प्रार्थना गर्नको लागि कुनै अरू कहाँ जानु नहुने जब तपाईलाई थाहा छ कि जे जस्तो परमेश्वरले तपाईलाई गर्नको लागि भन्नुभएको थियो, तपाईले त्यसलाई एकदमै ठीक-ठीक गरिसक्नुभएको छ, भने तब तपाई प्रेरणाको त्यस स्रोतलाई आफूमाथि खुल्ने प्रतिक्षा गर्नुहोस कि 'अब तपाई निको भैसक्नुभएको छ।' जब यो तपाईभित्र झर्दछ भने यो ठीक भैजान्छ। ओहो ! तब तपाईलाई प्रार्थना पंक्तिमा पनि आउने आवश्यकता हुँदैन, तपाईले अन्य केही पनि गर्न आवश्यकता छैन, तपाई निको भैसकेको हुनुहुन्छ। यो तपाईमाथि प्रकट गरिसकेको हुनेछ। बुझ्यौ ?

८६. जसरी प्रभु येशूको आगमनमा केही भलादमी नविमाथि प्रकट गराइसकेको थियो, हामीलाई थाहा छ कि त्यस बुज्रुग नविमाथि यो प्रकट भैसकेको थियो कि, 'जबसम्म उसले प्रभु येशूलाई देख्ने छैन उसले मृत्युलाई देख्ने छैन।' र उसले यसलाई विश्वास गरेको थियो र

उसलाई यसको प्रतिक्षा गरेको थियो र मानिसहरूले सोचे कि त्यो सन्की थियो, यो बूढो बोलाएको छ। परन्तु उ अहिले पनि विश्वास गर्दथियो। कोहीले पनि यसलाई विचलित गर्न सकेका थिएनन्, उसलाई थाहा थियो कि यो उसमाथि प्रकट गरिएको थियो, किन कि पवित्रशास्त्र बताउँदछ 'यो उसमाथि पवित्रआत्माको द्वारा प्रकट गरिएको थियो।'

८७. त्यस क्षण सिमौन मन्दिरमा आयो र अगाडि बढ्यो र परमेश्वरको स्तुति गऱ्यो र जब उसले बालकलाई काखमा उठायो तब उसले भन्यो, त्यो र जब उसले बालकलाई काखमा उठायो तब उसले भन्यो, 'प्रभु, तँ आफ्नो दासलाई शान्तिसँग विदा गर, किन कि मेरा आँखाहरूले तेरो उद्घारलाई देखिसकेको छ। देख्यौ, उसलाई थाहा थियो कि उसले उसलाई देख्ने छ। उसलाई यससँग कुनै मतलब थिएन कि उ प्रतिदिन कति केटाकेटीहरूलाई हेर्ने गर्दथियो, उसलाई थाहा थियो कि प्रभुले उसमाथि यो प्रकट गरिदिएका छन् कि उ मर्नुभन्दा पहिले मसिहलाई देख्ने छ। शिमोनले यसलाई विश्वास गरेको थियो।

८८. अब जब तपाईमाथि यो प्रकट हुन्छ कि तपाईले पनि स्वयं परमेश्वरको प्रतिक्षा प्राप्त गर्नुभएको छ, मसीहि भएको नाताले प्रेरणाले तपाईलाई छोएको छ, भने तब तपाईले प्रार्थनापंक्तिमा आउनुपर्ने कुनै आवश्यकता हुँदैन। जब तपाईको यात्रि कि तयार भइजान्छ भने तपाईले केवल एउटै काम गर्ने आवश्यकता हुन्छ कि तपाई आफ्नो हृदयलाई खोल्नुस् र प्रेरणालाई त्यसमा झर्न दिनुस् र तब तपाईको दिमागलाई कसैले पनि बदल्न सक्दैन, तपाईले यसलाई प्राप्त गरिसक्नुभएको

छ- तपाई निकोभ ै सक्नुभएको छ- यसभन्दा बाहिर यसले कुनै असल गर्दैन ।

८९. अब, ध्यान दिनुस् अयूबको प्रेरणाको स्रोत माध्यमको आवश्यकता थियो, उसले यसलाई उचारिसकेको थियो । परमेश्वरको प्रेरणाकोद्वारा उसँग परमेश्वरसँगको कुराकानी गर्ने माध्यम थियो । उसँग त्यो तरिका थियो कि उ आफूलाई नै बाहिर गरिदेआस् र परमेश्वरको वचनलाई आफूमा आउन देओस् । ध्यान रहोस, कि उनीसँग किन पूर्वबाट र पश्चिमबाट उससँ सल्लाह लिन आउद थिए मानिस उसको प्रतिक्षा गर्ने गर्द थिए । किन कि उनीहरूलाई थाहा थियो कि जो अयूवले भन्दछ त्यो सत्य हुन्छ । उनीहरूलाई थाहा थियो कि त्यो मानिस सत्य बताउँदछ । किन कि जुन कुरालाई उसले भविष्यवाणि गऱ्यो त्यो घटित भएको थियो । अतः पूर्व र पश्चिमबाट मानिस उसँग आउने गर्दथिए ।

९०. उसले भन्यो कि उ बजारहरूमा जाने गर्द थियो, र पूर्वको युवराज उसबाट ढाडसको एउटा शब्द सुन्नको लागि, उसको महान वा दिव्य ज्ञानलाई सुन्नको लागि निहुरिने गर्दथियो, किनकि उनलाई थाहा थियो कि ऊ साच्चो व्यक्ति हो । उ घमण्डले फुलाउन चाहँदैनथ्यो, उससँग धार उद्याउने बञ्चरो थिएन, उससँग तान्नको लागि डोरी थिएन, उ त परमेश्वरको अगाडि इमान्दार भविष्यवक्ता थियो र ती मानिसहरूलाई त्यसमा भरोसा थियो र पूर्व र पश्चिमबाट मानिस उससँग एकछिनको लागि कुरा गर्न आउँदथिए । यिनीहरूको विपयमा उसले यहाँ यस पवित्र शास्त्रमा पनि बताएका छन् । परन्तु तपाई देख्नहुन्छ कि उसँग प्रेरणाको कमि थियो कि उ उनीहरुलाई भन्न सकोस् कि यी कुरा केको लागि हो ।

परमेश्वरले नै यस्तो हुन दिनु भएको थियो। परमेश्वरले नै उसलाई यो भनेको थिएनन्।

९१. यसपछि हामी यसमा देख्दछौं कि एक दिन यस्तो समय आउँछ, जब एउटा... जबसम्म तपाईं तिनलाई सहायता गरिरहनुहुन्छ, "सबै थोक ठीक रहन्छ।" परन्तु जब उनी तपाईंसँग असहमत हुन चाहनुहुन्छ अर्थात् जब तपाईं उनीसँग असहमत हुनुहुन्छ, तब त्यो घडी हुन्छ, जब मुसिवत आउँछन्। परन्तु उ एक्लै जान्दथियो कि त्यो ठीक छ। परमेश्वरको वचनको उससँग कुराकानी गरेको सम्झेको आफ्नो विश्वासको नाडी स्पन्दनद्वारा उसलाई थाहा थियो कि यो सत्य थियो। हजुर हो, श्रीमान, उ परमेश्वरको आवाजलाई चिन्दथ्यो। यसको सन्दर्भमा उसलाई कसैले पनि मूर्ख बनाउन सक्दैनथ्यो। किनकि उ यसलाई चिन्दथियो। परन्तु कुनै बेला तपाईंमाथि ... केही प्रकट गरिइन्छ भने हुनसक्दछ, त्यो मानिसहरूको सोचको विपरित होस्... अब म भविष्यवक्ताहरूको क्रममा बोलिरहेको छु। जब कुनै बेला परमेश्वर केही प्रकट गर्दछन्, यदि कहिले पनि परमेश्वर कुनै भेदलाई मानिस माथि प्रकट गर्दछन् भने यो कहिल्यै पनि कुनै धार्मिक मठबाट आउँदैन, न त यो कुनै मानिसहरूको समूहबाट आउँदछ, यस्तो कदापि हुँदैन। यो सधैं नै एक व्यक्तिद्वारा एक भविष्यवक्ताद्वारा आउँदछ र हमेसा एउटा भविष्यवक्ताद्वारा नै आइरहनेछ। आमोस ३:७ मा हेर्नोस्, जहाँ भनिएको छ, "प्रभु यहोवा आफ्नो दाश भविष्यवक्तामाथि आफ्नो मर्म प्रकट नगरीकन केही गर्नेछैन।"

९२. अब अयुबसँग केही गडबडी थियो, परन्तु उ यसमाथि कुनै प्रेरणा प्राप्त गर्नसकेको थिएन र यो कुराले उसलाई

चिन्तित गरिरहेको थियो र यसैप्रकार... जब तपाईंको यस्तो हालत भइजान्छ भने तपाईंका जति पनि मित्रहरू हुन्छन्, (लगभग) ती सबै तपाईंका दुश्मन बन्दछन् र उनीहरू त्यसमाथि दोष लगाउँन थालेका थिए। ओहो, यो थाहा पाउनु कि उसका मित्र उसमाथि दोष लगाइरहेका छन्, उसका लागि यो सारै दुःखदायी कुरा हुनुपर्ने थियो। तब शैतान जान्छ र उसका शत्रुहरूसँग गएर भेट्दछ। ठीक त्यसैबेला शैतान आउँदछ र भन्दछ, "तँ उसलाई मेरो हातमा पारिदे र म उसबाट तेरो अगाडिमा नै तेरो निन्दा गराउने छु... म उसबाट यसको सन्देशलाई इन्कार गराइदिनेछु। म उसबाट तिम्रो निन्दा गराउने छु। म उसलाई विपरित बनाइदिनेछु र उसबाट यो भनाइ दिने छु, यो सबै गलत थियो।" तब शैतानले यस महान व्यक्तिलाई जोसुकैसँग उ अजमाउन सक्दथ्यो, अजमायो र जति पनि उसका मित्र थिए, उसले उसलाई उनीहरूद्वारा अजमायो। परन्तु अयुब सजगतापूर्वक स्थिर बनिरह्यो किनकि उसलाई थाहा थियो कि उ परमेश्वरको आवाज सुनिसकेको थियो।

९३. ओहो प्रभु, मेरो सहायता गर ताकि म भोलि राति चिलको पखेटाहरूमा बोल्न सकुँ। हेर्नुस्, मैले परमेश्वरको आवाज सुनेको थिएँ, जसले केही भनेको थियो र यो त्यस्तै प्रकारले घटिन हुनेवाला छ। जस्तो प्रकारले अर्को घटना घटित भएको थियो, ठीक त्यस्तै प्रकार यो पनि घटित हुनेवाला छ।

९४. अयूबलाई थाहा थियो कि यो अवस्था नै घटित हुनेछ र उसलाई थाहा थियो कि परमेश्वरले उसलाई भनेका थिए कि त्यो न्यायसंगत छ। परन्तु उनीहरूले उसलाई

पापी बनाइदिएका थिए, अत: तब उसले प्रेरणालाई पतिक्षा गरयो। शैतान सबै मानिसहरूभित्र परिहेको थियो र उ चारैतिर आयो... जे उसलाई सान्त्वना दिनेहरू भनिन्थे, उनीहरू नै अब उसमाथि दोष लगाउँदथे। परन्तु उनीहरूले उसलाई अलिकता मात्र पनि विचलित गर्न सकेका थिएनन, परन्तु जब परमेश्वरको वचन उसमाथि प्रकट भइसकेको थियो... ऊ आफ्‌ना कानहरूबाट सुनेपछि परमेश्वरलाई सुनिसकेको थियो भने जब उ एक दिन बाहिर बसेर आफ्‌ना लुतोलाई कन्याइरहेको थियो भने प्रत्येकले उसमाथि दोष लगाइरहेका थिए, यहाँसम्म कि उसकी श्रीमती पनि उसलाई गलत भनिरहेकी थिई र एलिहू अयुब भएको ठाउँमा आयो र स्वार्थी भएको कारण उसलाई असल खराब (राम्रो-नराम्रो) भन्यो र यस्तै प्रकार ऊ परमेश्वरमाथि पनि दोष लगाइरहेको थियो।

९५. र तब त्यो समय आयो, जब प्ररणा उससँग टकराएकी थिई, यही त्यो समय थियो जब बिजुलीहरू चम्कन थालेका थिए, गर्जन हुन थालेको थियो, यही त्यो समय थियो, जब प्रेरणा नबिलाई स्पर्श गर्दछे र ऊ उठेर उभिन्छ र भन्दछ, मलाई त निश्चय छ कि मेरो छुटाउनेवाला जीवित छ र ऊ अन्तमा पृथ्वीमाथि उभिनेछ। र, आफ्‌नो छालाको यसप्रकार नाश भइसकेपछि पनि म शरीरमा भएर परमेश्वरको दर्शन पाउनेछु; उनको दर्शन म आफ्‌नो आँखाले आफ्‌नो लागि गर्नेछु।"

९६. उसले देखेको थियो, ती रूखहरूको विषयमा, ती वनस्पति जीवनमा विषयका कुराहरू गरिरहेका थिए कि यो कस्तो प्रकारले मर्दछ र फेरि बाँच्दछ। पानी यसमा

फेरि पनि जीवन ल्याइदिन्छ। पानीको गन्ध, पानीको सुगन्ध, वृक्षमाथि पानी खन्याउनुको कारण वृक्षमा या त्यस विजमा जुन जमीनमुनि हुन्छ, जीवन ल्याइदिन्छ। परन्तु अयुबले भन्यो, "परन्तु पुरूष मर्दछ र रहिरहन्छ, जब उसको प्राण छुट्यो, तब उ कहाँ रह्यो ? उसका केटाकेटी उसलाई सम्मान दिन आउँदछन् र उसलाई थाहा हुँदैन। असल हुने थियो कि तँ मलाई चिहानमा लुकाउदो होस् र जबसम्म तेरो रिस कम नहोस् तबसम्म मलाई लुकाई राख्दोहोस्।" यो अयुबको पुस्तकको १४ औं अध्यायमा छ। उसले भन्यो, "यदि मानिस मर्दछ भने के उ फेरि जीवित हुन्छ (हुनेछ) ? आफ्ना जीवनको सबै नियुक्त समयसम्म म प्रतिक्षा गरिरहनेछु, जबसम्म तेरो बदलामा अर्को आउँदैन (या तेरो सरूवा) हुँदैन। तँ मलाई बोलाउँथिस् र म बोल्दथिएँ, तैंले मेरा दिन नियुक्त गरेको छस, जसलाई म पार गर्न सक्तिन।" अत: उ यी सबै कुराहरूको विषयमा जान्दथियो। उसले वृक्षको जीवनलाई देखेको थियो, परन्तु मनुष्यलाई के हुन्छ, जब उ मर्दछ ? ऊ फेरि उठेर उभिँदैन थियो। अत: परमेश्वर उसलाई यस छुटाउनेवालालाई देखाइरहेका थिएँ।

९७. उ हेर्न चाहन्थ्यो कि के कोही छ उसको लागि मध्यस्थता गर्न सकोस्। उसले कैयौं मानिसको लागि मध्यस्थता गरिसकेको थियो, परन्तु के अब कोही यस्तो छ, जो उसको लागि बोल्न सक्दछ ? के कोही थियो जो आफ्नो हात अयुबमाथि या एउटा पापी मनुष्यमाथि र पवित्र परमेश्वरमाथि राख्न सकोस् र यसप्रकार मध्यस्थता गर्न सकोस् ? के कोही छ, जो परमेश्वरको

भवनमा जान सकोस् र ढोका ढक्ढक्याउन सकोस् । के परमेश्वर उसको लागि ढोका खोल्नेछन् र उससँग एकछिन कुरा गर्नेछन् ?

९८. परन्तु यसपछि जब प्रेरणा उसको हृदयमाथि झर्‍या भने उसले परमेश्वरलाई देख्न सक्दथ्यो । तब बिजुलीहरू कड्किरहेको थियो, गर्जन भइरहेको थियो र जब यस्तो भयो, तब उ आफ्नो खुट्टामा उभियो र उसले भन्यो, "मलाई त निश्चय छ कि मलाई छुटाउनेवाला जीवित छन र उ अन्तमा पृथ्वीमाथि उभिनेछ ।" देख्यो, उ आफ्नो विश्वासको प्रति परमेश्वरको प्रतिक्रियालाई हेर्न थालेको थियो ।

९९. अब हामीलाई आश्चर्य हुन्छ कि के हामी परमेश्वरलाई देख्न सक्दछौं ? के कुनै यस्तो तरिका छ कि हामी परमेश्वरलाई देख्न सकौं ? परमेश्वरसँग केवल एउटा यस्तो तरिका थियो, जसलाई अयुब बताउने प्रयास गरिरहेको थियो । "मैले उसको सुसमाचार आफ्ना कानले सुनेको थिएँ, परन्तु अब म उसलाई देख्दछु ।" ऊ दृश्यको दर्शन सफा देखाइएको थियो । उसले बादललाई चारैतिर मडारिँदै रहेको देखेको थियो, उसले बिजुली गर्जिएको सुनेको थियो या देखेको होस् र हुनसक्दछ कि सफा दिनमा अर्थात् दिनको उज्यालोमा उसले बादल गर्जिएको देखेको होस् र उसले परमेश्वरलाई त्यस बादलमा र ती बिजुलीहरूमा देखेको थियो । ऊ परमेश्वरलाई आफ्ना भौतिक आँखाले देख्न सक्दथियो । देख्यौ, के अदृश्य दृश्य भएको थियो । आँखाद्वारा देखिनेवाला अर्काको दर्शन भौतिक आँखाहरूलाई तब प्रमाणित गरिएको थियो, स्पष्ट गरिएको थियो ।

१००. जस्तो कि हामीले गत रात्रि बताएका थियौं कि विश्वास कर्मसँग क्रियान्वित हुन्छ। अब्राहिमसँग थिएन ... पवित्रशास्त्र पढ्नको लागि परन्तु उ एउटा भविष्यवक्ता थियो। उससँग केवल उसको दर्शन र उसको विश्वास थियो र यो अरूलाई गलत प्रतित हुन्थ्यो कि उ यस ढंगबाट सोच्दछ कि उसकहाँ एउटा बालक उत्पन्न हुनेछ। परन्तु उनकहाँ एउटा बालक उत्पन्न भएको थियो किनकि यो उसलाई बालकको दर्शन थियो, जो यसको विषयमा बताइरहेको थियो कि मेरो पुत्र हुनेवाला छ, मेरो पुत्र हुनेवाला छ।" परन्तु जब बालक उत्पन्न भयो भने अरू मानिस त्यो देख्न सक्दथिए जुन उसले दर्शनमा देखेको थियो र जब तपाईं आफ्नो त्यस विश्वासको अनुसार जुन तपाईंको हृदयमा हुन्छ, कार्य गर्नुहुन्छ। (तपाईंको कार्य गर्ने ढंगबाट) भने तब मानिस परमेश्वरलाई जान्दछन् र थाहा पाउँछन् कि तपाईंमाथि (तपाईंलाई) के घटित हुनेवाला छ। यही त्यो तरिका छ, जसबाट परमेश्वरलाई तपाईंका आँखाहरूले देख्दछन्। परन्तु अब्राहिमको लागि उसले जे जस्तो पनि गरेको थियो, त्यो उचित थियो, तापनि उसलाई यो कुराको आवश्यकता थियो कि कोही उसको लागि मध्यस्थता गरोस्। जब बालक... इसहाकको जन्म भयो तब जुन प्रेरणाले उसलाई उतिर प्रेरित गरेको थियो, त्यसै प्रेरणाले नै उसको दर्शनलाई साकार गरेको थियो, ताकि मानिसलाई यो थाहा होस् कि जुन उसले दर्शन देखेको थियो, त्यो वास्तवमा सत्य थियो।

१०१. कहिले-कहिले विश्वासको यो महान नाडी- स्पन्दन कसमा कसको बेला स्पन्दित हुन्छ। आम तरिकाले कसले हामीलाई यसमा लैजान्छ अर्थात् कसमा कसले नै

विश्वासको यस महान नाडीलाई स्पन्दित गर्दछे। यो समयमा नै जो मानिसलाई यसमा लिएर गएको थियो। उ आफ्नो जीवनको अन्तमा थियो, उसका सन्तानहरू मरिसकेका थिए। उसका उँट मरेका थिए र उसका सबै सामान नष्ट भैसकेका थिए र उसको आफ्नो जीवन सारै दयनीय अवस्थामा थियो र उसको आफनो जीवन उसको शीरको शीर्ष (चुचुरो) देखि लिएर खुट्टाको पैतलासम्म छालाहरूबाट चुरचुर भएको थियो। उसको लागि यो महान संकटको समय थियो र उसले स्वयंलाई यस दबावमा आउँन दियो र यही त्यो समय थियो जब प्रेरणाले उसलाई स्पर्श गरेको थियो।

१०२. ओहो स्त्री र पुरूष, आज राति यदि तिमी आफ्नो चारैतिर देख्न सक्दछौं भने हेर कि हामी प्रभुको आगमनको कति नजिक छौं। तपाईंहरू सबैले पवित्र आत्माको वप्तिस्मालाई स्वीकार गरिदिनुभएको छ। हुनसक्छ छ कि कुनै समवेदनामाथि या ती कार्यहरूमाथि जसलाई तिमीले गरेका छौ, जसलाई शैतानले बिगार्न सक्दछ निर्भर गर्दछौं र परमेश्वरको प्रतिज्ञाहरूसँग सबै बेला हिंड्नका लागि वास्तविक आत्मा हुन सक्दैन। कसरी कुनै मानिस पवित्र आत्मालाई भेट्टाएको दावा गर्न सक्दछ जब कि ऊ यस पवित्र शास्त्रको एउटा वचनलाई इन्कार गर्दछ कि 'यो ठीक छैन।' तपाई यो गर्न नै सक्नु हुन्न।

१०३ यसबाट कुनै मतलव छैन कि तपाई कति धार्मिक हुनुहुन्छ तपाई कति चर्चहरूको सदस्य हुनुहुन्छ, तपाईको नाम कति रजिष्टरहरूमा लेखिएको छ, यति तपाईमा त्यो विशुद्ध पवित्र आत्मा (जुन कि यो प्रकट बचन हो) हो, भने तपाई सन्देशलाई र समयलाई

देख्नुहुनेछ, किन कि यो पवित्र आत्मा नै हो जो यो गर्दछ। परन्तु कि यो पवित्र आत्मा नै हो जो यो गर्दछ। परन्तु त्यहाँनिर यस्तो प्रकाशको आवस्यकता छ, जसकोद्वारा तपाईमाथि प्रेरणा खसोस् र यदि त्यहाँ ..... यदि तपाई भूमिमा पानी खन्याउँदै जानुस् र त्यहाँ कुनै विज नहोस् जुन उससँग ठोकियोस्, तब यो कुनै पनि चिजलाई कसरी उत्पन्न गर्न सक्दछ ? त्यहाँनिर केही यस्तै छँदै छैन जुन बाहिर निस्कन सकोस्। यही कारण हो कि केवल परमेश्वरका चुनिएकाहरूले यसलाई देख्ने छन्।

१०४ परमेश्वरले चुनिएकाहरूले नै उसलाई नूहको समयमा, बैसलीको समयमा, पेन्टीकोस्टल समयमा देखेका थिए, किन कि यो विज थियो जुन भूमिका पडिरहेको थियो, जब यो प्रेरणा खन्याइए कि थियो। अब जब कि दुलहनलाई एकै ठाउँ गर्नका लागि प्रेरणांलाई खन्याइएको छ भने यो केवल चुनिएको नै हुन् जसलाई देख्ने छन्। येशूले भन्नुभएको थियो, "हे पिता; म तिमीलाई धन्यवाद दिन्छु कि तपाईंले यी कुराहरूलाई ज्ञानिहरू र समझदारहरूसँग लुकाएर राख्नुभयो र बालकहरूमाथि प्रकट गर्नुभयो।" अब, प्रेरणालाई यसमाथि खसाउनु नै छ।

१०५ अब हेर्नुहोस्, जब प्रेरणा त्यसमाथि खस्यो, भने उसले नै यो गरेको थियो। त्यसबेला यो उससँग थियो। अब जब कि दवाव परिरहेका छन् भने हामी देख्दछौं कि यो उतार-चढावको समय हो। आज तपाई आफ्नो चारैतिर हेर्नुहोस् र त्यस स्थितिलाई हेर्नुहोस् जसमा हामी बाँचिरहेका छौं। के हामी आधुनिक सदोम र गमोरामा रही रहेका छैनौं। के संसार फेरि स्थितिमा

आएको छैन ? त्यो अन्य जातिको जगत थियो जुन आगोबाट नास गरिएको थियो । के येशूले सन्तालुका रचित सुसमाचारलाई १७ वाँ अध्यायको २८ वाँ, २३ वाँ, र ३० वाँ पदमा भनेको थिएन कि, "जस्तो सदोमका दिनहरूमा भएको थियो त्यस्तै नै मनुष्यको पुत्र आउने अर्थात् मनुष्यको पुत्र प्रकट हुने बेलाका दिनहरूमा पनि हुनेछ ।" प्रकट हुने के हो ? अर्थात् प्रकाशन के हो ? गुप्त रूपलाई विदित गराउनु, या गुप्त रूपलाई प्रकट गराउनु नै प्रकाशन हो ।

१०६ ती सबै कुराहरू जुन मण्डली कालहरूमा छिपेका थिए । ती प्रकट गरिएका छन्, उनीहरूलाई जानकारी गराइएको छ । अब हामी भन्न सक्दथ्यौं, कि यदि प्रभुले नै यिनलाई प्रकट गरेका होइनन् भने यो झुठो हो । हेर्नुहोला, आफ्नो वचनलाई अनुवाद गर्नका लागि परमेश्वरलाई कसैको आवश्यकता हुँदैन । ऊ स्वयं आफ्नो अनुवादका हुन् । उसले भन्यो, "एउटी कुमारी गर्भवती हुने छ ।" र ऊ गर्भवती भएकी थिई । उसले भन्यो, "उज्यालो भई जाओस् ।" र उज्यालो भएको थियो । र हामी लूथरको समयमा वैसलीको कालमा या पेन्टीकोस्टल कालमा रहिरेका छैनौं । पेन्टी कोस्टल काल त केवल त्यो समय थियो बरदानलाई पुनः प्राप्ति भएको थियो र कलीसियामा फेरि फर्किएर आएका थिए । परन्तु हामी साँझको बेलामा रहिरहेका छौं, हामी त्यस बेलामा रही रहेका छौं जब दुलही बाहिर बोलाईन गइरहेको छ ।

१०७ र जसरी कैथोलिकहरूको लागि लूथरलाई देख्नु कठिन थियो र लूथरहरूको लागि बैशलीलाई देख्नु कठिन थियो र पेन्टीकोप्टल.. वैशालीहरूको लागि पेन्टीकोस्टल काललाई देख्नु कठिन थियो, ठीक त्यस्तै नै

पेन्टीकोस्टलको लागि यस काललाई देख्नु कठिन छ, सर्वदा यस्तो नै भई नै रहेको छ, किन कि यो त चुनिएका विज माथि नै खन्याइन्छ। यही हो त्यो जुन पवित्र शास्त्र सिकाउँछ। उनीहरू यसलाई देख्न सक्दैनन्। यहाँसम्म कि येशूले पनि उनको लागि प्रार्थना गरेका थिए, उसले भन्यो, "उनीहरू अन्धा थिए र उनीहरूलाई यो थाहा पनि थिएन।" प्रकाशित वाक्य हामीलाई बताउँदछ, यस लाओडेसियायी कालमा जब कि उनीहरूले उसलाई चर्चबाट बाहिर निकालेका छन्, "उनीहरू नाँगा छन् कंगाल छन्, तुच्छ छन्। अन्धा छन्, र यो थाहा पनि पाउँदैनन्।" यस्तो फेरि पनि हुँदैछ, उनीहरू रीतिरिवाजहरूमा अत्याधिक बाँधिएका छन्।

१०८ परन्तु परमेश्वरका प्रतिज्ञा गरिएका बचनलाई स्मरण राख्नुहोस्, जुन येशू मसिहको मुखबाट बोलिएको छ, जो कि त्यही परमेश्वर हुन जसले सृष्टिलाई अस्तित्वमा आउनका लागि बोलेका थिए, उनै एउटा थियो जसले जगतको उत्पत्ति भन्दा पहिले बचन बोले कि "यस्तो भइजाओस्" र यस्तै नै भएको थियो। किन कि उसले भनेको थियो, "ऊ जगतमा थियो र जगत उसकैद्वारा उत्पन्न भयो र जगतले उसलाई चिनेन। परन्तु जतिले उसलाई ग्रहण गरे उनले उनीहरूलाई परमेश्वरको सन्तान भएको अधिकार दिए।" जब ठीक त्यसै सृष्टिकर्ताले जो कि उनी स्वयम् थिए, लाजरसलाई मरेकाहरू मध्यबाट बचाए भने उसले भन्यो, "तिमी यसलाई विचित्र नसम्भ, किन कि यस्तो समय आउँदछ, जो सबै चिहानमा छन्।" उनीहरू मनुप्यको पुत्रको आवाजलाई सुन्ने छन् र बाहिर निस्किएर आउने छन्।"

ठीक त्यसै परमेश्वरले उसले यो भनेको थियो, "उज्यालो भै जाओस्" त्यसै परमेश्वरले भनेको थियो, मनुष्यको पुत्रको आवाज उनलाई जो चिहानमा छन् जगाई दिनेछ, यसले आफ्नै मौसममा हुन छ। उसले भन्यो, "नर र नारी जाउन" र उसले यी सबै कुराहरूलाई यी घटित हुनुभन्दा कैयौं सय र हजार वर्ष पहिले नै भनी दिएको थियो।

१०९ यही प्रेरणा यशैयासँग टकराएको थियो र तब उसले भनेको थियो "हामीलाई एउटा पुत्र दिइएको छ। उसको नाम युक्ति गर्नेवाला पराक्रमी परमेश्वर, अनन्तकालको पिता र शान्तिको राजकुमार राखिने छ।" वर्षौं बितिसक्यो, महिना, साल, दिन, हप्ता बित्दै गए, सयकडौं वर्ष बितिसके। आठ सय वर्षपछि इम्मानुएल एउटी कुमारीकोद्वारा उत्पन्न भएको थियो। किन ? किन कि यो परमेश्वरको अभिषिक्त नवीको ओठबाट बोलिएको थियो, यसैले त्यो बीज अगाडि बढ्दै गएको थियो। बुझ्यौ ? भन्यो, "त्यस महान घडीलाई तिमी खोज्ने छौ... मसँग दर्शन या चिन्ह माग्ने छौ।"

११० उसले भन्यो, "म तिमीलाई एउटा चिन्ह दिने छु, जुन सँधैको चिन्ह हुनेछ, कि एउटी कुमारी गर्भवती हुनेछ, र यही सदाको चिन्ह हुनेछ।"

१११ अब, हामी देख्दैछौं कि ती वास्तविक दवावको समयहरूमा वस्तुतः यही त्यो समय हुन्छ जब परमेश्वरको आत्मा आउँदछ यो भन्दा पहिले कि ऊ आफ्नो हात बढाउँदै उसले ती तीन इब्रानी बच्चाहरूलाई आगाको भट्टीसम्म जान दिएको थियो। परन्तु जब ऊ बढ्दछ तब अगाडि बढ्दैछ।

११२ अब हामी यहाँ लूकाको पुस्तकको ९६ वाँ अध्यायको २० वाँ अध्यायमा देख्दछौं कि उसले भनेको थियो, "अन्तका दिनहरूमा मनुष्यको पुत्र आफूले आफैलाई ठीक त्यसरी नै प्रकट गर्नेछ जसरी उसले स्वयंलाई सदोम र गमोरामा गरेको थियो र अन्तको समयमा संसारको हालत सदोम र गमोराको जस्तै हुनेछ।" उसले मोसाको विषयमा भनेको थियो, मलाई क्षमा गर्नुहोस् उसले मोसाको विपयमा होइन बरन नूहको विपयमा बताएको थियो, कस्तो प्रकार त्यसबेलाका मानिस, "खाने, पिउने गर्दथिए र उनीहरूमा विवाह-बटुल हुने गर्दथ्यो" यसपछि ऊ चारैतिर घुम्यो र उसले भयो, "जस्तो लूतका दिनहरूमा भएको थियो त्यस्तै नै मानिसको पुत्र प्रकट हुने दिनहरूमा पनि हुनेछ।" अब ध्यान दिनुहोस् मानिसको पुत्र अब्राहामको झुण्डमाथि एउटा मानिसको रूपमा, एउटा भविष्यवक्ताको रूपमा मानवीय देहमा एउटा साधारण मानिसको रूपमा प्रकट भएको थियो, उसको वस्त्र धुलोले मैलो भएको थियो र अब्राहामले उसलाई 'एलोहिम' भनेको थियो।

११३ अब येशू प्रतिज्ञा गरिरहेका छन् कि अन्तका दिनहरूमा आगो वर्षनुभन्दा ठीक पहिले मानिसको पुत्र फेरि पनि यस्तै प्रकारको झुण्डमाथि अब्राहामको शाही वंशमा प्रकट हुने छ। याद रहोस् कि यसपछि फेरि कहिले कलीसियालाई कुनै गवाई भेटेको थिइन, अब्राहामलाई अर्थात् उनीहरूलाई यसपछि अरू कुनै प्रमाण दिइएको थिएन। जुन प्रतिज्ञा गरिएको पुत्रलाई उनीहरू प्रतिज्ञा गरिरहेका थिए, ऊ ठीक यसपछि आएको थियो र आज कलीसिया जुन प्रतिज्ञाको पुत्रलाई प्रतिज्ञा गरिरहेकी छ, ऊ यस सेवकाईको ठीक पछि आउने छ, ऊ आकाशमा

प्रकट हुनेछ, अब हामी यसलाई सारै नै स्पस्टसँग देख्दछौं, यस्तो अवश्य नै हुनुछ। अब जब एउटा काम हुनु छ त्यो यो हो कि कुनै इन्सानमा स्पन्दन उत्पन्न गरोस्। परमेश्वर उसलाई बताउँदछ, देखाउँदछ र प्रमाणित गर्दछ कि यस्तो नै हुनुछ र तपाई जान्नेवाला हुनुहुन्छ.... ।

११४ जस्तो मोसाले गरेको थियो, ऊ ती मानिसहरूलाई छुटाउन चाहदैन थियो, परन्तु परमेश्वरले उससँग बल्दै गरेको झाडीमा कुरा गरे। ऊ जान चाहदैन थियो, परन्तु उसले जानै परेको थियो। मोसाले सुनेको थियो कि ऊ महान यहोवा हो। परन्तु तब ऊ उसलाई देख्न सक्दथ्यो, ऊ आगाको सतूनको रूपमा थियो। "मैले उसको सुसमाचार आफ्नो कानले सुनेको थिएँ, परन्तु अब म उसलाई देख्दछु।" उसले त्यसमा के देखेको थियो ? परमेश्वरको प्रमाणित बचन।

११५ परमेश्वरले अब्राहामलाई भने कि, "उसका मानिस पराय देशमा चार सय वर्पसम्म परदेशी भएर बस्ने छन् परन्तु ऊ उनलाई आफ्नो सर्वशक्तिमान हातहरूले बाहिर निकालेर ल्याउने छ।"

११६ र ध्यान दिनुहोस्, यो बल्दै गरेको झाडी त्यस कुरालाई प्रमाण दिएको थियो जुन भविष्यवक्ता अब्राहामले भनेको थियो कि घटित हुनेछ। मोसाले भन्यो, मैले यसको विपयमा सुनेको थिएँ, परन्तु अब म यसलाई देख्दछु।

११७ अब हामीले सुनिसकेका छौं कि अन्तको दिनहरूमा मनुष्यको छोरो आफ्ना मानिसहरूको विचार आउने छ र स्वयंलाई मानिसहरूमाथि त्यसै रीतिबाट प्रकट गर्नेछ

जस्तो उसले स्वयंलाई.... सदोमको सर्वनाश भन्दा ठीक पहिले प्रकट गरेको थियो। तब मनुष्यको पुत्रले नै गरेको थियो ? ऊ ती गुप्त कुराहरूलाई जुन साराको हृदयमा थियो थाहा पाउँद थियो। उसले अब्राहामलाई एउटा प्रतिज्ञा पनि दिएकी थिई। अब्राहामले परमेश्वरको आवाजलाई सुनेको थियो, हुनु सक्दछ उसले परमेश्वरलाई विभिन्न रूपमा देखेको होस्। परन्तु उसले उसलाई यस पटक देखेको थियो। "मैले तेरो विपयमा सुनेको थिएँ, तर अब म तँलाई देख्दछु।"

११८ र कलीसिया परमेश्वरको विपयमा सुनिसकेकी छ, उनले त्यसको विपयमा पढिसकेका छन्, उनीले पढिसकेका छन् कि उसले के गरेको थियो र उसले के प्रतिज्ञाहरू गरेकी थिई, परन्तु अब हामी त्यसलाई आँखाले देख्दछौं कि अयूबले देखेका थियो। "मैले तेरो विपयमा सनेको थिएँ, परन्तु अब म तँलाई देख्दछु।" ओ हो प्रभु ! कति नै फरक छ।

११९ मोसा त्यस उतार-चढावमा संकटमा दोहाई दिन लागेको थियो र हामी यर्मियाको पुस्तकको १४ वाँ अध्यायको १३ वाँ देखि लिएर १६ वाँ पदमा देख्दछौं कि जब त्यहाँ मोसा इजरायलका सन्तानसँग एउटा सारै ठूलो दवावमा थियो, भने त्यसैबेला प्रेरणा उससँग टकराउँछे र उसले यो भनिदियो, जुन उसलाई भन्नु थियो, जब कि उसलाई थाहा पनि थिएन कि उसले यो भनेको हो, बुझ्यौ "चुपचाप उभिइराख, उभिई उभिई त्यस उद्धारको कामलाई हेर, जुन यहोवा आज तिम्रो लागि गर्ने छ।" परमेश्वरले आजसम्म उससँग कदापि कुरा गरेका थिएनन्। देख्यौ, प्रेरणाले उसलाई छोएको थियो।

१२० उनीहरूले भने तैंले हामीलाई यहाँ किन निकालेर ल्याएका छौ ? हामीले त मिश्रमा नै मर्नुपर्ने थियो। के मिश्रमा कब्र थिएन। जुन तैंले हामीलाई यहाँ लिएर आइस् ? तैंले हामीलाई यहाँ मर्नका लागि लिएर आएको होस्, हामी त्यहाँ जबसम्म मृत्यु आउँदैन थियो, दाश बनेर शान्तिसँग रहन सक्ने थियौ। परन्तु तैंले हामीलाई यहाँ लिएर आएको छस्।"

१२१ मोसा, जुन कि एउटा भविष्यवक्ता थियो, चाल पाउँद थियो कि उसले परमेश्वरको सम्मुख पुग्न पर्ने हो। ऊ प्रेरणाले भरिएको थियो र उसले भन्यो, चुपचाप उभिइराख र उभिई-उभिई त्यो उद्धारको कामलाई हेर जुन यहोवा आज तिम्रो लागि गर्ने छ, किन कि जुन मिस्त्रिहरूलाई आज तिमी देख्दछौ, तिमीहरूलाई फेरि कहिले देख्ने छैनौ। उसलाई कसरी थाहा थियो कि यस्तो घटित हुने वाला छ ? ऊ यो कसरी थाहा पाउँद थियो ? यसलाई थाहा थिएन कि ऊ के भन्दछ।

१२२ परन्तु उसको विचवईको कामले यो भनाइएको थियो। परमेश्वरले उसलाई बताउनुभएको थियो कि यो कसरी गर्नुपर्दछ, परमेश्वरले भन्नुभयो, "मोसा तँ मेरो दोहाई नदे, तँ आफ्ना मानिसहरूलाई आफ्नो हातमा लिई र आफ्नो लाठो उठाएर आफ्नो हात समुद्रतिर लम्का र इजरायलीहरूलाई आज्ञा देऊ कि उनीहरू यहाँबाट केही गरून आमिन !

१२३ प्रेरणा यदि तपाई विरामी हुनुहुन्छ भने ठीक यसै प्रकारले यो तपाईसँग टकराउँदछे। यदि तपाई कमजोर हुनुहुन्छ भने ठीक यसै रीतिसँग यो तपाईसँग टकराउने छ। केही तपाईमाथि प्रकट गरिन्छ र तपाई देख्नुहुन्छ

कि यो प्रंकट भइसकेको छ र तपाई भनेर उठनुहुन्छ, "म चंगा भइसकेको छु।"

१२४ यसपछि परमेश्वर तपाईलाई बताउनुहुन्छ कि तपाईले के गर्नु छ, "मापथि उठ र हिंड्न सुरू गर।" आमिन ! जब तपाई यसलाई यस रीतिबाट गर्दछौ भने तपाई पूर्ण रूपबाट चंगा हुनुहुनेछ। ठीक यसै कारणले परमेश्वर यसलाई गराउँदछन्, तब तपाई परमेश्वरलाई आफैंबाट प्रकट हुँदै गरेको देख्नुहुनेछ।

१२५ यिनी परमेश्वर नै थिए जसले मोसालाई यो गर्नका लागि भनेका थिए। त्यसबेला जति पनि मानिस त्यहाँ थिए ती सबैले ती सबै इजरायलीहरूले प्रेरणालाई मोसा माथि झर्दै गरेको देखेका थिए। उनीहरूले परमेश्वरलाई आफ्ना आँखाले देखेका थिएँ, परमेश्वरले नै जललाई हटाई दिएको थियो र आगोको खम्बाले नै उनलाई समुद्रको माझमा मार्गदर्शन गर्नुभएको थियो। उनीहरूले परमेश्वरको विषयमा सुनेका थिए, परन्तु तब उनीहरूले परमेश्वरलाई देखेका पनि थिए।

१२६ जब शत्रुहरूका सेना एकत्र भएका थिए र सूर्य अस्ताउनै लागेको थियो भने यहोशू संकटको घडीमा थियो। यहोशू एउटा भविष्यवक्ता थियो र उसलाई थाहा थियो यदि शत्रुहरूको सेनालाई दोहोऱ्याएर दोहोरिएर एकत्र हुने अवसर मिल्दछ र तिनीहरू उसको विरूद्ध आउँदछ भने उसले आफ्नो र धेरै मानिसहरूको हानी उठाउनु पर्नेछ, अतः यस संकटको घडीमा केही गर्न सकिन्थ्ये... भने केवल यही थियो कि ऊ उनीहरूलाई भगाई देओस्, उनीहरूलाई लखेटीदेऊ; प्रत्येकलाई मारेर लडाई दिउन। परन्तु त्यहाँ यति प्रकाश थिएन कि उसले यस्तो

गर्न सकोस्, अत: यहोशू उभियो र उसले आफ्नो हातलाई माथि उठाएर भन्यो, "हे सूर्य तँ माथि नै अडी रहेर चाँद तँ अय्यालोन तराइको माथि माथि रहू, जबसम्म कि युद्धमा विजय प्राप्त नगरूँ।" र सूर्य अडिरह्यो । उनीहरूले यहोशू भन्दै गरेको सुनेको थियो र तब उनले परमेश्वरलाई कार्य गदै गरेको देखिसकेको थियो । यो सत्य हो ।

१२७ देख्यौ, यद्यपि यो निश्चय नै असत्य कथन या विरोधाभास कुरो थियो; किन कि, यो कुरो असम्भव प्रतित हुन्छ, तापनि यो सत्य हो । पवित्र शास्त्र बताउँदछ, "सूर्य थामिरहेको थियो, मलाई थाहा छैन कि तपाई के सोच्नुहुन्छ- तपाई सोच्नुहुन्छ कि पृथ्वी गोलो छ, परन्तु जसरी पनि होस्, सूर्य थामिरहेको थियो ।" शायद येशूले कहिले पनि यो थाहा पाउन चाहेको थिएन कि यस्तो कसरी हुनेवाला छ, परमेश्वर कसरी यसलाई गर्नेवाला छन्, परन्तु केवल एउटा कुरो उसले भनेको थियो त्यो यही थियो "सूर्य थामिरह्यो" उसले यो भनेको थियो । सायद यहोशूलाई थाहा थिएन कि ऊ के भनिरहेको थियो, कि यो परमेश्वर नै थियो जुन उसलाई यो भनाई रहेको थियो र परमेश्वरले यस्तो नै गरेका थिए ।

१२८ ठीक यही कुरो मरकुस ११:२३ मा छ, यदि तिमी यस पहाडसँग भन, कि तँ उखडी जा र आफ्नो मनमा सन्देह नगर, ती गर कि जे भनेको छ त्यो भई जानेछ, भने त्यही हुने छ । तपाई आफ्नो मनमा विश्वास राखेर यसलाई भन्न सक्नुहुन्छ, यसलाई बोल्नको लागि त तपाईलाई प्रेरणाबाट परिपूर्ण हुनुपर्नेछ । आमिन !

१२९ तपाई मलाई मेरा यी भावनाहरूको लागि क्षमा गर्नु, परन्तु त्यस दिनमा त्यहाँ जंगलमा बसिराखेको थियो। त्यो वचन मेरो सारा जीवनभरि मेरो लागि एउटा गुत्थी बनिरहेको थियो... म त्यस बिहान त्यहाँ जंगलमा बसिराखेका थिए र म यसमाथि (मरकुस ११:२३) माथि विचार गरिरहेको थिएँ, र त्यसैबखत त्यो आवाज मबाट बोलियो, उसले भन्यो, यो वचनको लेख सारा वचनहरूको जस्तै। यो साँच्चो हो।"

१३० र मैले सोचें, "ठीक छ, यस्तो कसरी हुन सक्दछ ?"

१३१ र उसले भन्यो, "तिमी...." मैले भने...उसले भन्यो, "बोल त्यस्तै नै भइजानेछ। यसलाई सन्देह नगर।"

१३२ म जंगलमा बसेर कसैसँग कुरा गरिरहेको थिएँ। त्यहाँ तीन दिनदेखि कुनै गिलहरि थिइन, त्यहाँ कुनै गिलहरि थिइन। र म एक प्रकारले अंजिरको रूख (Sycamore) को हाँगामा बसेका थिए। गिलहरीहरु यसमा आउँदैनन् .... जो गिलहरीहरूको शिकार गर्दछन्, उनीहरूलाई थाहा छ कि एक प्रकारका अजिरका रूखमा गिलहरीहरू हुँदैनन् र म त्यहाँ बसिराखेको थिएँ र हावा सारै तीव्रतासँग प्रवाहित भइरहेको थियो। त्यसबेला विहानको लगभग दश बजिरहेको थियो। र म फेरि पनि सोच्न थालेको थिएँ।

१३३ र उसले भन्यो, तँ शिकार गरिरहेको छस् र तँलाई गिलहरीहरूको ठीक त्यस्तै नै आवश्यक जस्तो अब्राहामलाई मेदकको थियो।

१३४ मैले सोचें, "यसले मलाई सँधै नै सत्य भनेको छ, परन्तु यो कुरो सारै नै विचित्रको जस्तो थियो। र जहाँ म बसेको थिएँ त्यहाँबाट म उठे र चारैतिर हेरें कि, "त्यो व्यक्ति कहाँ छ जो मसँग कुरा गरिरहेको थियो, परन्तु त्यहाँ कोही थिएन। हावा सारै कस्सिएर बहिरहेको थियो। र मैले सोंचे, "हुन सक्दछ म सुतेको हुनुपर्छ र मैले यो सपना देखेको होस् ? परन्तु यस्तो थिएन, म सुतेको थिइन। म त्यहाँ एउटा रूखको आडमा बसेको थिएँ र सायद म भाइवुड र भाई सोथमैन फर्कने बाटो हेरिरहेको थिएँ। त्यसबेला बिहानको लगभग दश बजेको थियो। किसान त्यहाँ टाढा काम गरिरहेका थिए र आफ्नो अन्न जम्मा गरिरहेका थिए।

१३५ र मैले त्यस आवाजलाई फेरि पनि सुनें, "तिमी शिकार गरिरहेका छौ र तिमीलाई गिलहरीहरूको आवश्यकता छ। तिमीलाई कति गिलहरीहरू चाहियो ?"

१३६ र मैले सोचें, "अब म यसलाई नजर अन्दाज गर्दिन, केवल तीन वटा गिलहरीहरू माग्ने छु। म तीन वटा राता भर्खरका (युवा), गिलहरीहरू चाहन्छु। म तिनीहरूलाई चाहन्छु।"

१३७. उसले भन्यो, "त्यसो भए तँ फेरि तिनको लागि बोल।"

१३८. र मैले भनें, "म तीन राता युवा गिलहरीहरू प्राप्त गर्न गइरहेको छु।"

१३९. उसले भन्यो, "तिनीहरू कुन बाटोबाट आउने छन्।"

१४०. मैले सोचें, "ठीक छ, म यहाँ टाढा आइपुगेको छु, मसँग यहाँ कोही कुरोकानी गरिरहेको छ।" जसरी तिमी मैले

कुरो गरेको सुनिरहेका छौ त्यस्तै म पनि त्यसलाई सुनिरहेको थिएँ। मेरो हृदयमाथि राखेको यस बाइबलसँग स्वर्गमा परमेश्वरलाई थाहा छ कि यो सत्य हो। र उसले... मैले भनें, ठीक छ,.... "मैले एउटा अत्यन्त दुर्गमस्थल चुने, त्यहाँनिर एउटा पुरानो सुखेको रूखको तना थियो।

१४१. मैले भनें, "पहिलोवाला ठीक त्यस ठाउँमा भईजाओस्।" र ऊ त्यहाँ थिइ।

१४२. मैले आफ्ना आँखाहरूलाई मसाले र पछाडि हेरें मैले सोचें, "म दर्शनलाई गोली चलाउन चाहन्न।" अतः मैले चारैतिर हेरें त्यहाँ एउटी गिलहरी बसिराखेकी थिई। मैले आफ्नो बन्दुकमा एउटा कास्तुस हालें र मैले त्यसमाथि निशाना लगाएँ र म त्यसका कालाकाला आँखा देख्न सक्दथिएँ, ऊ रातो रंगकी युवा गिलहरी थिई। मैले सोंचे, "म-म... हुन सक्दछ, म सुतिरहेको होऊँ, म-म केही छिनपछि विउँझने छु।" मैले निशाना लगाएँ र गिलहरीमाथि गोली पडकाएँ र ऊ त्यस तनबाट तल झरी। मैले विचार गरें, "ठीक छ, मलाई थाहा छैन।" मैले सोचें, "ठीक छ, के म त्यहाँ गएर त्यसलाई हेरूँ ? म त्यहाँ गएँ र मैले देखें ऊ त्यहाँ मरेर लडिराखेकी थिई। मैले उसलाई माथि उठाएँ र उसबाट रगत बगिराखेको थियो। तपाईलाई थाहा छ, दर्शन रगताम्य हुँदैन। अतः मैले त्यसलाई माथि उठाएँ र यो गिलहरी नै थिई। म पूरा किसिमले सुन्य जस्तो भएको थिएँ।

१४३. र मैले चारैतिर हेरें, मैले भनें, प्रभु यो तपाई नै हुनुहुन्थ्यो ।" मैले भनें, "प्रभु, यसको लागि तपाईलाई धन्यवाद छ । अब म बाहिर निस्कने छु र...."

१४४. उसले भन्यो, "परन्तु तिमीले भनेका थियौ ! के तिमी त्यसमाथि सन्देह गर्दछौं जुन तिमीले भनेका थियौ ? तिमीले भनेका थियौ कि तिमीलाई तीन गिलहरी चाहियो । अब अर्की कहाँबाट आउने छ ?"

१४५. मैलो सोचें, "ठीक छ, यदि म सपना देखिरहेको छु भने म यसलाई देखिरहुँला ।"

१४६. अतः मैले भने, "मैले त्यहाँ, पुरानो जस्तो जगा छाने, मैले त्यहाँ, एउटा सस्तो रूख छाने जसमा विपालु सदावहारको लहरो पूरा किसिमले बेरिएको थियो । तपाई त्यसमा कहिले पनि गिलहरी देख्न सक्नुहुन्न । अतः मैले भने, "अर्की गिलहरी यस विषालु सदावहारको लहरोबाट आइज ।" र त्यहाँ एउटी रातो रंगकी गिलहरी बसिराखेकी थिई जो मतिर हेरिरहेकी थिई । मैले आफ्नो बन्दुकलाई तल राखें र आफ्ना आँखाहरूलाई भाँडे र फेरि मैले चारैतिर हेरें । मैले सोचें ... त्यहाँनिर त्यो बसी राखेकी छ र उ आफ्नो शिर टाउको यताउता घुमाइरहेकी थिई । मैले उसमाथि गोली चलाएँ र यसपछि म आफ्नो घरतिर हिँड्न थालें ।

१४७. परन्तु उसले भन्यो, "तिमीले तिनको लागि भनेका थियौ । के तिमी त्यसमाथि सन्देह गर्दछौं, जुन तिमीले भनेका थियौं ।"

१४८. मैले भनें, "होइन प्रभु, म त्यसमाथि सन्देह गर्दिन, जुन मैले भनेको थिएँ, किनकि तपाईं त्यसलाई पुष्टि गरिरहनुभएको छ ।

यो वचनको त्यो लेख थियो जुन मेरो लागि एउटा गुत्थी बनेको थियो कि "यदि म भनुँ, परन्तु यदि तपाईंले भन्नुभयो ।" होइन यदि येशूले यो भन्नुभएको थियो, परन्तु यदि हामी यसलाई स्वयं नै भन्यौ ।"

१४९. मैले सोचें, जसरी पनि होस् । म त्यो बाटो हुँदै त्यहाँ प्रवेश गरेको हुनुपर्छ । र, मलाई थाहा छ कि उ यहाँनिर छ, किन कि म लगभग आफूबाट आफैं बाहिर छु । मैले सोचें, म यस विचित्र घटनाको प्रति पूर्ण विश्वस्त हुन चाहन्छु ।"

मैले भनें, "त्यो रातो रंगकी गिलहरी त्यस पहाडबाट यहाँ तल यस बाटोमा आओस् र मेरो नजिकै हुँदै जाओस् र त्यस वृक्षको लहरोमा गएर बसोस् र त्यस किसानलाई देखोस् ।" र, त्यो त्यस पहाड हुँदै, त्यो बाटो हुँदै आई मेरो नजिकैबाट गई र वृक्षको हाँगोमा गएर बसी र उसले किसानलाई देखी र मैले उसलाई गोली चलाएँ ।

१५०. शैतानले मसँग भन्यो, "तँलाई थाहा नै के छ ? यो जंगल यसबेला गिलहरीहरूले भरिइरहेको छ ।" र म त्यहाँ बाह्र बजेसम्म बसिरहें र अन्य केही पनि घटित भएन । यसले यो प्रदर्शित गर्दछ कि जब परमेश्वर... उ स्वर्ग र पृथ्वीको सृष्टिकर्ता हो ।

१५१. अब जो यस सन्देशलाई सुनिरहनुभएको छ, यसबेला जैफरसनविलेमा एउटा परिवार छ, जसको नाम राइट परिवार हो। म र भाइ वुड उनीहरूलाई हेर्न गएका थियौं। उनीहरू चर्चको लागि प्रभु भोजलाई दाखरस बनाउँदछन्। त्यहाँ सानी एडिट् कोठामा बसिराखेकी थिई, त्यो सानी बच्ची विकलांग थिई र उ आफ्नो सारा जीवनभरि बिरामी थिई र हामी उसलाई निको होस् भनेर सधैं नै परमेश्वरतिर हेर्दै थियौं। उसकी बहिनी विधवा थिई। उसको पति मरिसकेको थियो। उसको नाम हैटी थियो। उ सारै नै नम्र सानी स्त्री थिई र जब कि म र भाइ वैंकस उनीहरूको लागि खरायो पक्रिन गएका थियौं, उनीहरूले हाम्रो लागि स्वादिष्ट चैरी कोवलर बनाए र उनीहरूले हामीलाई बसाए र त्यसलाई खुवाए (अर्थात् त्यो हामीलाई खुवाए)।

१५२. हामी सबै एउटा मेचको चारैतिर बसेका थियौं। हामी यस विषयमा कुरा गरिरहेका थियौं। यस्तो केही दिन पहिले भएको थियो र जबकि हामी मेचमा चारैतिर बसिराखेका थियौं र यस विषयमा कुरा गरिरहेका थियौं कि एकाएक मैले भनें, "के यस्तो हुन सक्दथियो ?" मैले भने, "भाइ राइट तपाईं एउटा वृद्ध हुनुहुन्छ, तपाईंले आफ्नो सारा जीवनभरि गिलहरीहरूको शिकार गर्नुभएको छ। भाइशेलवी, तपाईं गिलहरीहरूको शिकार गर्न निपुण हुनुहुन्छ। भाइ वुड तपाईं पनि एउटा निपुण शिकारी हुनुहुन्छ। म पनि त्यसबेलादेखि यिनीहरूको शिकार गरिरहेको छु, जबदेखि म केटाकेटी थिएँ के तपाईंले कहिले अंजिर जस्तो रूखहरूलाई र लोकस्टका झयांगमा गिलहरीलाई देख्नुभएको छ।

१५३. उनले उत्तर दिए, "हजुर होइन, श्रीमान !"

१५४. मैले भने, "तिनीहरू त्यहाँ थिएनन् नै ।" "म त केवल एउटा कुरा थाहा पाउँछु, त्यो अहिले पनि त्यही परमेश्वर हो। जब अब्राहिमलाई एउटा मेढेको आवश्यकता थियो भने त्यो "यहोवायिरे" थियो, उ स्वयं प्रदान गर्न सक्दथियो ।" मैले भने, "म विश्वास गर्दछु कि यो एकदमै त्यही कुरो हो ।"

१५५. र त्यो सानी हैटी जुन त्यहाँ थिइ, उसले भनी, "भाइ ब्रान्हाम, यो अरू केही होइन बरू सत्य हो ।"

१५६. उसले एकदमै सत्य कुरो भनेकी थिई। जब उसले यो कुरो भन्यो, तब पवित्र आत्मा त्यसद्वारा फेरि खन्याइयो र हरएकले त्यसको अनुभव गरे। म माथि उठें र मैले भनें, बहिनी हैटी प्रभु बन्द प्रभु यू फरमाउँदछ वाला बचन हो, तपाईंले सेराफेनी स्त्रीकि हजामले ठीक कुरो भनेकी छ। अब पवित्र आत्मा मसँग कुरो गरिरहेको छ र उसले मसँग तपाईंको हृदयको अभिलाषालाई प्रदान गर्नको लागि भनेको छ।" मैले भने, "अब यदि म परमेश्वरको सेवक हुँ, यदि यस्तो नै छ भने यो हुनेछ। यदि म परमेश्वरको सेवक हुइन भने म एउटा झूठो छु, म धोखेबाज हुँ र यो हुने छैन।" मैले भने, "अब तपाईं हेर्नुस् यो परमात्माको आत्मा हो कि होइन ।"

१५७. उसले भन्यो, "भाइ ब्रान्हाम, म के मागौं" त्यसबेला सबैसँग थियो ।"

१५८. मैले भने, "तिम्री एउटी विकलांगर (अपांग) या पंगु बहिनी छ जो कि त्यहाँ बसिराखेकी छ ।"

१५९. मसँग मेरो गोजीमा उसलाई हेर्नको लागि बीस डलर थिए। जुन उसले दानमा दिएको थियो। त्यस स्त्रीलाई त्यो सानो, पुरानो, गरीब फार्मबाट एक वर्षमा लगभग २० डलर पनि आर्जिन हुँदैनथियो र उसका दुई छोरा थिए। तिनीहरू १५।१६ वर्षका आयुका थिए। उनीहरू आफ्ना स्कूलका दिनहरूमा नियमित रूपले सरावखाना ( भट्टी) मा जाने गर्दथिए र आफ्नी आमासँग गाली गलौज गर्ने गर्दथिए र उनीहरू त्यहाँ उभिएर ती कुराहरू माथि हाँसिरहेका थिए जुन म भनी राखेको थिएँ।

१६०. र मैले भने, "तिमीसँग तिम्रा बुढा आमा-बाबु छन्, जोकि त्यहाँ बसिराखेका छन्। तिमीसँग कुनै पैसा छैन। तिमी धन माग र हेर कि के त्यो तिम्रो काखमा आएर खस्दछ। तिमी आफ्नी बहिनीको लागि माग र हेर कि के उ उठेर उभिन सक्छे र हिँड्छे।" तब म अयुबको भाँती (जस्तै) जान्दथिएँ कि जब यो तपाईंमाथि खस्दछ भने त्यहाँनिर केही यस्तो हुन्छ जसको विषयमा तपाई जान्नुहुन्छ। मैले भने, "मलाई थाहा छ कि म यहाँ लगभग दश व्यक्तिहरूको अगाडि उभिएको छु, यदि यो हुँदैन भने म एउटा झूठो भविष्यवक्ता हुँ।

१६१. उसले भन्यो, "यसको नियत तपाईं आफूले नै स्वयं गर्नुपर्ने छ। म तपाईंको निर्णय बताउन सक्तिन।"

१६३. त्यो सानी स्त्रीले चारैतिर हेरी र एकाएक उसले भनी, भाइ ब्रान्हाम, मेरो हृदयको हार्दिक अभिलाषा मेरा यी दुईटा छोराको उचारको छ (पुत्रलाई उद्धार हो।)"

१६४. मैले भने, "म येशू मसीहको नाममा तिम्रो छोराहरूलाई तिमीलाई दिन्छु।" र, ती केटा जो वडबडाइरहेका थिए,

हाँसिरहेका थिए र खिल्ली उडाइरहेका थिए, त्यसैबेला पवित्र आत्माबाट परिपूर्ण भई जान्छन् र आफ्नी आमाको काखमा लड्दछन् (घोप्टिन्छन्) र आफ्नो जीवन परमेश्वरलाई समर्पित गरिदिन्छन् ।

१६५. किन ? यो सत्य हो । परमेश्वरलाई अधिकार छ कि उ देशभरिबाट यहाँ आएका मानिसहरूको अगाडि मलाई मारिदिउन् । तपाईंभित्रबाट धेरै थाहा हुनुहुन्छ र जैफरसावीलेमा छन् । म यसबेला जैफरसनविलेलाई आराधनालयको घण्टी बज्दै गरेको सुन्न सक्दछु । आमीन ! किनकि उनीहरू त्यहाँ बसेर सुनिरहेका छन् । देख्यौ, किनकि यो सत्य हो । यो के हो ? यस्तो तब नै हुन्छ जब परमेश्वर आफ्नो सर्वोच्च अनुग्रह गर्दछन् । अर्थात् परमेश्वरको सर्बोच्च अनुग्रहकोद्वारा नै यस्तो हुन्छ । परमेश्वरको अनुग्रहको वाहीर यस्तो हुनै सक्दैन ।

१६६. त्यस कसमाकसको घडीमा ती व्यक्तिहरूको र ति मानिसहरूको विषयमा सोचनुस् जससंग म भली भाँती परिचित छु । परमेश्वर सबै वैभहरू र सबै वस्तुहरूलाई छाडेर त्यस गरीव, नम्र, व दीन रित्तलाई जो कि आफ्नो नामको हस्ताक्षर सारै मुस्किलले गर्न सक्दछिन् । त्यो दिन तल आयो जुन उसले मागेको थियो । उसलाई थाहा थियो कि उसले के मागेको छ । र यो त्यो स्त्रीको लागि महानतम् चिज थियो । किन कि अब उसकी बहीनी मरी सकेकी छ र उसका आमा बाबुले पनि मर्नु छ, धन भए नष्ट हुनेछ । परन्तु उसका छोराहरूको प्राणअनन्त भैसकेका छन् । यही उनीहरूको लागि त्यो घडी थियो कि उनीहरू उसलाई पक्रिउन अर्थात, पवित्र आत्मा पुत्रलाई लि लिउन् । र जब मैले भने, "म येशू मसीहको नाममा म तिम्रा छोराहरूलाई

तिमीलाई दिन्छु।" त्यसरी नै ति केटाहरू आफ्नी आमाको काखमा लडे। यहाँ निर यस्ता कति मानिस छन् जो यस सत्यलाई जान्दछन्। के तपाई यसलाई जान्नु हुन्छ ? देख्यौ र यस्तो नै भएको थियो। जि हजुर, यस्तो नै भएको थियो। यस्तो किन भएको थियो ? प्रेरणा

१६७. "मैले उसको विषयमा सुनेको थिएँ कि उ गिलहरीहरूलाई सृष्टि गर्न सक्दछ। उ मेदेको सृष्टि गर्न सक्दछ। परन्तु अब मैले उसलाई आफ्नो आँखाले देखि सकेको छु।" दर्शनका कुराहरूलाई उ साक्षात प्रकट गर्दछ। जब परमेश्वरले कसैको प्रतिज्ञा गरेका छन् र त्यस्तै नै गर्नेछ।

१६८. ध्यान दिनुस्, हुन सक्दछ, शायद तपाई पनि ठीक त्यस्तै नै आवश्यकतामा हुनुहुन्छ जस्तो यहोशु थियो। उसलाई आवश्यकता थियो। यसले कहिले पनि परिस्थितिहरूको विषयमा सोचेको थिएन। उसले केवल उसको लागि बोल्यो र जो परमेश्वर थिए जसलाई उसले पुरा गरेको थियो। जुन यहोशुले भनेको थियो। के तपाई विश्वास गर्नुहुन्छ कि सूर्य आफ्नै ठाउँमा बनिरहेको (अडिरहेको) थियो ? म यसलाई विश्वास गर्दछु। उसले यो कसरी गरेको थियो ? तपाई यसको तस्वीर बनाउने चेष्टा न गर्नुहोस परन्तु उसले यसो गरेको थियो। यहोशुले यस्तो गरेको थियो। त्यस संकटको घडीमा उसलाई परमेश्वरको आवश्यकता थियो। र उसले आफ्ना हाथहरूलाई माथि उठायो र यही हो त्यो जुन घटित भएको थियो। यस्तो समय अनुसार हुनु थियो। जिउँदै परमेश्वरको आत्माले उसको आवश्यकतालाई देखेको थियो। ठीक त्यसै परमेश्वरले म माथि (ममा) यस

बचनलाई यो पुष्टि गर्ने आवश्यकतालाई देखेको छ कि यो वचन सत्य हो । ठीक त्यसै परमेश्वरले पहिलेदेखि नै चुनिएका ति दुईटा केटाहरूको आवश्यकतालाई देखेको थियो र यही त्यो समय थियो, जब उसले यसलाई सिद्ध गरेको थियो र आफ्नो बचनलाई प्रमाणित गरेको थियो ।

१६९. सन्त मरकुसको १४ वा अध्यायमा हामी देख्दछौं कि एउटी स्त्रीले उस माथि (येशू माथि) विश्वास गरेको थियो । यसलाई आवश्यकता थियो र उसले देखिलिएको थियो कि त्यो स्त्री उसको (येशूको) खुट्टा धुने आवश्यकतामा महसुस गर्छौं आवश्यकता मान्दछे अर्थात् येशूले देखि सकेका थिए कि त्यो आईमाई उसको खुट्टालाई धुन चाहन्छे अर्थात् येशूले देखिसकेका थिए कि त्यो आईमाई उसले खुट्टालाई धुन चाहन्छे । अब त्यस स्त्रीलाई त्यस कुराको आवश्यकता थियो कि उसलाई प्रेरित गरियोस् कि उस कार्यलाई क्रियन्वित गरोस । अब तपाई यसलाई ध्यानपूर्वक सुन्नुस्.... यो भन्दा पहिले नै कि हामी यसलाई समाप्त नगरि कन तपाई यसलाई सारै नै ध्यानपूर्वक सुन्नुस । अब त्यस स्त्रीलाई केवल यसको आवश्यकता थियो कि उसलाई प्रेरित गरियोस् कि उ यस कार्यलाई गर्न सकोस् किन कि उ उसको विपयमा पहिले नै सुनिसकेको थिई । उसले सुनेको थियो कि उसले त्यस स्त्रीलाई जो कि व्यविचारिणी थिई क्षमा गरि दिएकी थिई । र उसले भनेको थियो । तिमीहरू मध्य कसैले पाप गरेका छैनौं ? तिमीहरू मध्य जसले पाप गरेको छैन । यसले उसलाई पहिले ढुंगाले हिर्काउने ।" उ त्यसको विपयमा सुनि सकेको थिई ? परन्तु अब उसले देखि सकेकी थिई । उ

त्यसको सेवा गर्नको लागि प्रेरित थिई। केवल यही कार्य तपाईले गर्ने आवश्यकता छ।

१७०. पवित्र आत्मा नै तपाईलाई यो बताउने छ कि, "तपाई पापी हुनु हुन्छ।" पवित्र आत्माले नै तपाईलाई भनोस्" पवित्र आत्माले नै तपाईलाई भनोस् "तपाई गलत हुनुहुन्छ।" पवित्र आत्मानै बचनकोद्वारा तपाईमाथि यो सावित गरोस् कि "आत्मिक रूपबाटै तपाई गलत हुनुहुन्छ।"र के ..... किन कि यही एउटा यस्तो मार्गहरू जो परमेश्वरका प्रत्येक वचनको श्रोताबाट एउटा सिधा रेखाभित्रबाट हुँदै जान्छ। यो बचन भित्रबाट केही पनि छाडदैन। यदि तपाई यसो गर्नुहुन्छ भने यो (यसले) तपाईलाई कदापि भलो गर्ने छैनन्। किन कि पवित्र आत्मा तपाईलाई यसको लागि प्रेरित गर्न सक्दछ। परन्तु जस्तो कि हामीले यस सप्ताह देखेका थियौं, यदि तपाईको प्राण परमेश्वरसँग ठीक बनेको छैन भने, तपाईलाई यसबाट कुनै भलो हुने छैन। याद रहोस्, अन्तको दिनहरूमा झुठा अभिषिक उठेर उभिने छन्। झुठ येशू होइन बरू झुठा मसीही ( झुठा अभिव्यक्ति) उठेर उभिने छ। (अगाडि देखिनेछन्) यदि हुन सक्छ भने चुनिएकाहरूलाई भरमाउने छन्।

१७१. ध्यान दिनुस्: ऊ उसको सेवा गर्न चाहन्थी। यसले उसको विषयमा सुनिसकेकी थिई : परन्तु अब उसले उसलाई आँखाले देखिसकेकी छ। उ उसको सेवा सत्कार गर्न चाहन्थी र यसो गर्नको लागि उससँग केही पनि थिएन। अत: उ उसको सेवा सत्कार गर्न हेनु कुनै न कुनै प्रकार उ ऊ भएको ठाउँमा दौडदै आइ। उसको खुट्टालाई धुनको लागि परमेश्वरले नै तौलीया (रूमाल ठलो खाले) र पानी उपलब्ध गराएका थिए। परन्तु अब

उसले आफ्नो आँखाले देखिसकेका पनि थिए । उसलाई थाहा थियो कि उनी तिनै हुन् । र प्रेरणाले उसलाई छोयो र उसले भन्यो, यो दुत हो यसलाई सेवाको जरूरत छ । (उससँग केही पनि यस्तो थिएन जसबाट उसको सेवा गरोस्) येशूको खुट्टा फोहोर थिए । परन्तु उ उसको सेवागर्न हेतु दौडदै उ भएको ठाउँमा आई : किन कि उ यो गर्नको लागि प्रेरित थिई ।

१७२. ओहो विश्वासमा पछाडि परेका चर्चका सदस्यहरू: नामधारी संस्थाका स्त्री व पुरूपके तिमी देखन सक्दैनौं कि येशूलाई यसको आवश्यकता छ ? यदि प्रेरणाले तिमीलाई छुनसक्दछ भने उसलाई सेवा गर्ने यही बेला (समय) हो । परन्तु उसले उसलाई आफ्ना आँखाले देखेको थियो । परन्तु अरू मानिसहरू जो त्यहाँ थिए, उनीहरू उसको मजाक (गिल्ला) गरिरहेका थिए । उनीहरू उसको सन्देशलाई विश्वास गर्दैन थिए । साँच्चो त यो हो कि पाहुना, याजक मेजवान, शिमौनले उसको मजाक उठाउनको लागि उसलाई त्यहाँ बोलाएको थियो । उनीहरू विश्वास गर्दैनन् थिए कि उ भविष्यवक्ता हो ।

१७३. अत:ठीक त्यसपछि जब शैतानले उसमा (त्यसमा) यो भन्नको लागि काम गऱ्यो उ आफ्नो मनमा भन्न थाल्यो, यदि यो नवि भएको भए थाहा पाउने थियो कि यो स्त्री जो उसको खुट्टा छोइरहेकी छ, को हो र कस्त्री स्त्री हो ?" देख्यौं, यो त्यस शिमौन माथि पनि प्रकट गरिरहेको थिएन कि येशूको थियो । त्यस शिमौनलाई कुनै प्रेरणाले छोएको थिएन, किन कि त्यहाँ उसलाई स्पर्श गर्नको लागि केही पनि थिएन । परन्तु प्रेरणाले त्यस स्त्रीलाई छोएको थियो ।

१७४. त्यस स्त्रीले उसलाई उसको ती सबै निन्दाहरूबाट पर देखे कि थिई। उसले विश्वास गरेकी थिई कि त्यो भविष्यवक्ताहरूको वचन थियो। उसलाई थाहा थियो कि भविष्यवक्ताहरूको सबै वचन उसमा प्रकट भइरहेका थिए। उसले सुनेको थियो कि ऊ यस पृथ्वीमा थियो, परन्तु अब उ उसलाई देख्दथिई। ध्यान दिनुस्, त्यस स्त्रीले के गरेकी थिई। उसले देहधारी वचनलाई मसीहाको, इम्मानुएललाई देखेको थियो। जब उसले आफ्नो धडकनलाई विश्वासको ढोका त्यसलाई प्रकाशन गरी त्यो को थियो, जुन बेलामा ऊ रहिरहेकी छ,त्यस बेलाको लागि ऊ (त्यो) जस्तै पापीहरूको लागि परमेश्वरको मेमना हो) प्रदान गर्‍यो भने ऊ त्यो थाहा नपाईकन उसको सेवा सत्कार कसरी गर्नेछ, उसलाई सेवा सत्कार गर्न त्यहाँ उ भएको ठाउँमा आइपुगी।

१७५. ठीक यसै प्रकारबाट विशुद्ध निको हुन्छ। जब तपाईंमाथि यो प्रकट भई जान्छ कि "ऊ हाम्रै अपराधहरूको कारण घाइते गरियो, हाम्रो नै अधर्मका कामहरूको हेतु उसलाई कुल्चिइयो, उसले कोर्रा खानाले हामी निको भएका थियौं" भने तपाईं वास्तविक रूपबाट निको हुनुहुन्छ। जब तपाईं यसबाट प्रेरित भई जानुहुन्छ कि तपाईं उसको उपस्थितिलाई यहाँ हेर्नुस्, जब तपाईं सन्त मरकुस ११... या सन्त लूका १७:३० को येशूलाई कि उ आफूले आफैंलाई अन्तिम दिनहरूमा आफ्ना मानिसहरूको माझ, मानवीय शरीरमा त्यसरी नै प्रकट गरिरहेको छ, जसरी उसले स्वयंलाई सदोमका दिनहरूमा प्रकट गरेको थियो, हेर्नुहुन्छ भने कुनै चिज तपाईंलाई स्पर्श गर्दछ।

१७६. हुनसक्दछ चिकित्सक भन्दो हो "कैन्सर अहिले पनि त्यहीं छ।"

१७७. हुन सक्दछ बिरामीले भनोस्, "म-म-म जान्दिन कि कसरी हिँड्न गइरहेको छु, परन्तु म कुनै न कुनै तरहले हिँड्नेछु।" हामीलाई थाहा छैन कि यस्तो कसरी हुनेवाला छ।

१७८. ऊ उसको सेवा-सत्कार गर्न अगाडि बढी, किनकि प्रेरणा उससँग टकराएकी (ठोकिएकी) थिई... कि उ त्यसबेलाको सन्देशवाहक हो, कि उ मसीह हो जसलेनिको पार्दछ र उसले यसलाई विश्वास गरेको थियो। र येशू चाहन्थे कि उसको सेवा सत्कार होस्। र, ऊ बिना केही नदेखाई अगाडि बढी कि उ यसो गर्न सक्दछे। ऊ त्यस प्रेरणाद्वारा उ भएको ठाउँमा पुगी देख्यौ ! परमेश्वरले उसका आँखाहरूका अश्रुग्रन्थीबाट आँशुका झरना खोलिदिएका थिए। ठीक तिनै आँखाहरूले जसले देखेका थिए... कानहरूले उसको विपयमा सुनेका थिए, आँखाहरूले उसलाई देखे भने आँखाहरूबाट आनन्दको कारण आँशु बग्न थाले। तब यसपछि परमेश्वरद्वारा उसलाई दिइएका लामा कपाल, उसका आँशुहरूसँगै तल छरिएका थिए। परमेश्वरले ती आँशुहरूसँग उसलाई तौली प्रदान गरे। उसले उसको यानि जीवितै परमेश्वरको आवश्यकतालाई पूरा गरी। उसले उसको विपयमा सुनेको थियो, परन्तु अब ऊ आफ्ना आँखाहरूले देख्दथिई, अब ऊ उसको सेवा-सत्कार गर्न सक्दथिई।

१७९. ओहो पापीहरू ! किन तिमी अब आवश्यकतालाई नबुझी काम गर्दछौ ? ऊ तपाईंहरूलाई चाहन्छ, ऊ

तपाईंको सेवा चाहन्छ। अब तिमी उसलाई देख्दछौ, जसको विषयमा तिमीले पहिलै पवित्र शास्त्रमा सुनेका थियौ। गत राति हामी उसलाई यहाँ आउँदै गरेको देखिसकेका छौं र तब उसले के गरेको थियो ? हामी उसलाई एउटा सभापति अर्को सभामा देख्दछौ र कहिलेकाहीं हामी यति शान्त र उदासीन या भावहीन बसेका हुन्छौं कि हामी भन्ने गर्दछौं, "हो, मलाई थाहा छ, वचन यस्तो नै बताउँदछ। ओहो, मैले उसलाई यो गर्दै गरेको देखिसकेको छु।" हामीमा कुनै उत्साह हुँदैन कि उ हामीसँग टकराएकी छैन। त्यहाँ केही पनि यस्तो पतित हुँदैन, जसरी तपाईं आँशु बगाइरहेका छौ।

१८०. एउटा सलाईको काँटी लेऊ र त्यसलाई बाल, यदि सलाईको काँटीको टुप्पामा सल्फर छैन भने त्यो बल्न सक्दैन। तपाईं त्यसलाई सलाईको डिब्बामा पटक पटक घोट्न सक्दछौ, परन्तु यदि केही रासायनिक तत्वहरूले त्यसको टुप्पामा लागेको सल्फरलाई नष्ट गरिदिएको हुन्छ भने त्यो कदापि बल्दैन, उसबाट कदापि उज्यालो हुँदैन (हुने छैन)। परन्तु त्यस काँटीमा सल्फर छ भने जब त्यो कुनै धातुमाथि रगडी हुनेछ... यदि सल्फर त्यस तिलीमा छ भने जब त्यसलाई दलिने छ भने उसले उज्यालो दिनेछ।

१८२. तपाईंले पवित्र शास्त्रमा सुन्नुभयो कि उसले के गरेको थियो, कस्तो प्रकार त्यस स्त्रीले उसको लुगालाई छोएकी थिई। ऊ पछाडि फर्कियो र उसले त्यस स्त्रीलाई बतायो कि उसलाई के बिरामी थियो र उसको विश्वासले उसलाई निको पारिदिएको छ। उसले प्रतिज्ञा गरेको थियो कि संसारलाई जलाइनुभन्दा पहिले र जब संसार सदोमी हालतमा हुनेछ तब ठीक यिनै

कामहरूलाई फेरि गर्नेछ। नयाँ नियमको भविष्यवक्ता सबै नवीहरूको परमेश्वर, जसमा परमेश्वर सदैव बास गर्दछन्, उत्पत्तिका सृष्टिकर्ता, परमेश्वर... शरीरमा प्रकट भएका छन्। हालिल्लुयाह। यो उसको बचन हो ! उसले भनेको थियो कि यस्तो पुनः हुनेछ र हामी सदोमी हालतलाई देख्दछौं, आज संसारलाई त्यसै हालतमा देख्दछौं र अब हामी उसलाई तल आउँदै गरेको देख्दछौं। तथा उसलाई तिनै कार्यहरूलाई गर्दै गरेको देख्दछौं, जसलाई गर्नको लागि उसले भनेको थियो। हामीले उसको विषयमा सुनेका थियौं, परन्तु अब हामी उसलाई देख्दछौं। "मैले आफ्ना कानहरूबाट तेरो विषयमा सुनेको थिएँ, परन्तु जब मेरा आँखाले तँलाई देख्दछ।" आमीन। "म उसलाई आफ्नो आँखाले देख्दछु। के नै घडी यही नै हुनुपर्छ। के यही समय हुनुपर्छ। उसको बचनको पुष्टि भइरहेका छन्। सर्वदा जब कुनै बेला बचनको पुष्टि हुन्छ भने यो परमेश्वर नै हुन्छ, जो आफ्नो वचनलाई बोलिरहेको हुन्छ, जो स्वयंलाई प्रकट गरिरहेको हुन्छ ताकि उसलाई देख्न सकियोस्।

१८३. यहाँनिर त्यो सानी बेश्या सडकभन्दा बाहिर, मंचमा येशूको चरणहरूमा घोप्टिन्छे र उसले आफ्ना खुट्टाहरूलाई आफ्ना आँशुहरूले धोयो र उसका खुट्टाहरूलाई आफ्ना कपालले पुछी। परमश्वरले त्यस स्त्रीलाई सम्मानित गरेर भने, "जहिले सुकै पनि सुसमाचारको प्रचार गरिनेछ, यस स्त्रीलाई अवश्य नै याद गरिनेछ।" किन ? हेर्नुस् ऊ कति फोहोरी थिई, उसको जीवन कति फोहरले भरिएको थियो, परन्तु कुनै चिजले उसलाई छोएको थियो। उसले प्रतिज्ञा गरेको

त्यस वचनलाई देखेको थियो, जुन अदनको बाटिका (बगैंचा) बाट हिँडेर आइरहेको थियो कि, 'स्त्रीको वंश सर्पको वंशको टाउको कुल्चनेछ।' उसले मसीहालाई देखेको थियो जुन कुमारी (कन्या केटी) बाट उत्पन्न (जन्मिएको) थियो ।

१८४. उसले सुनेको थियो कि उसले एउटी कुमारीबाट जन्म लिनुछ, परन्तु उनले सुनिसकेका थिए कि त्यो व्यक्ति यस पृथ्वीमा छ। उसले सुनेको थियो कि त्यहाँनिर एउटा युवा र एउटा भविष्यवक्ता छ, जो बिरामीलाई निको पार्दछ। उसले यसको विश्वास गरेको थियो र त्यो स्त्री यहाँ यस सडकमाथि आई, उ यताउता हिँडिरहेकी थिई- उ यताउता चारैतिर हेरिरहेकी थिई। र, उसले त्यहाँ देखेकी एउटा सारै नै ठूलो जनावर हिँडिरहेको छ। उसले गारो माथिबाट आफ्नो टाउको उचालेर हेऱ्यो र उसले देख्यो कि त्यो (येशू) त्यहाँ थियो। ऊ त्यहाँ थियो। कसैले उससँग भन्यो, "यही त्यो हो।" देख्यौ, उसले प्रेरित हुनको लागि यिनै सबै कुराको त आवश्यकता थियो। देख्यौ, तब के भएको थियो ? उसले परमेश्वरको देहधारी वचनलाई देखेको थियो। ऊ आफ्नो कानले सुनिसकेकीथिई, परन्तु अब उसले आफ्ना आँखाहरूले देखी पनि सकेकी थिई ।

१८५. अब सबैलाई थाहा छ कि यी अन्तका दिनहरूमा हामीबाट चर्च (कलिसिया) को दशाको विपयमा प्रतिज्ञा गरिएको छ। आज कलिसिया जुन दशामा छन, त्यस दशामा यो कदापि परमेश्वरको बचनलाई पालना गर्न सक्तिन। यस दशामा त्यो महान कार्यको कहिले पनि दुल्हनलाई बाहिर बोलाउन सक्दैन। कसले यस कामलाई गर्ने छ ? के पेन्टीको स्टल ? मैले भन्नुपर्छ,

होइन, यसभित्रबाट कसैले पनि यसलाई गर्नेछैन। यो त केवल छिलका (बोक्रो) हो या भुस हो, जुन गहुँको चारैतिर लागेको हुन्छ। यो बोक्रो बाहिर निस्कन्छ र एकदमै गहुँ जस्तो देखिइन्छ, परन्तु यसमा कुनै गहुँ हुँदैनन्। जब जब यो बढ्न थाल्दछ, यसबाट गहुँको दाना निस्कन थाल्दछ। उनीहरू संगठित भैसके, उनीहरू स्वयंले आफैंलाई मारे। यही त्यो ठाउँ हो, जहाँ उनीहरू मर्दछन्। उनीहरू केवल डाँठ हुने। परन्तु गहुँ त यसबाट हुँदै (यसैबाट हुँदै ठीक माथि फल्दछ या लाग्दछ र अब त्यो दुलहीको स्वरूपमा ढल्दै गइरहेको छ। गहुँको त्यो दाना जुन अँध्यारो कालमा झारिएको थियो, उसले त मर्नु नै थियो।

१८६. त्यो आलोचक भनिरहेको छ, "करूणाको परमेश्वर कसरी लालसागरलाई खोल्न सक्दथियो- कसरी उसले ती गरीब मसीहीहरूलाई सिंहलाई खुवाउनको लागि र आगो बाल्नको लागि र अन्य सबै थोक उनीहरूसँ गर्नको लागिदिएको थियो र यस्तो लाग्दछ कि उ बसेर उनीहरूमाथि हाँसिरहेको थियो।" त्यो बिचरो अज्ञानी मानिसलाई थाहा छैन कि, "जबसम्म गहुँका दाना भुइँमा झर्दैन ... ?" जसरी कुनै पनि गहुँका दानालाई भुइँमा जानु नै पर्छ, पर्छ (गाडिनु पर्छ) त्यसतै नै उसले पनि त्यस अँध्यारो कालमा मर्नु थियो ताकि लुथरका सुधार कार्यहरूको दौरान त्यसभित्रबाट एउटा किल्ला (सुइरो) दुईटा कोपिलाहरू निस्किए। वैशलीको युगमा, त्यस महान मिशनरी युगमा त्यसमा पराग कण लाग्नु थियो। उसले पेन्टीको स्टल युगमा वरदानहरूलाई पुनः प्राप्ति हेतु अरू अगाडि बढाउनु थियो, ताकि चुनिएकाहरूलाई पूरा किसिमले भरमाई देओस्। (

जस्तोकि गहुँका बालालाई हेर) त्यसलाई उधार्नुस्, त्यसमा कुनै गहुँका दाना हुँदैनन् । बस त्यो त केवल बोक्रा (भुस) हुन्छ, परन्तु त्यहाँ पछाडि यसको पछि उनीहरू बननेस संस्था र (Oneness Organisation) त्रि-एकता संस्था र द्विएकता संस्था (Twoness organisation) परमेश्वरको चर्चको संस्था (Church of God organization) को रूपमा संस्थागत हुन थाले र जब ती सबै संस्थागत भइसके भने उनीहरू पूरा किसिमलेमृत भइसके र अब के भएको छ । परन्तु यो गहुँको लागि एउटा आधार थियो । यो सबै बेलामा बढिरहेको थियो ।

१८७. अब यो यसबाट ओर्लन थालेको छ या यो यसबाट हट्न लागेको छ, ताकि गहुँका दाना देखिइन थालुन् । यो पेन्टीकोस्टल युग होइन, यो अन्त समयको युग हो, यो दुलही युग हो । यो साँझको समयको काल हो । यो त्यो युग हो जब मलाकी ४ को परमेश्वरको पद्धतिलाई अनुशरण गर्नको लागि पुऱ्याउनु पर्दछ । यो त्यो युग हो, जब लुका १७:३० लाई पूरा हुनुपर्ने, यो त्यो युग हो, जब यस पुस्तकलाई ... जब यर्मिया र अन्य बाँकी सबै, जोयल नबिले जो यी दिनहरूको लागि भनेको छ, त्यो पूरा हुनु छ । यही त्यो समयहो जब "मैले सुनेको थिएँ कि परमेश्वर आइरहनुभएको छ, परन्तु अब मैले उसलाई आफ्नो आँखाले देखिसकेको छु ।"

१८८. यद्यपि अनेकौं ... कति नै नकली उठेर उभिएका थिए । यद्यपि ती युन्नेस र यम्ब्रेस आफ्नो जादुगरीपूर्ण तरिकाले ती सबै कार्यलाई गर्नका लागि तम्सिएका थिए जुन मुसाले गरेका थिए; परतु उनले मुसा या हारूणलाई एकदमै विचलित गर्न सकेका थिएनन् ।

अयुबको जस्तै उनीहरू अर्थात् मुसा र लवणलाई थाहा थियो कि उसको प्रेरणा कहाँबाट आउँदछ। उनीहरूलाई थाहा थियो कि "प्रभुवन्द खूदा यसरी फरमाउँदछ" वाला बचन हो र ठीक त्यही पवित्र शास्त्र जुन उनीहरूको विषयमा बताउँदछ, यो भन्दछ, "यी नकली या बहुरूपीहरू यी अन्तका दिनहरूमा फेरि पनि आउनेछन्।" ती नामधारी संस्थाहरूलाई, जब केही शुरू हुन्छ... कसले यसलाई पहिले शुरू गरेको थियो ? मुसाले या उनीहरूले ? यदि उनीहरूले पहिले शुरू गरेका हुँदाहुन् त मुसा नकली या बहुरूपिया बसेको हुने थियो।

१८९. अब हामीहरूलाई हृदयका सबै प्रकारका गुप्त भेद प्रकट गर्दै गरेको र अन्य सबै थोक गर्ने चेष्टा गर्दै गरेको देख्दछन् ताकि उनीहरू तपाईंको मस्तिष्कबाट परमेश्वरका ती विशुद्ध कार्यहरूलाई बाहिर निकाल्न सकियोस्, जसलाई परमेश्वरले आफ्नो बचनद्वारा प्रमाणित गरेका छन्। "हामीले यसको विषयमा आफ्ना कानले सुनेका थियौं, परन्तु अब हामी यसलाई आफ्ना आँखाले देख्दछौं।" आमीन ! के तपाईं यसलाई विश्वास गर्नुहुन्छ ? के तपाईं यसलाई पूरा हृदयदेखि विश्वास गर्नुहुन्छ। र, यी दिनहरूमा जब मनुष्यको पुत्र प्रकट भएको छ, भने येशू मसीह स्वयंलाई आफ्ना मानिसहरूको बीच प्रकट गरिरहेको छ।

१९०. एउटा पुरूष (लोग्ने मानिस) त्यहाँ हिँड्दै हिँड्दै अब्राहाम र त्यसको हुलको अगाडि आएका थिए। ऊ हेर्दामा सारै नै साधारण मानिस जस्तो लाग्दथ्यो। उसको लुगामा धुलो लागेको थियो। उ तम्बुतिर पिठ्यूँ फर्काएर बसेको थियो। उसले भन्यो, "तेरी पत्नी सारा

कहाँ छ ?" (उसले असल सारै (S-a-r-r-i), होइन बरू (S-a-r-a-h) भन्यो र उसले अब्राम (A-b-r-a-m) लाई अब्राम होइन बरू (A-b-r-a-h-a-m) भन्यो र उसले उसको नाम काडेर बोलायो र सोध्यो, "ऊ कहाँ छ ?"

१९१. उसले भन्यो, "ऊ तपाईंको पछाडि, तम्बु (पाल) मा बसिराखेकी छ ।"

१९२. उसले भन्यो, "म वसन्त ऋतुमा निश्चय नै त भएको ठाउँमा आउनुछु ।" (र, तब सारा आफ्नो मनमा हाँसी) उसले सोध्यो, "सारा किन हाँसी" हजुर हो, यी ती मानिसहरू थिए जो प्रतिज्ञा गरिएको पुत्रको प्रतिक्षा गरिरहेको थियो । परमेश्वरले उनीहरूसँग यसलाई वादा (पक्कापक्की) गर्नुभएको थियो ।

१९३. म यस कुरालाई वास्ता गर्दिन कि यी नामधारी चर्चहरूमा मानिस कति ढोंग गर्दछन् र भन्दछन्, "हामी मसीहको बाटो हेरिरहेका छौं ।" उनीहरूको कार्य नै यो सिद्ध गर्दछ कि उनीहरू यसो गरिराखेका छैनन् । यो सही कुरा हो । तपाईंको कार्य तपाईंका शब्दहरूभन्दा कति उच्चो बोल्दछन् । उनीहरू सबै आफ्ना-आफना नामधारी चर्चहरूको सदस्य संख्याहरू बढाउने विषयमा सोचिरहेका छन् । परन्तु केही यस्ता मानिस छन्, जसमध्येबाट केही यहाँ केही त्यहाँ पाइन्छन्, जो परमेश्वर आउने बाटो हेरिरहेका छन् उनीहरू प्रतिक्षा गरिरहेका छन्... यद्यपि केवल उनीहरूमात्र उसको विषयमा थाहा पाउनेछन्, जो माथि उनी स्वयंलाई प्रकट गर्नेछ ।

१९४. केवल चुनिएकाहरू मात्रले यो थाहा पाएका थिए कि ऊ को थियो। अलिकति विचार गर्नुहोस; त्यसबेला पृथ्वीमाथि लगभग तीस लाख यहुदी हुनेछन्, परन्तु ती भित्रबाट एक तिहाई पनि यस्ता थिएनन् जसले यो थाहा पाएका थिए कि ऊ त्यहाँनिर थियो। ऊ आएर गई पनि सकेको थियो, परन्तु उनीहरूले उसलाई चिन्नसकेका थिएनन्। बुझ्यौ ? परन्तु उसले स्वयंलाई केवल उनीहरूमाथि नै प्रकट गरेको थियो, जो उसको प्रतीक्षा गरिरहेका थिए, जसरी यहुन्ना वप्तिस्मा दिनेवाला, अरू अरू उसद्वारा बोलाइएका शिष्य इत्यादि र मन्दिरमा उसको प्रतिक्षा गरिरहेकी अन्धी हन्ना र बूढो पुरोहित शिमौन, "उसमाथि पवित्र आत्माद्वारा यो प्रकट गरिएको थियो कि उसले मसीहलाई देख्नेछ।" परन्तु धर्मका ठूला-ठूला ठेकेदार, धर्मशास्त्री वा अन्य सबै व्यक्ति उसलाई हेर्नका लागि जति अन्धो हुन सक्दथिए, त्यति नै अन्धा भएका थिए।

१९५. यदि त्यहाँ पहिलेदेखि नै बीउ रहिरहेको भए तब वर्षाले त्यसमा जीवन ल्याउन सक्दछे र जसरी पहिले तपाईं आफ्नो पितामा एउटा अंकुर (टुसो) को रूपमा हुनुहुन्थ्यो र उसलाई (पिता) लाई थाहा थिएन, तापनि तपाईं आफ्नो पितामा हुनुहुन्थ्यो। परन्तु तपाईं आफ्नी आमाको गर्भरूपी मैदानद्वारा आफ्ना बाबुको समानतामा प्रकट गरिनु भएको थियो र अब तपाईं आफ्नो बाबु (पिता) सँग कुराकानी गर्न सक्नुहुन्छ। यदि तपाईंमा अनन्त जीवत छ भने आदि (शुरूमा) अन्ततः जीवनको अंकुर परमेश्वरमा, महान परमेश्वरमा थियो र तपाईं त्यहाँ हुनुहुन्थ्यो। तपाईं उसको विचारमा हुनुहुन्थ्यो। उसको नाम तपाईंको विचारमा थियो र

उसले आफ्नो पूर्व ज्ञानद्वारा तपाईंलाई यो देखाउनको लागि नियुक्ति गरेको थियो र यदि तपाईं यो देखाउनको लागि नियुक्त नहुनुभएको भए तपाईं कदापि यो देख्न पाउनु हुने थिएन। परन्तु, प्रभु येशूको नाममा याद रहोस्, "त्यो समय यहाँनिर छ।" के तपाईं त्यसलाई विशवास गर्नुहुन्न ? तपाईं आफ्नो जीवन उसलाई समर्पित गरिदिनुस्। मैले यसलाई यहीँ समाप्त गर्नुपर्ने छ, किन कि नौ बजिसकेको छ।

आउनुस् हामी आफ्ना टाउकाहरूलाई पनि निहुऱ्याउँ।

१९६. "मैले कानहरूद्वारा तिम्रो सुसमाचार सुनेको थिएँ, परन्तु अब मेरा आँखा तँपाइलाई देख्दछन्।" प्रभु येशू, जबकि यी मानिस प्रतिक्षा गरिरहेका छन्, तपाईं यिनीहरूलाई अशिषित गर्नुहोस (आशिर्वाद) दिनुस्।

१९७. अब म तपाईंसँग एउटा सवाल सोध्न गइरहेको छु। म हुन दिने छु कि पवित्र आत्मा नै तपाईंका मनहरूलाई जाँचुन् (म विश्वास गर्दछु कि उनले यसो गर्नेछन्) तपाईं आफूले आफैंलाई जाँच्नुस्, तपाईं आफ्नो आत्मालाई जाँच्नुस् र हेर्नुस् कि के तपाईं वास्तवमा विश्वास गर्नुहुन्छ। र, यदि तपाईं पाउनुहुन्छ कि त्यहाँनिर लेश (अलिकता) पनि शंका छ भने तपाईं आफ्ना हातहरूलाई माथि उठाउनुस् र भन्नुस्, "प्रभु येशू, मलाई तपाईं देख्न दिनुस् (तपाईंलाई हेर्न दिनुस्)। मैले वास्तवमा तपाईंलाई कहिल्यै देखेको छैन। मलाई तपाईं देख्न दिनुस् (तपाईंलाई हेर्न दिनुस्)। मैले तपाईंको विपयमा सुनिसकेको छु, परन्तु मैले तपाईंको विपयमा सुनिसकेको छु, परन्तु मैले वास्तवमा

तपाईंलाई कहिल्यै देखेको छैन। म तपाईंलाई विश्वास गर्नेछु।" ठीक छ, यो सारै रामो हो।

१९८. के कोही यहाँ यस्तो छ, जो उसलाई आफ्नो उद्धारकर्ताको रूपमा चिन्दैन ? तपाईं आफ्नो हातलाई माथि उठाउनुस् र भन्नुस्, "यदि ... म पापी हुँ, परन्तु यदि म... परन्तु तपाईं हुन दिनुस् कि म तपाईंलाई प्रभु येशूलाई, त्यस प्रकट बचनलाई जसको विषयमा यी कुराहरू गरिरहेका छन्, देख्न पाउँ। मलाई थाहा छ कि कसरी अयुबले तपाईंलाई देखेको थियो। कसरी अयुबले तपाईंलाई देखेको थियो। मलाई थाहा छ कि कसरी अब्राहिमले तपाईंलाई देखेको थियो। मलाई थाहा छ कि बाँकी सबैले तपाईंलाई कसरी देखेका थिए, किनकि यो तपाईंको वायदा (जमाना) थियो बचन सत्य प्रमाणित भएको थियो। म सबै कुराहरूको विषयमा र मानिसलाई आकर्पित गर्नेवाला कार्यकलापहरूको विषयमा सुनिसकेको छु, परन्तु मलाई थाहा छ कि यस पृथ्वीमा अन्त समयको सन्देश छ; किनकि १९३३ मा नदीको छेउ (किनारमा) स्वर्गदूतद्वारा यो बताइएको थियो। मैले त चंगाई सभाहरूको विषयमा सुनेको छु जुन चलिरहेको छ र मलाई थाहा छ कि जब यो घटित भइरहेको छ भने यस नामधारी चर्चहरूको पुराना अस्थिर रीतिरिवाजहरूमा बन्द गरेर रहन सक्दैन। यो उनीहरूको लागि पठाइएको होइन, ऊ कहिल्यै पनि त्यहाँ रोकिएको थिएन। यहाँ टेप खाली छ- सम्पा.) ...के तपाईं त्यसलाई हेर्न चाहनुहुन्छ।

१९९. के हुने थियो यदि मुसा आउँदथियो र भन्दथियो, "आओ हामी नुहको जस्तै एउटा डुंगा बनाउँ र त्यसलाई निल नदीमा तारौं।" ओहो, होइन, होइन ! उससँग त

परमेश्वरको तर्फबाट पाएको सन्देश थियो। त्यो त उसको प्रकटीकरण थियो। जब त्यो भविष्यका दृष्यमा आयो भने त्यसलाई इजरायलको सम्मुख सिद्ध गर्नुथियो। (चार सय वर्षदेखि उनीसँग कुनै भविष्यवक्ता थिएन, तिनीहरूमाभ्फ कोही भविष्यवक्ता थिएन र यहाँनिर एउटा भविष्यवक्ता दृष्यमा (माथि) आएको थियो। उनीहरूले यो चाल पाउनु पर्ने थियो कि उनीहरूको विच केही घटित हुनेवाला छ।

२००. इजरायलसँग फेरि चारसय वर्षदेखि कुनै भविष्यवक्ता थिएन र यहाँनिर येशू दृष्यमा (माथि) आउँछन् र कुवामा पानी भर्न आएकी आइमाईले भनी, "हे प्रभु, मलाई कता कता लाग्दछ कि तिमी भविष्यवक्ता हौ। हामीहरू बीच चार सय वर्षदेखि कोही भविष्यवक्ता भएको छैन।" किनकि उसलाई थाहा पायो कि त्यस आइमाईको हृदयमा के छ। बुझ्यौ ?

२०१. हामीहरूबाट कलिसियाई कालहरूमा सुधारकहरूले आउने प्रतिज्ञा गरिएको थियो र उनीहरू यी कालहरूमा आएका पनि थिए। परन्तु मलाकी ४ मा उसले प्रतिज्ञा गरेको छ कि के घटित होला (हुनेछ)। उसले प्रतिज्ञा गरेको छ कि, "उ पुत्रहरूको मनलाई प्रेरित पिताहरूको विश्वासतिर फर्काउने छ।" र यसै उद्देश्यबाट उसले आफ्नो कार्य पद्धतिलाई पुनरावृत्ति गरेको छ र चर्च नामधारी संस्थाहरूमा र धार्मिक आमाहरूमा यति धेरै विभक्त भइसकेको छ- यसका यति धेरै टुकुरा भइसकेका छन् कि यो मृत भइसकेको छ। यो केवल बाहक थियो र तब उसले प्रतिज्ञा गरेको छ कि सात दूतको सन्देशको बेला, जब सातौं दूत शब्द दिइरहने हुनेछ, नकि चंगाई सभाहरू हुने बेला ती सन्देशहरूको

बेला जब उनीहरूको पछि चंगाई भइरहेको हुनेछ तब सात मोहरहरू खोलिनेछन् र परमेश्वरका गुप्त मनोरथ प्रकट गरिनेछन। (प्रकाशित वाक्य १०)

२०२. जबसम्म येशू बिरामीहरूलाई निको गर्दै रहे, ऊ एउटा महान व्यक्ति थियो। परन्तु जब उसले भन्यो, "पिता र म एउटै हौं।"

२०३. "हजुर हो, यही गल्ती थियो।"

२०४. अयुब "महान" थियो; जबसम्म उसलाई केही भएन (गरिएन) बुझ्यौ ? सर्वदा यस्तो नै भइरहेको छ।

२०५. विश्वास गर्नुहोस ! के तपाईं उसलाई अहिले ग्रहण गर्नुहुनेछ ? तपाईं आफ्नो हातलाई माथि उठाउनुस् र भन्नुस्, "म त्यसलाई विश्वास गर्दछु। म उसलाई ग्रहण गर्न चाहन्छु।" परमेश्वरले तपाईंलाई आशिर्वाद दिउन्। परमेश्वरले तपाईंलाई आशिर्वाद दिउन्। यो सारै राम्रो कुरा हो।

तपाईं एकदमै शान्त रहनुस् र केही छिनको लागि प्रार्थना गर्नुहोस। (भाइ ब्रान्हाम शान्त भई जान्छन्, सम्पा.)

२०६. प्यारा प्रभु; यस पवित्र घडीमा एउटा यस्तो समय आउनेवाला छ, जब कुनै दिन वास्तवमा गर्जनको शब्द हुनेछ; गर्जनको साथ परमेश्वरको पुत्र स्वर्गबाट तल आउनेछ र मेघ धनुषवाला दूतको आवाज र परमेश्वरको तुरहीको शब्दबाट जो मसिहमा मरेका छन् बाँच्नेछन् र पिता आज राति हामीहरूभित्र प्रत्येकलाई यो थाहा छ र प्रत्येकलाई भलिभाँती यो विदित छ कि

प्रत्येक शब्द जो हामी भन्दछौं र प्रत्येक शब्द जो हामी बोल्दछौं, हामीले त्यसको हिसाब दिनुपर्नेछ। यहाँसम्म कि जुन विचार हाम्रो हृदयमा छ, हामीले त्यसको पनि हिसाब दिनुपर्ने छ। प्रभु म तपाईंसँग येशूको नाममा प्रार्थना गर्दछु कि यहाँ जति पनि मानिस छन्, तपाईं तिनको हृदयलाई शुद्ध गर्नुहोस। मेरो हृदयलाई शुद्ध गर्नुहोस, र यी मानिसहरूको हृदयलाई शुद्ध गर्नुहोस र हुन सकोस् कि प्रभु हामी तयार होऔं र आज राति हाम्रा आँखा खुलुन् कि हामी सर्वशक्तिमान परमेश्वरको महिमालाई देख्न पाउँ। हे, पिता परमेश्वर, हामीले उनको बारेमा सुनिसकेका छौं, प्रभु; हुन दिनुस् कि तपाईं हामीलाई उसलाई देखाइदिनुस्। पिता, यो प्रदान गर्नुहोस। यी आशिषहरूलाई प्रदान गर्नुहोस। म यो प्रार्थना येशू मसिहको नाममा भएर माग्दछु। आमीन।

२०७. याद रहोस्, तपाईं जहाँ बस्नुभएको छ त्यहींनिर तपाईं आफ्नो हृदयमा एउटा सानो मञ्च बनाउनुस् र भन्नुस्, "प्रभु येशू," अब तपाईं मेरोमा आइदिनुस्। मलाई केही प्रदान गर्नुहोस, जसलाई म समाउन सकौं। हुन दिनुस् कि म त्यस प्रेरणालाई अनुभव गर्न सकुँ जसले मलाई यो बताओस् कि तपाईं यहाँ उपस्थित हुनुहुन्छ।

२०८. अब, मसँग मानिसहरूलाई दिन के वक्तव्य छ ? के तपाईं काम गर्नेमा हुनुहुन्छ ? अब म प्रभु परमेश्वरसँग सोध्न गइरहेको छु...

२०९ तपाईंहरूमध्ये कतिले टेप लिनुभएको छ ? के तपाईंले, "महाशयहरू, यो कुन चाहिँ समय हो" सन्देश सुन्नुभएको छ ? (The Spoken Word Vol 2, No. 11 सम्पा.) मैले तपाईंलाई यो घटित हुनुभन्दा एक वर्ष

पहिले नै भनिदिएको थिएँ। के परमेश्वरले यसलाई ती पत्रिकाहरूलाई र अरू चिजहरूलाई देखाएका थिएनन् ? विज्ञानले पनि यसमाथि व्याख्यान दिएको थियो। यो प्रभु येशू थिए जो सफेद (सेतो) रंगको बिग लगाएका थिए, जस्तो कि हामी पवित्र शास्त्रमा प्रकाशित वाक्य १ र दायिलको पुस्तकमा देख्दछौं। ऊ स्वर्ग र पृथ्वीको सर्वोच्च न्यायाधीश हो। विज्ञान पनि स्वयं यसको विषयमा केही सम्भन (भन्न) सक्दैन। बेधशालामा र एरिजोनाको विश्वविद्यालयमा तथा सुदूर मेक्सिकोसम्म, उनीहरू यसको विषयमा दुई वर्षदेखि खोज गरिरहेका छन् र तपाईंलाई यसको विषयमा यो घटित हुनुभन्दा पहिले बताइएको थियो कि "यो घटित हुनेवाला छ।"

२१०. कसरी अलास्काको भूकम्पको विषयमा भनिएको थियो ? होलीवुडलाई समुद्रमा डुब्नु नै हेर्नुस्। हो अँ हेर्नुस्; र हेर्नुस् कि यस्तो हुन्छ कि हुँदैन। अहिलेसम्म मलाई उसले कहिले पनि केही पनि झूठो भनेको छैन। यससँग यस्तो नै हुनेछ। बुझ्यौ ? केवल ध्यान दिनुस् र हेर्नुस्, के हामी इतिहासको अन्तिम क्षणहरूमा रहिरहेका छैनौं ? कुनै पनि मानिसलाई थाहा छैन कि ऊ कुन बेला आउनेछ। परन्तु मलाई एउटा कुरा थाहा छ, म आफ्नो वर्तमान स्थितिमा विश्वास गर्दछु, यदि म दिमागी हिसाबले ठीक छु र यदि म एउटा मसिही थिइन भने म निश्चय नै एउटा मसिही बन्न चाहन्छु। म नामधारी संस्थालाई मसिही होइन अपितु एउटा साँच्चो पवित्र शास्त्रीय मसिही बन्न चाहन्छु। तपाईं यस कुरामाथि निर्भर नगर्नुहोस कि तपाईं चिच्याउनुभएको थियो। हामीले यसको विषयमा यस बिहान सुनिसकेका छौं र यो परमेश्वरको बचनबाट

सिद्ध भइसकेको छ कि यो पूर्णतः परमेश्वरको इच्छाभन्दा बाहिर छ, यसबाट कुनै काम बन्दैन, बरू यसबाट मृत्यु नै उत्पन्न हुन्छ। तपाईं ठूटोमा मात्र नरहनुस् बरू जीवनमा रहनुस्। बुझ्नुभयो ? परमेश्वरमाथि भरोसा राख्नुस्।

२११. के तपाईं विश्वास गर्नुहुन्छ कि उनै परमेश्वरले यो प्रतिज्ञा गरेको हो। जो स्वयं उत्पत्तिको पुस्तकमा देखिएको थियो तथा जो अब्राहिमलाई देखिएका थिए; मानवीय देहमा एउटी कुमारीबाट जन्मिएको थियो। त्यहाँ अब्राहिमसँग ऊ थियोफेनी देह (शरीरमा) आएको थियो, परन्तु जब उ यसपछि मानवीय देहमा आयो र यो ठीक त्यही मानिस थियो र ठीक तिनै कामहरूलाई गरिरहेको थियो... के तपाईं विश्वास गर्नुहुन कि परमेश्वर एउटा मानिसलाई एउटा यस्तो माध्यमलाई (वस्तुलाई) उपयोग गर्न सक्दछ (मलाकी ४ को अनुसार यस्तो गर्ने प्रतिज्ञा गरेको छ) जसमा हुँदै (भएर) (माध्यमबाट) ऊ बोल्न सक्दछ र ती कामहरूलाई गर्न सक्दछ, जसले गर्नको लागि उसले भनेको थियो ? के तपाईं यसलाई विश्वास गर्नुहुन्छ ? म विश्वास गर्दछु कि ऊ यस्तो नै गर्नेछ।

२१२. के तपाईं यकीन गर्नुहुन्छ कि तपाईंसँग पनि उसका कपडा छुन सक्दछु भन्ने विश्वास हुनसक्छ- उसका कपडा छुनको लागि तपाईंसँग उसको विश्वास हुनसक्छ ? के तपाईं यसबेला यकीन गर्नुहुन्छ कि कुनै चिज तपाईंको हृदयमा कुराकानी गरिरहेको छ जो तपाईंलाई बताइरहेको छ कि तपाईंलाई उसको कपडा छुनको लागि विश्वास छ ? के तपाईं विश्वास गर्न सक्नुहुन्छ कि तपाईं यसो गर्न सक्नुहुन्छ ? तपाईं उसको

वस्त्रसम्म पुग्नुस् र कुनै भावनामा बगेर होइन, वरण आफ्नो विश्वासले पूर्णत: शुद्ध व्यभिचाररहित विश्वासको साथ उसलाई छुनुस्। केवल भन्नुस्, "प्रभु, म विश्वास गर्दछु। म आफ्नो पूरा हृदयदेखि नै विश्वास गर्दछु। म चाहन्छु कि तपाईं मलाई छुनुस् किनकि मैले सुनिसकेको छु कि यस्तो तपाईंले गर्नुभएको थियो र अब म यसलाई आफ्ना आँखाले हेर्न चाहन्छु।" बुझ्यौ ?

२१३. म तपाईंलाई छुन सक्तिन, यो त परमेश्वर हो जसले छुन्छ। के तपाईं विश्वास गर्नुहुन्छ, उ यसो गर्नेछ भनेर ?

२१४. अब म यहाँ आफ्नो पछाडि बायाँतिर हेरिरहेको छु। यो यस्तो प्रतित हुन्छ कि यो एउटा एकप्रकारको चैनल हो जस्तो मैले बताएको थिएँ। जसले मलाई त्यतातिर लगिराखेको छ। मलाई त्यतातिर निर्देशित गरियो। अब यो आश्चर्यजनक रूपबाट आइरहेको छ। यो एउटी महिला हो जुन त्यहाँ आफ्नो पतिसँग बसिराखेकी छ। उ यहाँबाट आएकी होइन। उ टेक्सस, डाल्लासकी वासिन्दा हो। ऊ कुनै तकलिफबाट पीडित छ र उसको लोग्ने पनि कुनै तकलिफबाट पीडित छ। ऊ कुनै जटिलताबाट पीडित छ। उसले यसको अपरेसन पनि गराइसकेकी छ। यो सही कुरा हो। उसको लोग्नेको पिठ्यूँमा तकलिफ छ। यी श्रीमान र श्रीमती कोबट हुन्, जो टैक्सस डल्लासबाट आएका हुन्। यदि यस्तो हो भने तपाईं आफ्नो हातलाई माथि उठाउनुस्। म तपाईंको लागि अजनवि (नौलो) छु। के यो ठीक छ ? संसारमा कुनै यस्तो तरिका नै छैन कि म यो थाहा पाउँ। यो के हो ? "मैले आफ्नो कानले तेरो

सुसमाचार सुनेको थिएँ; परन्तु अब मेरा आँखा तँलाई हेरिरहेका छन् ।" के तपाईंले बुझ्नुभयो, मेरो भन्नुको तात्पर्य के हो ? अब तपाईं यी युगल जोडीलाई सोध्नुस्, मैले आफ्नो जीवनमा यिनलाई कहिल्यै देखेको थिइन ।" मैले कानहरूबाट तेरो सुसमाचार सुनेको थिएँ, परन्तु अब मेरा आँखाले तँलाई देख्दछु (मेरा आँखाले तँलाई हेर्दछन्)

२१५. यदि तपाईं विश्वास गर्नुहुन्छ भने जुन तपाईंको आवश्यकता छ परमेश्वर त्यसलाई प्रदान गर्न सक्दछन् ।

२१६. त्यहाँनिर जुन मान्छे आफ्नो चिउँडोमा हात राखेर बसिराखेको छ, उसलाई रक्तचाप छ । श्रीमान, के तपाईं विश्वास गर्नुहुन्छ कि परमेश्वरले तिमीलाई निको गर्नुहुनेछ ? तपाईं जो हात यसप्रकारले राखेर बस्नुभएको छ, के तपाईं विश्वास गर्नुहुन्छ कि परमेश्वर त्यस उच्चो रक्तचापबाट तपाईंलाई मुक्त गरिदिने छन् ? यदि तपाईं यसलाई विश्वास गर्नुहुन्छ भने तपाईं आफ्नो हातलाई माथि उठाउनुस् । ठीक छ, उनीहरू यसलाई विश्वास गर्दछन् । मैले आफ्नो जीवनमा यिनीहरूलाई कहिल्यै देखेको थिइँन । म यसको विषयमा केही थाहा पाउँदिन । परन्तु तपाईंले यस पवित्र शास्त्रमा सुन्नुभएको थियो कि येशूले भनेका थिए कि ऊ यी कामहरूलाई गर्नेछ, अब तपाईं यसलाई देख्नुहुन्छ । के तपाईंले बुझ्नुभयो मेरो भन्नुका तात्पर्य के हो ? "यदि तँ विश्वास गर्छस् भने सबै थोक सम्भव छ ।" यस्तो केवल उनीहरूको लागि मात्र छ, जो विश्वास गर्दछन् । यस्तो त केवल वास्तविक विशुद्ध विश्वासी मात्र गर्दछ ।

यदि तिमी यसलाइ विश्वास गर्छौ भने परमेश्वर तिमीलाई यो प्रदान गर्नेछन् ।

२१७. त्यहाँ पछाडि एउटी युवती बसेकी छ, जो मलाई हेरिरहेकी छ । उसको घाँटीमा घेंघा (गलगाँड) छ ।

२१८. यस युवतीको पछाडि एउटी युवती बसिराखेकी छ, जसले यो बुझ्ने छ कि त्यस युवतीलाई उच्च रक्तचाप पनि छ । यो सही कुरा हो ।

२१९. यस युवतीको पछाडि जुन युवती बसिराखेकी छ, उ पनि बिरामी छ र उ यहाँबाट आएकी होइन, उ अरकानससबाट आएकी हो । उनीहरूको बिरामी हट्दै गइरहेको छ । कुमारी फलिप्पस; प्रभु येशू मसीहमाथि विश्वास गर र निको होऊ । के तिमी उसलाई विश्वास गर्दछ्यौ ? के तिमी उसलाई आफ्नो सम्पूर्ण हृदयदेखि नै विश्वास गर्दछ्यौ ? के तिमी उसलाई ग्रहण गर्दछ्यौ ? ठीक छ... त्यसो भए तिमी चंगाई प्राप्त गर्न सक्दछ्यौ ?

अब तपाईं भन्नुहुन्छ, "या सारै नै रहस्यमय छ ।" होइन ! होइन !

२२०. येशूले भनेका थिए, "तेरो नाम शिमौन हो, तँ योनाको छोरा होस् ।" के यो ठीक छैन ?

२२१. "मैले कानहरूले तेरो सुसमाचार सुनेको थिएँ, परन्तु अब मेरा आँखाले तँलाई देख्दछन् । के तपाईं देख्नुहुन्न कि घटिन भएको छ ? कोही मानिस यहाँ बसेर पनि देखिरहेको हुन्छ, विश्वास गरिरहेको हुन्छ । यकिन गरिरहेको हुन्छ र त्यसै बेला एकाएक यो घटित हुन्छ,

यकिन गरिरहेको हुन्छ र त्यसैबेला एकाएक यो घटित हुन्छ। बुझ्यौ ?

२२२. पुत्र : के तिमी आज राति गत रातिको अपेक्षा धेरै राम्रो अनुभव गरिरहेका छौ ? तपाईं त्यहाँ तल बसिराख्नुभएको छ। अब यो ठीक भइसकेको छ; हो अँ, अब ठीक हुनेवाला हुनुहुन्छ। ऊ गत राति यहाँ थियो र आफ्नो टाउकोलाई यताउती ठोकाइरहेको थियो र अन्य सबैथोक गरिरहेको थियो; परन्तु आज राति अब ऊ एउटा ऊ भलो मानिस देखिइरहेको छ। देख्यौ ? ऊ केही कुराहरूको सन्दर्भमा दुविधामा परेको थियो; परन्तु अब सबथोक ठीक भइसकेको छ। बुझ्यौ ? सब थोक ठीक हुनेछ। बुझ्यौ ? "र, यी दिनहरूमा, सदोमलाई जलाइनुभन्दा ठीक पहिले मानिसको पुत्र प्रकट भइरहेको छ।"

२२३. "मैले कानले तेरो सुसमाचार सुनेको थिएँ, परन्तु अब मेरा आँखा तँलाई हेरिरहेका छन्। मैले सुनेको थिएँ कि येशू मसिहले यसको प्रतिज्ञा गरेका थिए; परन्तु अब म उनको प्रतिज्ञालाई पूरा हुँदै गरेको देख्दछु।" बुझ्यौ ? "मैले कानहरूले तेरो सुसमाचार सुनेको थिएँ, परन्तु अब मेरा आँखा तँलाई देख्दछन्।" कति छन् जो ऊ यहाँ भएको विश्वास गर्दछन् ?

२२४. अब जब कि हामी यहाँ छौं ... हामीलाई ढिलो भइरहेको छ। भोलि राति हामीले एउटा महान चंगाई सभा गर्नुछ। हामी उम्मेद राख्दछौं कि भाइ मुरे र म यहाँ उभिनेछौं र ती सबैको लागि प्रार्थना गर्नेछौं जो प्रार्थना पंक्तिमा हुँदै यहाँ आउने इच्छा राख्दछन्। परन्तु आज राति यस सन्देशलाई बोल्ने विचार गरेको थिएँ कि

म मानिसहरूलाई केवल अल्टर कालको लागि बोलाउने छु। परन्तु यसपछि मैले विचार गरें "होइन"। बचनमा लेखेको छ, "मैले कानले तेरो सुसमाचार सुनेको थिएँ, परन्तु अब मेरा आँखाहरू तँलाई देख्दछन्।" अब ऊ यहाँ छ। के तपाईं यसलाई विश्वास गर्नुहुन्छ ?

२२५. आउनुस्, अब हामी आफ्ना हातहरू एक अर्कामाथि राखौं। अब यो सम्झना रहोस् कि जुन परमेश्वरले यसको प्रतिज्ञा गरेको थियो, त्यस परमेश्वर यसलाई गर्नेछ, उसले भनेको थियो, "विश्वास गर्ने वालाहरूको यी चिन्ह हुनेछन्।" के उसले यो भनेको थियो के तपाईं विश्वासी हुनुहुन्छ ? यदि हो भने भन्नुस् "आमीन" ठीक जुन परमेश्वरले यसको प्रतिज्ञा गरेको थियो, उनै परमेश्वरलाई अहिले आफ्ना यी कामहरूलाई गर्दै गरेको देखेका छौं... तपाईं ती मानिसहरू मध्येबाट जोसुकैसँग पनि सोध्नुस्, मैले उनीहरूलाई (उनलाई) कहिले देखेका थिइन। म उनीहरूको विषयमा केही पनि थाहा पाउँदिन। मैले अहिलेसम्म चिन्न (जान्न) सकेको थिइन। देख्यौ ? यस्तो गर्न पाउनु मेरो लागि असम्भव थियो। परन्तु वचनलाई त पूरा हुनु नै छ। ठीक छ, यदि यो पूरा भएको छ भने यसले यो प्रदर्शित गर्दछ कि हामी अन्त समयमा रहिरहेका छौं। यसबाट हामी थाहा पाउँछौं कि मानिसको पुत्र तयार छ... आउनलाई, किनकि ऊ स्वयंलाई मानव देहमा प्रकट गरिरहेको छ। के यो ठीकै छैन त ?

२२६. तब हामीलाई थाहा छ कि यो सत्य हो र तपाईं भन्नुहुन्छ कि तपाईं त्यसमाथि विश्वास गर्नेवाला हुनुहुन्छ। तपाईं विश्वासी हुनुहुन्छ र आफ्ना आफ्ना

हातहरू एक अर्काका माथि राखिरहनुभएको छ र अब जब तपाईंले आफ्ना हातहरूलाई एकअर्काको माथि राख्नुभएको छ भने ठीक त्यही परमेश्वरको पुत्र, जो तपाईंको आँखाको अगाडि यसलाई सत्य प्रमाणित गर्नको लागि यहाँ उपस्थित छ, त्यही परमेश्वरको पुत्र यहाँनिर यो भन्दछ, "उनीहरू निको भई जानेछन् ।" जुन परमेश्वरको पुत्रले भनेको लेखलाई मैले सुनेको थिएँ कि 'विश्वासीजन विरामीहरूमाथि हात राख्देछन् र उनीहरू निको हुनेछन् ।"मैले सुनेको थिए कि त्यसै परमेश्वरको पुत्रले यसलाई गर्ने अठोट पनि गरेको छ । मैले यसलाई आफ्नो कानहरूले सुनेको थिएँ, परन्तु अब हुन पाओस् कि म यसलाई आफ्ना आँखाले हेरूँ ।

अब जब कि म प्रार्थना गर्दछु, तपाईं प्रार्थना गर्दै रहनुस् ।

२२७. स्वर्गका प्रभु परमेश्वर ! हुन पाओस् कि प्रभु येशूको नाममा तपाईंको आत्मा यी मानिसहरूको हृदयमा बर्सियोस्, ताकि परमेश्वरका विशुद्ध विश्वास यिनीहरूमाथि बाचालाई पुष्टि गरोस् । र, स्वर्गका परमेश्वर हुन पाओस् जबकि तपाईंको आज्ञालाई पालन गर्नाले उनीहरूले आफ्ना हातहरूलाई एकअर्काको माथि राखेका छन् भने यिनीहरू प्रत्येकलाई तपाईं निको पार्नुस् । प्रभु, यस्तो नै हुन पाओस् । प्रभु येशू मसीहको नाममा आफ्नो महिमाको लागि तपाईं यो प्रदान गर्नुहोस कि यस्तै नै होओस् !

२२८. अब के तपाईं विश्वास गर्नुहुन्छ कि जे तपाईंले भन्नुभएको थियो । त्यो तपाईंले भेट्टाउनु भएको छ ? के तपाईंको हृदयमा तपाईंलाई कुनै चिज यो भनिरहेको

छ ? के तपाईं भन्नुस् गरिरहनुभएको छ, "कि प्रेरणाको एउटा सानो जस्तो बिन्दु तपाईंसँग यो भनिरहेको छः यो गरिइसकेको छ। यो गरिइसकिएको छ ?"

२२९. परमेश्वरले जुन आज्ञा दिनु भएको थियो, त्यसलाई हामीले आफ्ना कानहरूबाट सुन्न पाएका थियौ, परन्तु अब हामी उसलाई आफ्ना आखाले देख्न सकदछौं। अय्युबले भनेका थियो, "मैले कानवाट तेरो सुसमाचार सुनेको थिए परन्तु अव मेरा आँखा तलाई देख्दछन।"

२३०. अब, "तपाईले यसलाई वचनबाट सुन्नु भएको थियो, तपाईले यसलाई बचनलाई सुनेकाहरूको द्वारा सुन्नु भएको थियो। विश्वास सुननेहरूवाट र सुन्नु बचनवाट हुन्छ।" अब तपाई यसलाई कियान्वित हुँदै गरेको अथवा कार्य गर्दै गरेको आफ्ना आँखाले देख्नु हुन्छ। जब यी सबै कुराहरू हुनुलाई थियो, जो उनै परमेश्वरले भनेका थिए, "विश्वासी जन विमारीहरूमाथि हात राख्ने छन् र उीनहरू निको हुने छन्।" के यो कुरो तपाईको हृदय (मनमा) गडेका छ कि तपाई निको (चंगा) हुनु भएको छ ! यदि यस्तो भएको भने तपाई आफ्ना हातहरूलाई माथि उठाउनुस् र भन्नोस्, "आमीन।" यो वास्तविक प्रेरितिक चंगाई (निको हुनु) हो। के तपाई यो थाहा पाउनु (जान्नु) हुन्छ ! तपाई यसलाई पूरा हृदयदेखि विश्वास गर्नुहोस। हाल्लिलूयाह ! यही नै गर्नको लागि हामी सबैको आवश्यकता छ। आउनुस् हामी आफ्ना खुट्टामा उभियौं र उसको स्तुति गरौं।

२३१. धन्यवाद, प्रभु येशू " ! प्रभुको नाम स्तुति होस्।

म उसको स्तुति गर्ने छु , म उसको स्तुति गर्ने छु सबै मानिसहरू त्यस मेमनेको स्तुति गर, जो पापीहरूका लागि बध भएको थियो सबै मानिसहरू त्यस मेमनेलाई महिमा देओं, जो पापीहरूको लागि बध भयो, सबै मानिसहरू त्यसको स्तुति गर, किन कि उसको रगतले हर एक (प्रत्यक) दाग (धब्बा) हरूलाई धोइदियो ।

२३२. के तपाई उससँग प्रेम गर्नु हुन्छ ! आउनुस्, अब हामी सबै मिलेर (सबै मानिस) उसलाई महिमा दिउँ । अब हेर्नुस्, यदि तपाईलाई परमेश्वरको द्वारा त्यस श्रोतभित्रबाट हुँदै यो कुरो प्रकट गरिएको छ कि "तपाईको उद्धार भएको छ, त्यस श्रोताको द्वारा परमेश्वरले अचयूब र अरू भविष्यवक्ताहरूमा कार्य गरे र त्यसै श्रोतको द्वारा परमेश्वरले तपाईभित्र मसीही हुनुको (भएको) नाताले आफ्नो दिव्य प्रकाशनको द्वारा कार्य गरेका छन् कि तपाई चंगा (निको) भैसक्नुभएको छ भने केही पनि यस्तो छैन यसलाई हुनुबाट रोक्न सकोस् ।

अत: हामी उसलाई महिमा दिँउ, सबै मानिसले उसलाई महीमा देओं किन कि उसको रगतले प्रत्येक दागलाई धोइदिएको छ, (हरएक सन्देशलाई, हरएक शंकालाई धोई दिएका छ) म उसको स्तुति गर्नेछु, म उसको म उसको स्तुति गर्नेछु, सबै मानिसहरू त्यस मेमनको स्तुति गर, जो पापीहरूको लागि बगेको, किन कि उसको रगतले प्रत्येक दागहरूलाई धोइदियो ।

२३३. ओहो, के तपाई उससँग प्रेम गर्नु हुन्न ! ओहो के नै (कस्तो) वक्तव्य हो ! "प्रभु मैले कानहरूबाट तेरो सुसमाचार सुनेको थिएँ, र विश्वास सुन्नाले आउँछ

(हुन्छ) : परन्तु अब म देख्दछु कि जस्तो परमेश्वरले स्वयंलाई अब्राहाम माथि प्रकट गरेका थिए, त्यसरी नै उ त्यस प्रतिज्ञाको द्वारा कि जब संसार सदोमी हालतमा हुने छ तब मनुष्यको पुत्र स्वयलाई प्रकट गर्ने छ, आफ्नो पहिचान आफ्ना मानिसहरूको माझ प्रकट गराइरहेको छ ।"

२३५. र, त्यहाँ सदोममा एउटा डिनोमिनेसनल (नामधारी स्थायी) समूह थियो र विली ग्राहम र ओरल रोबर्ट त्यहाँ गएका थिए र सम्झनुस्, जस्तो तपाईंलाई मैले बताएको छु कि यस वर्तमान समयको अतिरिक्त चर्चहरूको इतिहासमा कहींनिर पनि यो भेटिँदैन कि कहिले पनि कुनै यस्तो दूत संसारमा गिर्जाहरूमा पठाइएको होस् जसको नामको अन्तमा अब्राहाम जस्तो हाम (H-a-m) आओस् । (G-r-a-h-a-m) (ग्राहम) शब्दमा छ अंक छन्, यो संसारलाई दिइएको छ, यो (छ:) मानिसको अंक हो ।

२३६. परन्तु अब्राहाम (A-b-r-a-h-a-m) को नाममा सात अंक थिए, जो परमेश्वरको सिद्धतालाई दर्शाउँछ । यो अंक सिद्धताको हो । बुझ्यौ ?

२३७. र ध्यान दिनुस् ती दूतहरू जो त्यहाँ गएका थिए, के गरेका थिए, उनीहरूले वचनलाई प्रचार गरेका थिए, मानिसहरूलाई बाहिर बोलाएका थिए र प्रायश्चित गर्नको लागि भनेका थिए ।

२३८. परन्तु ती मध्ये एउटा थियो जो अब्राहामसँगै बसेको थियो । बुझ्यौ ? र, उसले अब्राहमलाई यो बताएर कि उसको पछाडि तम्बुमा बसेका सारा व्यक्ति सोचिरहेका थिए र के गरिरहेका थिए, आश्चर्य कर्म गरेका थिए र

येशू जुन कि यसमा थियो, उसले भनेको थियो, “जब संसार त्यस्तै नै सदोमी अवस्थामा हुनेछ (भई जानेछ, जस्तो उसको हालत तब (त्यसबेला) थियो, भने मनुष्यको पुत्र फेरि प्रकट हुनेछ।” र, अन्य सबै वचन यसलाई पुष्टि गरिरहेका छन् कि अब यस्तै नै हो। आदिमा थियो (मण्डली भन्दछ “बचन” -सम्पा.) “र वचन” (मण्डली भन्दछ, “परमेश्वरसँग थियो -सम्पा.) र बचन देहधारी भयो र उसले हामीहरूको बीचमा डेरा गऱ्यो।” के यो ठीक हो ? र अब हामी देख्दछौं कि त्यही प्रतिज्ञाहरूलाई गरिएको बचन जसमा आजको लागि सबै पतिज्ञाहरूलाई गएिको छ, जुन लूकाको पुस्तकमा छ, जो मलाकीको पुस्तकमा छ, देहधारी भएको छ र हाम्रो बीचमा डेरा गरेको छ। हामीले यसलाई आफ्ना कानहरूले सुनेका थियौं, परन्तु हामी आफ्ना आँखाले उसलाई स्वयं आफ्नो वचनलाई अनुवाद गर्दै गरेको देख्दछौं। हामीलाई कुनै मानिसको अनुवादको कुनै आवश्यकता छैन। ओहो, परमेश्वरको कलिसिया, जो यहाँनिर छ र जो यसलाई टेलिफोन पद्धतिको माध्यमबाट सुनिरहेकी छ, योभन्दा अगाडि नै सारै ढिलो होस्, तँ छिटो नै बिउँझिजा।

म उससँग प्रेम गर्दछु, म उससँग प्रेम गर्दछु

किनकि उसले पहिले मसँग प्रेम गऱ्यो,

र किनी लियो मेरो उद्धारलाई

कलवरीको क्रुसमाथि।

२३९. कलिसिया ! के तपाईं सोच्न सक्नुहुन्छ कि तपाईं आफ्ना आँखाले देखिरहनुभएको छ... परमेश्वरका जीवित बचन प्रकट भइरहेका छन (अन्त समयको लागि

परमेश्वरको प्रतिज्ञाको प्रकटीकरण भएको छ) तपाईं आफ्ना आँखाहरूले देख्नुहुन्छ कि जीवित वचन भौतिक रूपमा प्रकट भएको छ, परमेश्वर हामीहरू मध्येमा हुनुहुन्छ ? जसको विषयमा मैले सुनेको थिएँ कि उसले यो गर्नेछ, म उसलाई आफ्ना आँखाहरूले देख्दछु ।" सबै प्राचीन सन्त यस दिनको बाटो हेरिरहेका थिए, परन्तु अब हामी आफ्ना आँखाले यसलाई प्रकट हुँदै गरेको देख्दछौं ।

कति पुरानो मेथोडिस्ट, बैप्टिस्ट र आफ्नो युगको वास्तविक, पेन्टिकोस्टल विरुद्ध घटित हुनेवाला छ । परमेश्वरलाई पुकार गरिरहेका थिए । कतिलाई थाहा थियो जो हुनेवाला छ आज राति हामी यहाँ खडा भएर देख्नेछौं, के टपाई यसलाई प्रेम गर्नुहुन्न ?

२४०. येशूले भन्नुभयो "यति तिमीहरुले आपसमा प्रेम गऱ्यो भने मानिसहरुले थाहा पाउने छन् तिमीहरु मेरा चेला हौ" अब जब हामी उसलाई प्रेम गर्छौं, आउनुहोस् हामी मिलेर गाऔ र उहाँको स्तुति गरौं म उहाँको स्तुति गर्छु । ठीक छ म उहाँको स्तुति गर्छु, म उहाँको स्तुति गर्छु, सबै उहाँको मेमनेको स्तुति गर जो पापीको लागि बध भएको छ । सब मानिस उहाँको मेमनेको महिमा गर (तपाई कसरी उहाँलाई महिमा दिनुहुन्छ) किनकि उहाँको रगतले हरेक दागलाई धोएको छ ।

२४१. त्यो रात बेलशस्सरको रानीले राजाको सामुन्य के भने "तिमी राज्यमा एक त्यस्तो पुरुपा छ जसले तिम्रो सन्देहलाई टाढा गरिदिनेछन् ।" आज राति पवित्र आत्मा सन्देहलाई दूर गर्नेवाला छ । के तपाई यसलाई विश्वास गर्नेवाला हुनुहुन्छ ? (ब्रदर ब्रान्हाम कसैसँग कुरा गर्दै

सम्पा) पवित्र आत्मा सन्देहलार्य दूर गर्नेवाला हुनुहुन्छ। मसिहको रगत हरेक धब्बा, सन्देहको धब्बालाई दूर गरिदिन्छ। यस संसारमा विश्वास भन्दा ठूलो कुनै पाप छैन। जसले उहाँ माथि विश्वास गर्छन् नास हुँदैन। ऊ पहिलेदेखि नै बचाइएको छ। के यो ठीक छ ? जसले उहाँमापथि विश्वास गर्छ नास हुने छैन। केवल एक पाप छ र त्यो अविश्वास हो। धुम्रपान गर्नु पाप होइन स्राप देना अथवा राम्रो नराम्रो कुरा गर्नु पाप होइन व्यभिचार गर्नु पाप होइन, झुठ बोल्नु पाप होइन, यो पाप होइन यी सब अविश्वासका परिणाम हुन्। तपाई यी सब यसकारण गर्नुहुन्छ किनकि तपाई विश्वास गर्नु हुँदैन। यदि तपाई यसको विश्वास गर्ने भए तपाईले गर्नु नै हुने थिए।

१४२. ओह ! ओह ! कति... अदभूत। मेमनेको रगत रहेक सन्देहलाई धुने छ। हामी हृदयको गहिराईदेखि उसको बचन विश्वास गर्छौं। हामी विश्वास गर्छौं कि बचन देहधारी भएको थियो र हामी विश्वास गर्छौं कि आफ्नो बचन पुष्टि गर्ने आफ्नो उपस्थितिको प्रकटीकरणद्वारा देहधारी भएको हो के तपाई यसलाई विश्वास गर्नुहुन्छ ? परमेश्वरले तपाईलाई आशिष देउन।

१४३. हामी भोलि बिहान परमेश्वरमा एक महान बिहान देख्नका लागि हामी सबै यहाँ आउने आशा गर्छौं र आउनुहोस् अब हामी आ-आफ्ना शीर झुकाऔं। अब म यो सभाको संचालन भाइ लिङ्सेको हातमा सुम्पन्छु।

VOICE OF GOD RECORDINGS INC.

India Office

28, Shenoy Road Nungambakkam, Chennai 600 034 S. India
Phone 827 - 4560 ❑ Fax 44 - 8256970

# Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.


For more information or for other available material, please contact:


Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org